# प्रजातन्त्रको मिर्मिरेमा
## (मुख्यमन्त्री श्री पवन चामलिङका विचारहरू)

खण्ड-दुइ

सम्पादक
वीरू वाङ्देल

प्रकाशक
सी० बी० कार्की

**प्रजातन्त्रको मिर्मिरेमा**
मुख्यमन्त्री श्री पवन चामलिङका विचारहरू

खण्ड-दुइ

**PRAJATANTRA KO MIRMIREMA**
(Selected Speeches of Shri Pawan Chamling,
Chief Minister of Skim
Edited by Beeru Bangdel)
(In Nepali)

प्रथम संस्करण, १०,००० प्रति मार्च १९९७
मूल्य रू० १००/-
लेजर सेटिङ : मेमोरी विजन, सिलगढ़ी
मुद्रक -: दास प्रिन्टर्स, सिलगढ़ी

पार्टीका ग्रामीण स्तरका कार्यकर्त्ताहरूदेखि लिएर केन्द्रीय अध्यक्षसम्मले सिक्किम र सिक्किमने जनताको हितलाई सर्वोच्च प्राथमिकता दिनुपर्दछ त्यो हित पूरा गर्ने भएकोले हामीले दोस्रो प्राथमिकता पार्टीलाई सुदृढ़ बनाउने कामलाई दिनु पर्दछ। सत्ताको प्रश्न त त्यसपछि मात्र आउँछ। यी सबका अगाड़ि हाम्रा निजी स्वार्थहरू केही होइनन् र तुच्छ छन्।

**पवन चामलिङ,**

अध्यक्ष, सिक्किम डेमोक्रेटिक फ्रण्ट

# पूर्व कथन

सिक्किमे सामाजिक परिवेशको मौलिकताभित्र निहीत विकासका समस्त सम्भावनाहरूलाई उत्खनन् गरी तिनको सर्वोच्च विकास गराउने सपना एवं लिई सरकारी सीमामा अहोरात्र संघर्ष गरिराख्नु भएका श्री पवन चामलिङ्का विचारहरूको दोस्रो खण्ड प्रकाशित गरिंदैछ। पहिलो खण्डको सरह नै यस खण्डमा पनि दोहोरिएका कुराहरूलाई एकाध ठाउँमा छिमल्ने कामबाहेक अरू

यथावत राख्ने काम गरिइएको छ। यस खण्डलाई - अधिल्लो खण्ड झैं- भाषणमा सिमीत नगरेर यसमा अन्तवार्ताहरू पनि संकलित गरिइएका छन्। यस खण्डमा अन्तर्वार्ताहरूको समावेशनले विचारको सम्प्रेषणीयता अरू प्रबल होला भनेर आशा हामीले साँचेका छौं। अन्तर्वार्ता खण्डमा सम्पादकको काम संकलकसम्म मात्रै सिमीत राख्ने सोंचले काम शुरू गरिइएको भए तापनि कतिपय गम्भीर गल्तिहरूका कारण सम्पादन समेत गर्नु परेको छ।

जुन-जुन पत्र-पत्रिकाबाट अन्तर्वार्ताहरू जुटाइएका छन्, तिनका सम्पादक तथा अन्तर्वार्ताकारहरूलाई धन्यवाद ज्ञापन गर्दछौं।

पहिलो खण्डले जस्तै यस खण्डले पनि पाठकहरूको न्यानो स्वागत पाउने कुरामा आशावादी छौं।

- वीरू बाङ्देल

## अन्याय र अत्याचारको
## विरूद्ध जनशक्तिलाई परिचालन गरौं!

*सिक्किम डेमोक्रेटिक फ्रण्टको सरकार गठन भई जनपक्षीय नीति र शुरू भएको दुइवर्ष पूरा हुन लाग्दा पार्टी अध्यक्ष श्री पवन चामलिङले "प्रजातन्त्रका निम्ति मरिमेट्ने शपथ खाएखआ आफ्ना साथीहरूलाई" गर्नु भएको सम्बोधन हो यो। जनपक्षीय नीति र कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रमा पार्टी कार्यकर्त्ता एवं पदाधिकारीहरूमा देखिएको उदासीन मनोभव तथआ उत्साहको कमीबाट पार्टीलाई उद्धार गरेर आन्दोलन ताकाको जोश, जनपक्षधरता र कटिवद्धतालाई पुनः आत्मसात गर्ने र पार्टीलाई व्यवहारिक रूपमै जीवन्त पार्ने आव्हान अध्यक्षले यहाँ गर्नु भयोको छ। यस सम्बोधनमा अध्यक्षले पार्टी कर्मीहरूलाई आफ्ना व्यवहारिक कमी-कमजोरीहरूप्रति आत्म-निरीक्षण गर्ने आव्हान गर्नु हुँदै पार्टी र सरकारमाथि जनताका काम गर्दा आइपरेका कठिनाइँ एवं तिनका समाधानका निर्देशनात्मक रूपरेखा प्रस्तुत गर्नु भएको छ।*

*- सम्पादक*

प्रिय साथी,

गाउँ-घरमा बुढ़ा-पाकाहरू भन्छन्, उकालो हिंड्दा चढ़िसकेकोतिर फर्केर हेर्नुपर्छ। त्यसे अझ माथि जाने जाँगर र शक्ति थपिन्छ। हामीले सरकार गठन गरेको पनि दुइवर्ष पुरा हुन लागेछ। एकपटक पछाड़ि फर्केर हेरौं न ल?

तपाईंलाई त थाहै छ, जतिखेर हाम्रो प्यारो सिक्किममा शोषक-अत्याचारी र अन्यायीहरूको जग्जगी छाएको थियो, त्यतिबेला हामीले गरीब, निमुखा र अत्याचारको जाँतोमुनि पिंधिएका तमाम जनताका निम्ति काम लग्ने, तिनीहरूलाई बाटो देखाउने सिद्धान्त अँगालेर जनमुखी नीति तयार पारेका थियौं। त्यही नीतिमा अड़ेको पार्टी गठन गर्नुपर्छ भन्ने सल्लाह अनुसार सिक्किम डेमोक्रेटिक फ्रण्टको गठन भएको हो।

हाम्रो पार्टीले आफ्ना जनपक्षीय नीति र कार्यक्रम व्यापक जनतामा प्रचार गर्न थालेपछि त्यतिबेलाको सरकारले हाम्रो पार्टी र नेतृत्वलाई कलिलैमा निमोठ्न के गर्न पो बाँकी राख्यो र! शोषक, अत्याचारी अनि तिनका कुरामा लट्पटिएकाहरूले त्यतिबेला हामीलाई आँखा तरेर हेर्ने गर्दथे। तर भोका-नाङ्गा खटिखाने जनता; ती जनताका भलो चिताउने लेखक, कलाकार, शिक्षक, डाक्टर, वकिल, बुद्धिजीवी; सिक्किमलाई आफ्नो ठान्ने व्यापरीहरू तथा सिक्किम र सिक्किमे जनतालाई माया गर्ने कर्मचारीहरू समेतले हामीलाई ती दुःखका दिनमा सघाएका थिए। साथी, हामीसँग रूपियाँ-पैसा पनि त थिएन। गाउँ-बस्तीका जनताले न्यानो मायासहित दिएका मकै, र फिका चिया खाएर हामीले पार्टी संगठन गरेका थियौं; तर महँगो होटलमा दामी लुगा लगाएर कुखुराको फिलो चिथोर्दै रक्सी घोक्नेहरूलाई हामीले त्यस्तै खाएर भएपनि जनताको अदालतमा चुनावमा पछारेरै छोड्यौं। हाम्ो त्यो शक्तिको केन्द्र र जनविरोधीको त्यो कमजोरीका कारणलाई हामीले चाँड़ै बिर्सनु हुन्न, हामीले कदाचित बिर्सनु हुन्न।

पार्टी सरकारमा पुगेपछि यो गरीबको सरकारले जनता, विशेषतः गरीब सिक्किमको निम्ति साँझ-बिहान दुइ-छाक खान पाउन्; उनीहरूले पनि एकसरो आङ ढाक्ने लुगा लगाउन पाउन्; दुःख-बिमार, साह्रो गाह्रो पर्दा झट्टै सरकारबाट सहायता उपलब्ध होस् भन्ने उद्देश्यले नीति र कार्यक्रमहरू निर्माण गर्‍यो/नियम बनायो। जनतालाई तत्काल राहत दिने फाइदा पुर्‍याउने यी

कार्यक्रमहरूसँगै दीर्घ कालमा सिक्किम एवं सिक्किमे जनतालाई आत्मनिर्भर, सुखी एवं सम्पन्न बनाउने कार्यक्रम एवं नीतिहरू पनि तय गरिइए। यो नीति निर्माण गर्ने काम हुनसाथ शोषक पार्टीका नेता र तिनका मतियारहरू खपिनस्कनु भएर छट्पटाए। हाम्रा विरूद्ध भए-नभएका झुट्टा आरोपहरू लगाउन थाले। उता जनतामा भने 'अब हाम्रो पनि दिन आएछ' भन्ने आशा र उत्साह जाग्यो। तर साथी, आज हामीले छात्तीमा हात राखेर भनौं त के हाम्रा जनमुखी नीतिहरू सही प्रकारले व्यवहारमा लागू भएको छ?

म साथीहरूलाई पुनःस्मरण गराउन चाहन्छु कि मेरो निम्ति राजनीति भनेको जनतालाई छलछाम गरेर सत्तामा चढ्नु होइन। जनताप्रति इमान्दार हुनु, भइरहनु र जीवनभरि जनताको पक्षमा लड्नु नै मेरो राजनीतिको केन्द्रीय उद्देश्य हो। त्यसैले यो यथार्थ कबोल्नै पर्छ कि हामीले जनताका निम्ति जनपक्षीय नीति र कार्यक्रमहरूको घोषणा त गर्‍यौं, तर ती मध्ये कतिपय योजना र कार्यक्रमहरू व्यवहारमा लागू भइरहेका छैनन्। नयाँ, सुखी, समृद्ध र समानताले भरिएको सिक्किम बनाउने महान उद्देश्य लिएर हिंड़ेको पार्टीका हामी कर्मीहरूले कुन कुरालाई भित्री ह्रदयदेखि नै महसुस गर्नु पर्दछ भने यी जनमुखी नीतिहरू कार्यरूपमा उतार्ने पहिलो जिम्मेवारी हाम्रो हो। एउटा सही जनपक्षीय नीति पनि व्यवहारमा लागू हँदैन भने "ल्हासामा सुन छ, काम मेरो बुच्चै" भने जस्तै त भयो। त्यसैले किन हाम्रा नीतिहरू पूर्ण रूपमा व्यवहारमा लागू भइरहेका छैनन्, भन्ने विषयमा आत्म-निरीक्षण गरौं।

(क) सरकार त फेरियो, शोषक पार्टीको ठाउँमा सिक्किमे जनताको सच्चा प्रतिनिधि पार्टी सरकारमा पुग्‌यो, तर सम्पूर्ण सरकारी यन्त्र त पुरानै रह्यो। "जनतालाई यी-यी फाइदाहरू पुर्‍याउने" भन्ने निर्णय गर्ने ठाउँमा त हामी पुग्यौं, तर त्यो हात-हातै लगेर जनता पुर्‍याउनेहरू त पुरानै छ र त्यसलाई सरकार फेरे जस्तो फेरिहाल्न पनि सकिंदैन। मुहानमा त हाममी पुग्यौं तर कुलो पुरानै छ - ठाउँ-ठाउँमा भ्याङ परेको, जथाभावी चुहुने। यही हालतमा पनि प्रशासनलाई जे-जसरी चलाउन सकिन्थ्यो, त्यसरी नै चलाउँदैछौं र जति सक्दो जनताका कामहरू गर्दैछौं, त्यो सबैलाई थाहा भएकै कुरा हो।

लामो समयसम्म सत्तामा बसेर जनताको रगत-पसिनामा मौज-मज्जा गर्नेहरू सत्ताबाट फ्याँकिएपछि झन् उग्र बनेर जनताका विरूद्ध आइलागे। यसरी एकातिर हामीलाई अत्याचारीहरूसँग लड्नु पर्‍यो भने अर्कोतिर नयाँको थालनी गर्नु पर्ने चुनौति पनि हाम्रो अगाड़ी थियो। पुरानो शासनमा भ्रष्टचार कानूनभन्दा दह्रो बनेर झ्याङ्गिएको थियो। हामीले भ्रष्टचार मास्ने घोषणा मात्र के गरेका थियौं, सारा भ्रष्टचारीहरूले हाम्रा विरूद्धमा जाल बुन्न शुरू गरे। यी तमाम समस्याले गर्दा विकासको फल जनताको घर-दैलोमा पुर्‍याउन बाधाहरू उत्पन्न भए। शोषक, जाली, अत्याचारी, भ्रष्टचारी, पाखण्डी र सामन्ती तत्वहरू जनताका विरूद्ध एकजुट भए। तिनीहरूका विरूद्ध व्यापक जनताको बलियो मोर्चा कसेर ती तत्वहरूलाई ध्वस्त गर्ने काम प्रभावकारी ढंगले सञ्चालन गर्न हामीले कम्मर कस्न पर्छ।

(ख) जनताको अज्ञानता पनि हाम्रो प्रगतिको बाटोमा पहाड़ बनेर उभिएको छ। शताब्दीऔंदेखि सामन्ती राजसत्ता अन्तर्गत दबेर आएका जनताले सिक्किम भारतको प्रवेश भएपछि अझ उग्र तानाशाही शासनको चपेटमा बाँच्न बाध्य हुनु पर्‍यो। त्यसैले अपार ज्ञान र विपुल शक्तिको भण्डार आफूभित्र भएर पनि आफ्नो नाभीको वीनाबाट आउने बासनाको खोजमा शक्ति नचिनेर कुर्सीमा बस्नेहरूलाई सर्वशक्तिमान ठानिरहे। सिक्किम हाम्रो हो र हामी सिक्किमका साझा मालिक हौं भन्ने भावना अझ जागृत भइसकेको छैन। अझ यो सिक्किमको निम्ति आफूले निभाउन पर्ने जिम्मेवारीदेखि त जनता कोसौं टाड़ा छन्।

(ग) गरीबी, अशिक्षा, भोक र रोगबाट जनतामा आफै-आफ चेतना आउँदैन। जनतालाई सचेत र संगठीत पार्ने अभिभारा त एस० डी० एफ० — का नेता र कार्यकर्त्ताको काँधमा आएको छ। व्यापक जनताको बीचमा जाने, उनीहरूलाई राजनीतिक रूपमा सचेत र संगठित पार्ने कामलाई बेवास्ता गरेर हामी हाम्रो निजी दुनो सोझ्याउने काममा मात्र अल्झिबस्यौं भने सिक्किमले प्रगति गर्न सक्ने छैन। यस पार्टीका ग्रामीण स्तरका कार्यकर्त्ताहरूदेखि लिएर केन्द्रीय अध्यक्षसम्मले सिक्किम र सिक्किमे जनताको हितलाई सर्वोच्च प्राथमिकता दिनुपर्दछ। त्यो हित गर्ने पार्टी भएकोले हामीले दोस्रो प्राथमिकता पार्टीलाई सदृढ़ बनाउने कामलाई दिनु पर्दछ। सत्ताको प्रश्न त त्यसपछि मात्र आउँछ। यी सबका अगाड़ि हाम्रा निजी

स्वार्थहरू केही होइनन् र तुच्छ छन्। समूहको हित भनेको सबै व्यक्तिको हित न हो। सुखी सिक्किम भनेको हामी सबै सुखी भएको सिक्किम नै त हो!

(घ) आफूभन्दा सामाजिक-आर्थिक रूपले पछाड़िएका सिक्किमेले सहुलियत पाउँदा 'पाउनै पर्ने पायो' भनेर खुशी हुनुको सट्टा त्यसले पायो मैले केही पाइनँ भनेर तीन फुट उफ्रिने चलन हामीकहाँ पाइन्छ। आफूभन्दा तल्ला स्तरकालाई सहयोग गर्नुको सट्टा तान्ने वेहोरा जनताको प्रगतिको बाटोमा तगारो बनेर तेर्सिएको छ।

(ङ) सीप र प्रविधि (Skill & Technique) हासिल गर्नमा होड़ गरेर स्वावलम्बी बन्नको सट्टा केवल जागीर र ठिकालिघाको कमिशन पछाड़ि दौड़ने पुरानो प्रथा परम्परा बनेर अझै पनि अगाड़ि बढ़न खोज्दैछ। युवाहरूमा व्याप्त यो कमजोरी अझै हट्न सकेको छैन। जीवन-मरण सिक्किम नै भएका कतिपय व्यापारीहरूले सिक्किमलाई आफ्नो नठानिदिंदै पनि हाम्रा विकासका कार्यहरूमा गतिरोध उत्पन्न गराएको छ।

(च) चरित्र नै सबैभन्दा ठूलो र महत्वपूर्ण कुरा हो भन्ने तथ्यलाई अझै पनि हामीले बुझेका छैनौं।

मुख्यतः उपरोक्त कारणहरूले गर्दा नै हामीले जनपक्षीय नीति अप्नाउँदै-अप्नाउँदै पनि चाहे जस्तो फल जनतासम्म सही ढंगले पुग्न सकेको छैन भन्ने मलाई लागेको ।

प्रिय सहयोद्धा,

वर्त्तमान स्थिति र समस्यहरूका सम्बन्धमा आफ्नो विचार मैले माथि प्रस्तुत गरें। अब म यी समस्याहरूका समाधान गर्ने दिशामा आफ्ना सुझावहरू राख्न चाहन्छु।

(क) जनता सचेत र संगठित नभएसम्म जतिसुकै जनमुखी नीति र कार्यक्रम भए पनि जनताले अन्याय एवं अत्याचारबाट मुक्ति पाउन सक्दैनन्। त्यसका निम्ति पार्टीका अध्यक्षदेखि लिएर सम्पूर्ण तहका कार्यकर्त्ताले जनतालाई सचेत र संगठित बनाउने प्रयत्न चाल्नु पर्दछ।

(ख) जनतालाई सचेत र संगठित बनाउन चिल्लो कुरा गरेर पनि हुँदैन, ठूलो भाषण सुनाएर पनि हुँदैन। जीवनमा हामी स्वयंले जनपक्षीय नीतिलाई लागू गरेर देखाउ जरूरी छ। जनतालाई "धैर्य गर्नुहोस्" भन्ने सल्लाह दिए आफू चाहिं कमाउने रेसमा फाल तोड्ने नेता र कार्यकर्त्ताका कुरा जनताले पत्याउँदैनन्।

## मोर्चा-मोर्चा डटेर
## मानवीय कर्त्तव्य पूरा गरौं

देशले स्वाधीनता आर्जन गरेको पचासौं वार्षिकीको उपलक्ष्यमा मुख्यमन्त्री श्री पवन चामलिङले पाल्जर नाम्ग्याल रंगशालामा गान्तोक आयोजित समारोहलाई सम्बोधन गर्नु भएको वक्तव्यलाई यस नामा प्रकाशित गरिंदैछ। सम्बोधनको क्रमा उहाँले स्वाधीनता एवं मुक्तिको मूल-मर्मलाई स्पष्ट पार्नुहुँदै भारतको वास्तविक मुक्तिको दिशामा अद्यापि निरन्तर काम गर्नु पर्ने आवश्यक्ता तर्फ जोर दिनु भएको छ। सम्बोधन संकलनीय यस अर्थमा पनि हुन गएको छ कि राष्ट्रिय राजनीतिको घोर आशाहीनता र दिशाविहीनतालाई चिर्दै यहाँ सच्चा, इमान्दार, देश प्रेमी र प्रजातान्त्रिक शक्तिहरूलाई एक मुष्ट बन्ने अपील तथा जनविरोधी कित्ताको राजनीतिद्वारा चलाइएको हाली-मुहालीलाई प्रतिकार एवं परास्त गर्ने आशामय आव्हान गरिइएको छ।

- सम्पादक

आदरणीय सिक्किमे जन-समुदाय,

सर्वप्रथम, स्वाधीनता दिवस १९९६ को उपलक्ष्यमा यहाँहरूपर्ति वधाई एवं आन्तरिक शुभेच्छा ज्ञापन गर्दछु।

लामो एवं स्वाधीन संघर्ष र आत्मत्यागी बलिदानको अथक प्रयासपछि देश स्वाधीन भएको आज ५० वर्ष पुग्दैछ। हजारौं-हजार वर्षको इतिहासमा भारतीय जनताको सबभन्दा विराट र प्रगाढ़ एकता, विपुल उत्साह र मुक्तिको अदम्य इच्छा सर्वाधिक प्रबल रूपमा मुखरित भएको यस महान दिनमा आफ्ना सह-नागरिकहरूमा हार्दिक र न्यानो अभिनन्दन चढ़ाउन चाहन्छु।

आजको यो महान दिनलाई केवल औपचारिकताको लागि पालन गर्ने परिपाटीसँगको आफ्नो घोर असहमति म पहिले नै स्पष्ट गर्न चाहन्छु। मुक्तिको यो महान पर्व आज र आउने सैयौं वर्षको निम्ति पनि मुक्ति, शान्ति, स्वतन्त्रता र समानताका लागि गरिइने संघर्षको निम्ति प्रेरणा बनिरहने विश्वास विनम्रतापूर्वक जाहेर गर्दछु।

सिक्किम भारतको एउटा राज्य बनेदेखि नै यो दिवस वर्षेनी बड़ो धुमधामले नमाइँदै आएको छ। तर मुक्तिको मर्म र आवश्यकतालाई पन्छाएर गरिइने ताम-झामले यो दिनको महत्तालाई ओझेलमा पारिदिन्छ भन्ने सच्चाइप्रति गम्भीर हुन हाम्रा पूर्व नेताहरूले आग्रह राखे जस्तो लाग्दैन। त्यसैले आज म तपाईंहरूसँग विनम्रतापूर्वक के कुराको आव्हान गर्न चाहन्छु भने सड़कको ताम-झाम र बाहिरी सिंगार-पटारमा मात्र केन्द्रित नभएर यस दिनको महत्तालाई आन्तरिक ह्रदयबाट ग्रहण गरी प्रेरणा लिने प्रयत्न सबैले गरौं।

हाम्रो विशाल देशमा चलेका स्वतन्त्रता संग्रामका लहरहरूले विश्वको ठूलो भूखण्डलाई प्रभावित गर्ने गरेको इतिहास छ। त्यसै गरेर विश्वका अन्यान्य भू-भागहरूमा चलेका संघर्षहरूले पनि भारतलाई प्रभावित गर्ने गरेको छ। त्यसैले आज मलाई दुनियाँभरिका संघर्षका बलिदानपूर्ण संघर्षहरूका स्मरण भइरहेको छ। साथ-साथै ती आन्दोलन र संघर्षका महान भट्टीबाट खारिएर, तपेर निस्केका महान नेताहरूलाई पनि म ससम्मान सम्झिरहेछु। आफ्ना सह-नागरिकहरूकै लाममा उभिएर म संसारका ती वीरतापूर्ण क्रान्ति र ती क्रान्तिलाई अगुवाई गर्ने नेतृत्वलाई जुझारू सलाम टक्राउँदछु।

युगको आवाज र दुनियाको चाहनालाई कुल्चेर र राज गर्ने साम्राज्यवाद, उपनिदेशवाद र घरभित्रका प्रतिक्रियावादसँग सम्झौताहीन संघर्ष गरेर दुनियाँभरिका जनतालाई मुक्तिको निम्ति प्रेरित गर्ने कर्मवीरहरू साँच्चै नै सम्मानका हकदार हुन्। उनीहरूका जीवन र कर्मबाट प्राप्त हुने प्रेरणालाई न त राज्यको सीमाले छेक्न सक्यो, न त जात र वर्णका योत्रा कुराहरूले नै पुर्न सक्यो। त्यसैले त हो अमेरिकाको स्वतन्त्रता संग्रामका महान सेनानी जर्ज वासिङ्टनदेखि लिएर धनूष र तीरको कमान सम्हालेर अंग्रेजी साम्राज्यवादसँग टक्कर लिने आदिवासी नेता वीरशा मुण्डासम्म सबै-सबैले नै हामीलाई दुःख र कष्टहरूसँग विचलित नबनेर जनताका निम्ति काम गर्न प्रेरित गरेका छन्।

एउटा कुरो भने निश्चित हो कि भारतीय उप-महाद्वीप गान्धीजीबाट जति प्रभावित भयो त्यति अरू कसैबाट भएको छैन। संसारका धेरै बुद्धिजीवीहरू पहिले यस कुराबाट छक्क थिए कि दुनियाँको प्राचीन सभ्यताले बास गरेको विशाल भारत देश कसरी बेलायत जस्तो सानो टापुको गुलाम बन्न पुग्यो! पछि त्यस्ता धेरै विद्वानहरू यो कुराको मेसो नपाएर छक्क परे कि आधुनिक हात-हतियारले सुसज्जित तत्कालीन विश्वको सबभन्दा शक्तिशाली भनिने अंग्रेजसँग चार हात कपड़ाको धोति उभिएका निहत्था गान्धी कसरी टक्कर लिंदैछन्! यी बेजोड़ व्यक्तिको धनी गान्धीको चर्चा बिना भारतीय स्वतन्त्रता संग्रामको इतिहास अधुरो रहने हुँदै उनको चर्चा र साथमा स्वतन्त्रताको महत्ताको पनि चर्चा गर्नु सान्दर्भिक हुनेछ।

साम्राज्यवादी शोषणले एउटा देशलाई कति निर्धन बनाइदिन्छ भन्ने बुझ्न हाम्रै भारतको इतिहास पनि काफी हुन्छ। त्यस्तै, पराधीन बनेको मुलुकको जनताको चिन्तन प्रणालीमा उपनिवेशवादी देशले कति गहिलो गहिरो गरी परामुखापेक्षी दास मनोवृति लादिदिन्छ भन्ने सत्य पनि हाम्रो देशको तितो वास्ताविकताले भरिएको इतिहास हेर्दा छर्लङ्ग हुन्छ। विपुल प्राकृतिक सम्पदा र विशाल मेहनती जनसंख्या भएको भारत बेलायती साम्राज्यवादको निर्मम शोषणले गर्दा यति विध्न निर्धन बन्यो कि आज स्वतन्त्रताको ५० वर्षपछि पनि हामी विकासशील देशको तुलनामा धेरै पिछाड़िएको अवस्थामा छौं। पराधीनताको कारण हाम्रो समाजको मानसिक तथा चारित्रिक जीवनमा परेका प्रभावबाट मुक्त हुनत हामीले निरन्तर वैचारि आन्दोलन

चलाउनु जरूरी छ। यी तथ्यहरूबाट स्वतन्त्रताको मूल्य र मर्म के रहेछ भन्ने सत्य प्रष्ट अगाड़ि आउँछ। यो वास्ताविकतालाई ह्रदयंगम गरेर स्वतन्त्रता संग्रामको अध्ययान गर्नु नै सबैभन्दा ठीक तरिका हो। यसरी मात्र हामीले भारतीय स्वतन्त्रता संग्रामको महत्वलाई बुझ्नेछौं र वर्तमान तथा भविष्यमा आइपर्ने कठिनाइँहरूसँग जुझ्न स्वाधीनता आन्दोलनको इतिहासबाट निरन्तर प्रेरणा प्राप्त गर्नेछौं।

विश्वभरि नै साम्राज्यवादको मौलिक चरित्र एउटै रह्यो, र साम्राज्यवादको चपेटमा परेका सबै देशले निर्मम शोषण, राष्ट्रिय, बर्बादी र चरम दमनबाच गुज्जनु पर्‌यो। तथापि बेग्ला-बेग्लै देशहरूका फरक-फरक विशिष्टताहरूका कारण तिनमा केही भिन्नताहरू भने विद्यमान रहे। त्यसैले भारतीय स्वाधीनता आन्दोलनलाई बुझ्न भारतको ऐतिहासिक विशिष्टता र स्थितिको चर्चा गर्नु सहायक हुन जानेछ भन्ने विश्वासका साथ तिनको संक्षिप्त चर्चा गर्न चाहन्छु।

मध्ययुगीन ढाँचामा घस्त्रिरहेको भारतमा प्राक-पूँजीवादी (Pre-Capitalist) विकासका सम्भावनाहरू फाटफुट देखा पर्न थालेका अवस्थामा युरोपले प्रतियोगितात्मक पूँजीवादी (Competitive Capatalist) चरणमा प्रवेश गरिसकेको थियो। यूरोपमा शुरूभएका विराज उद्योगहरूलाई कच्चा पदार्थ, सस्ता श्रमिक र कम प्रतियोगिता गर्नु पर्ने बजारको आवश्यकता महसूस भइरहेको थियो। यो आवश्यकताका कारण उपयुक्त ठाउँका निम्ति भौंतारिरहेका डच, पोर्तुगाली आदिले सर्वप्रथम भारतमा प्रवेश गरे। यूरोपको औद्योगिक होड़मा सबैलाई पछि छाड्दै अघि बड़िरहेको बेलायत यी सब कुराहरूबाट बेखबर रहने प्रश्नै थिएन। सामुद्रिक मार्ग भएको, विपुल प्राकृतिक सम्पदाले भरिएको, भारतमा एकातिर साम्राज्यवादको लोभी आँखा पर्दै थियो भने यता भारतभित्रका राजा रजौटाहरू आपसमा लड़िरहेका थिए। दरबारहरू विभिन्न गुटका आपसी षड़यन्त्र, तानातान र मार-काटको केन्द्र बनिरहेको थियो। सामन्तवादमा अन्तर्निहीत चरित्रकै कारण सतहमा अभिव्यक्त यी फूटहरूले चतूर अंग्रेजहरूलाई भारतमा प्रवेश गर्ने र क्रमशः शासन गर्ने बाटो सुगम बनाइदियो। अन्ततः पूरै भारतीय उप-महाद्वीप अंग्रेजी साम्राज्यवादको लौह प्राचिरभित्र जकड़िन पुग्यो। स्वतन्त्र राष्ट्रिय उद्योगका निम्ति बन्दै गरेका पूर्वाधारहरू विकसित युरोपेली पूँजीवादको बड़ेमान ढाँचामुनि पुरिएर गयो। अंग्रेजी साम्राज्यवादको सर्वाधिक दूरगामी प्रतिकुल प्रभाव पर्न गयो भारतीय शिक्षा र

संस्कृतिको क्षेत्रमा। अंग्रेजहरूद्वारा निर्यात गरिएको शिक्षा तथा संस्कृतिले सर्वप्रथम उच्चवर्गलाई ग्रसित पार्‍यो। समाजमा हैकम प्राप्त वर्गको हरेक राम्रा-नराम्रा कुरालाई अनुकरण गर्ने सामन्ती संस्कारव्याप्त भारतमा अंग्रेजी शिक्षा र संस्कृतिको व्यापक विस्तार भयो र त्यसले गहिरो जरा हाल्यो।

अमानवीय विचारलाई सदैव मानवीय विचारधाराले निषेध गर्न गरेको प्रयत्नको गाथा नै दुनियाको ज्ञान-धाराको इतिहास हो। यो अनवरत चल्ने धाराबाट भारत अछुतो रहने कुरा थिएन र रहेन पनि। अधिकांश शिक्षितहरू अंग्रेजी साम्राज्यवादको सेवामा जुटे पनि तिनै शिक्षित मध्येको एउटा उत्कृष्ट अंशले अंग्रेजी साम्राज्यवाद विरोधी भावनाको शंखघोष भारतमा गरे। त्यस शंखघोषले गुलामीको निद्रामा डुबेका भारतीयहरूलाई ब्यूँझाइदिने काम गर्‍यो। फलस्वरूप विभिन्न समय र स्थानमा विभिन्न रूपका अंग्रेजी साम्राज्यवाद विरोधी आन्दोलनहरू संगठित हुन थाले।

कहीं सचेत रूपमै साम्राज्यवादको विरोध भयो भने कतै स्वतःस्फूत (Spontaneous) रूपमै अंग्रेजी विरोधी भावना भड़कियो। कोही साम्राज्यवादलाई सम्पूर्ण रूपले सखाप पार्ने नीतिको पक्षमा उभिए भने कोही साम्राज्यवादप्रति अलिकति उदार बनिदिनु पर्दछ भन्ने नारासहित अगाड़ि देखा परे। कालान्तरमा गएर यो ध्रुवीकरण झन्पछि झन् तीब्र बन्न थाल्यो।

आन्दोलन अघि बढ्ने क्रममा आन्दोलन सम्बन्धी फरक-फरक तृष्टिकोण मात्र होइन, ती फरक दृष्टिकोणहरू कार्यरूपमा समेत देखा पर्न थाले। एकातिर शिष्ट र शौम्य भाषामा अंग्रेजको मन पगाल्ने स्मारक-पत्रहरू चढ़ाइँदै थियो, जसमा अंग्रेज र उनीहरूका शासन व्यवस्थाको महानताको बखान गर्दै स्वतन्त्रताको निम्ति फरियाद गरिएको थियो। खान-पान, रहन-सहन र बोल-चालमा मात्र होइन चिन्तन र चरित्रमा समेत अंग्रेजहरू आदर्श मान्ने यो धारका बहुसंख्यक प्रतिनिधिहरू उच्च कुल र वर्गका सदस्यहरू थिए। एकातिर यस्तो नरम बाटो थियो भने अर्कातिर अंग्रजी साम्राज्यवादको निर्मम दमन र शोषणबाट आकान्त बनेर विद्रोहको जंगी बाटो अप्नाउनेहरू थियो। यो बाटोका अनुयायीहरू बेलायती शासक गुट र तिनका मतियारका विरूद्ध बम र बन्दुक बोकेर जाइलाग्दै थिए।

भारतमा स्वाधीनताका पक्षधरहरूको आन्दोलन चरमतर्फ लम्किरहेको अवस्थामा नै द्वितीय विश्वयुद्धको शुरूवात भयो। साम्राज्यवादी लुटपाटको निम्ति अपरिहार्य यो युद्धमा बेलायतले जितेर पनि हार्‌यो। बेलायतको हालत त्यस्तो शिकारी कुकुरको जस्जो भयो जसले शिकार त मार्‌यो तर त्यही क्रममा उ यति घायल र अशक्त भयो कि अब मरेको शिकार खाने ल्याकतसम्म उसमा रहेन। बेलायतको यो हालतसँगै अमेरिका र रूस विश्व राजनीतिमा औधी प्रभावशाली नेताको रूपमा अगाड़ि आए। गान्धीको आगमनपूर्व भारतीय राजनीतिको सुधारवाती धार संभ्रान्तहरूको बैठक कोठासम्ममा सीमित थियो भने रामप्रसाद विस्मिल्ला, चन्द्रशेखर आजाद र धेरै हदसम्म भगतसिंह पनि केही वीरहरूको सर्वोच्च बलिदानले नै स्वतन्त्रता आन्दोलनलाई भारतको वल्लो किनारदेखि पल्लो किनारसम्म फैलाए। उनको विशिष्ट भारतीय रहन-सहन, सरल भाषा र जनतासँग प्रत्येक्ष सरोकार राख्ने मागहरूका कारण आन्दोलनमा लाखौं-करोड़ौ भारतीयहरू सामेल भए। यसैले नै हो आफ्ना सीमाहरूका बावजुद आज पर्यन्त भारतीय राजनीतिको केन्द्रमा गान्धी विराजमान छन्।

अंग्रेजले भारत छोड़े पनि उनीहरूले फैलाएको संस्कृति धरोहर बनेर भारतमा रहेको छ र त्यसले भारतको राष्ट्रिय जीवनलाई अझै नकारात्मक प्रभाव पार्दैछ भन्ने मत राख्नेहरू पनि धेरै छन्। हामी यससँग सहमत र असहमत जे सुकै होऔं तर आवश्यकता र सम्भावनाको तुलनामा हामीले विकासको लक्ष्य हासिल गर्न सकेका छैनौं र यसका निम्ति हामी जुट्‌नुपर्छ भन्ने कुरामा प्रायः आम सहमति छ।

सिक्किम १९७५ मा मात्र भारतको राज्य बन्न गयो। अनकण्टार पहाड़हरूले घेरेको पछौटे कृषि अर्थतन्त्र भएको सानो र सुग्घर सिक्किम आफ्ना विशिष्ट समस्याहरूसहित भारतको अंग बन्यो। पछौटे आत्मनिर्भर अर्थतन्त्रबाट विशाल देशको एक राज्य बन्नासाथ सचेतनताको फड़को मार्नु सिक्किमलाई सम्भव थिएन। त्यही तथ्यलाई ध्यानमा राखेर संविधानको धारा ३७१ (एफ) अन्तर्गत यसका विशिष्टताहरूको रक्षा र सम्वर्द्धन गर्दै यसलाई भारतका अरू विकसित राज्यको दाँजोमा पुर्‌याउने रणनीति तर्जुमा गरियो। सिक्किम भारतमा गाभिएको समयताका भारतमा आपतकालको घोषणा भएको थियो। भारतका अन्य प्रान्तमा त्यो आपतकालीन स्थिति केवल १८, १९ महिनाका निम्ति रह्यो। तर दुर्भाग्य सिक्किममा

भने जन निर्वाचित सरकारहरूले १९९३ सम्म नै आपतकालको हालत कायम राखेर राजनैतिक, आर्थिक तथा सांस्कृतिक विकासको बाटोमा ठूलो ताल्चा झुण्डाइदिए।

देश स्वतन्त्र भएको घोषणा त ५० वर्षअघि नै भएको थियो तर यो देशको झण्डै अरब पुग्न लागेको जनसंख्याको ठूलो हिस्साको निम्ति वास्तविक स्वतन्त्रता र मुक्ति अझै टाढ़ाको कुरा भएको छ। यो लामो अवधिमा गरीबी यति विध्न बढ्यो कि हाम्रै सहनागरिकहरू हामी जस्तै यो देशका साझा मालिकहरू मध्य कति सड़क पेटीमा जन्मन्छन् र सड़कको पेटीमै मर्छन्। सुत्केरी आमाले भोकको ज्वाला सहन नसकी माटो खाएर मरिन् भन्ने सत्य समाजारले मुटु चिरिन्छ। हाम्रो उन्नतिको प्रचारहरूको बीचबाटै कानपूरमा छोरी निम्ति दहेज जुटाउन नसकेर पिता व्यथित भएको देखेपछि ३ बहिनी छोरीहरूले सामुहिक आत्महत्या गरे भन्ने समाचार आउँदछ। उच्च जातिको कुवामा पानी भर्न आयो भनेर तल्लो जातिका मानिने मान्छेलाई ‘ठूलो जातको हुँ’, भन्ने  खबर तेजाव झैं हाम्रो कानमा खनिन्छ। हाम्रो भलाई होस् भन्ने सोचेर आफ्ना जवानी जेल र कालापानीमा बिताउने हाम्रा पूर्वजहरूको सपनाको उपहास भए झैं लाग्छ। एक मान्छेको महल ठड़िंदा सय घर मान्छेको घरबार मासिने चलन त यही राज्यमा समेत अझै व्याप्त छ। जातीय अहंकार बोकेर हिंड्नेहरू जतातते ढुक्दैछन्। मुट्ठीभर भारतीयले धनमाथि धन थुपार्दै जाने र त्यसैको कारणले करोड़ौं भारतीयले कंगाल बन्नु पर्ने स्थिति जन्माउन हाम्रा अग्रजहरूले अवश्य लड़ाइँ लड़ेका थिएनन्। त्यसैले म आफ्नो भित्री मनबाट भन्दछु, म आफ्नो विश्वास खोलेर तपाईंहरू अघि राखिदिन्छु “हे मेरा देशवासी हो, हाम्रो लड़ाइँ सकिएको छैन। शोषण, अन्याय, अत्याचार र त्यसैको परिणामस्वरूप फैलिएको गरीबी, अशिक्षा, रोग र असमानताबाट यो देश र देशवासीलाई मुक्त पार्ने लड़ाइँ त जारी नै छ। सबै सजग बनौं, आफ्नो मानवीय कर्तव्यप्रति गम्भीर ध्यान दिउँ र आ-आफ्नो मोर्चामा डटेर शोषणका विरूद्ध, असमानताका विरूद्ध तथा भोक, रोग, अशिक्षा, गरीबीका विरूद्ध सम्पूर्ण सामर्थ्य सहित जोड़दार हमला गरौं। त्यसपछि हामीले वास्तविक सम्पन्न भारतमा उभ्भिएर हामी स्वतन्त्रता भएको घोषणा गर्न सक्ने छौं, मुक्तिको गीत उराल्न सक्ने छौं। भाषा फरक होला, भाका फरक होला तर हाम्रो गीत एउटै हुनेछ। गीतले बोकेको भाका एउटै हुनेछ।”

ढीलै सही आज भारतीय संविधानद्वारा प्रदत्त मौलिक हकहरूको निर्वाध उपभोग गर्न सक्ने अवस्था सिक्किममा तयार भएको छ। सत्य-असत्यको ठहर गर्ने, समाजको चाल र गति बुझ्ने, अन्यायको विरूद्ध संघर्षको थालनी गर्ने बुद्धिजीविहरूले सिक्किममा आएको यो परिवर्तन र यहाँ कायम भएको प्रजातान्त्रिक वातावरणको स्वागत गरेका छन्। राज्यको इतिहासमा सर्वप्रथम जनता निर्भय भएका छन्। विशाल संख्यामा रहेका गरीब जनताले हामी पनि सिक्किमको साझा मालि हौं भन्ने ठान्न थालेका छन्। यो प्रजातान्त्रिक आन्दोलनमा संलग्न सबैका निम्ति खुशी र गौरवको कुरा हो। सरकारका भूलहरू औंल्याई दिने पत्रकार, बुद्धिजीवीले अत्याचार सहनु पर्ने युग समाप्त भएको घोषणा एस० डी० एफ० – को विजयसँगै भएको हो। सरकारसँग आस्था र सिद्धान्त नमिल्ने सिक्किमका सन्तानलाई पाता फर्काएर गान्तोक शहर घुमाउने व्यक्ति र परिपाटीलाई हामीले पछारिदिएका छौं।

एक के० जी० टमाटरको दाम पनि रू० २४/- भएको बेला दिनभरि पसिना बगाएर रू० २०/- पाउने मजदूरले हाम्रो सरकारको स्थापनापछि आधा नम्बरी पाउनु यहाँको मजदूर इतिहासको सबभन्दा ठूलो उपलब्धि हो भन्दा गफ हाँकेको नठहरिएला। सिक्किमको राजनीतिमा "बातबहादुरहरू" त धेरै आए तर विद्यालयका कलिला शिशुको शरीर ढाक्ने वस्त्रको प्रबन्ध सर्वप्रथम यही गरीबको सरकारले शुरू गरेको छ। जनसंख्याको ठूलो भाग ओगटेका किसानहरूको जीवनस्तर उकास्न यो सरकारले शुरू गरेका कार्यक्रमहरू, ती कार्यक्रमप्रतिको हाम्रो इमान्दार प्रतिवद्धता दिन-प्रतिदिन प्रमाणित हुँदै गएको छ। पृथ्वी मानिसको साझा घर र सिक्किम सिक्किमेको साझा किपट हो भन्ने हाम्रो मान्यतामा हामी दृढ़ छौं। सिक्किमे भएर पनि स्थायी वास नभएका बेघरबार सुकुम्बासीहरूलाई जमीन र घर प्रदान गर्नु हाम्रो त्यही दृढ़ताको अभिलक्षण हो। सिक्किमका जनता र विशेष गरी गरीब सिक्किमेली जनतालाई नाना-माना-छाना र जनतान्त्रिक अधिकारले सम्पन्न पार्न हामी कटिवद्ध छौं।

हाम्रो त्यही प्रतिवद्धताको प्रतिफलन १२ दिसम्बर, १९९४ – को दिन सरकार गठन हुनाका साथ-साथै आफ्ना कामहरूमा हामीले गरेका छौं – सिक्किमेहरूको साँचो सरकार बनिएको त्यस दिन पश्चात आजसम्म हामी सधैं सिक्किम र

सिक्किमेका हक-हितहरू सुरक्षा गर्ने कार्यमा रातदिन एक बनाएर खट्दै आएको कुरा म तपाईंहरूलाई विनम्रतापूर्वक स्मरण गराउन चाहन्छु।

प्रजातन्त्रको गला घोटेर जनताका अधिकारहरूको क्षति-पति नाश गर्ने प्रणाली आज टुंगिएको छ। बोल्ने, लेख्ने, सभा-संगठन गर्ने, वा आफ्ना अधिकारका निम्ति कोर्ट-कचहरीमा जाने जस्ता जनताका आधारभूत अधिकारहरूको पूर्ण सुरक्षा आज गरिएको छ। हामीले सरकारमा आएकै दिन राज्यका र सरकारका अनावश्यक खर्चहरूमा कटौति गर्ने घोषणा गरेका थियौं र त्यसै दिनदेखि सिक्किमका मुख्यमन्त्री वा मंत्रीहरूले चढ्ने गरेका दामी र महंगा गाड़ीहरू फिर्ता गरेका छौं। सरकारी कार्यालयहरूमा प्रयोग गरिइने शौखका महंगा सामग्रीहरूको कटौती गर्नाका साथै सरकारले अफिस-अफिसमा टाँस्ने गरिएको मुख्यमंत्रीको फोटो अनिवार्य नहुने निर्णय र घोषणा पनि गरेको छ। राज्यवासी र राज्यका हितकल्याणलाई मध्यनजरमा राखेर सरकारी आयोजनाहरूमा मादक पदार्थको प्रयोग पूर्ण रूपले बन्ध गरिइएको छ भने असामाजिक क्रिय-कलापहरूलाई सख्त रूपमा रोक्न सरकार सर्वदा तत्पर रहेको छ।

आज सिक्किमका सच्चा नागरिकहरूका हितार्थ सरकारले सक्दो र पुग्दो काम गर्ने अठोट लिएको छ। घरबार नभएका सिक्किमेहरूलाई घरको बन्दोबस्त गराउन हाम्रो प्रजातान्त्रिक सरकारले ठूलो योजना तयार गरेको छ। यस योजना अन्तर्गत सरकारले जम्मा ३०,००० गृहहीनहरूलाई घर-घरेड़ी उपलब्ध गराउन वर्षेनी ६००० जनाको दरले रू० २०,०००/- नगद र ३० पाता च्यादर बाँड्न थालेको छ। आजसम्म ६००० परिवार यस योजनाबाट लाभान्वित भइसकेका छन् भने आगामी आर्थिक वर्षमा अरू ६५०० परिवार लाभान्वित हुने निर्णय भइसकेको छ।

जमीन नहुने सिक्किमेहरूका लागि पनि सरकारले महत्वकांक्षी योजना लिएर कार्य शुरू गरेको छ। आज भूमिहीन सिक्किमेहरूले यही योजनानुसार आधा ऐकर जमीन निःशुल्क पाउँदैछन्।

सिक्किमको चौतर्फी विकास र उन्नतिको खातिर शिक्षालाई बेसीभन्दा बेसी मात्रामा प्रसार गराउन हाम्रो सरकार सर्वथा प्रयत्नरत छ। पाँचौं श्रेणीसम्मका विद्यार्थीहरूलाई निःशुल्क युनिफर्म वितरण गर्ने तथा बाह्रौं श्रेणीसम्म विद्यार्थीहरूलाई सित्थैमा पाठ्य पुस्तक तथा खाता वितरण गर्ने सरकारको योजना एवं कार्यक्रम

त्यसै प्रयत्न र संकल्पको एउटा उदाहरण हो। त्यसा अतिरिक्त स्कूले नामीहरूलाई दिउँसोको खाना पनि सरकारले वितरण गर्दैछ। शिक्षा प्रसारको लागि सरकारले लिएका निर्णयहरूका कारण सिक्किम आज देशमै एउटा उदाहरण बनेको कुरामा हामीलाई गर्व छ। हामीले छात्रवृत्ति पनि बढ़ाइ दिएका छौं।

आज ग्रामीण किसानहरूका हितमा हाम्रो सरकार छ। ग्रामीण उत्पादनका निम्ति हामीले बजार शेयर मिनाह गरेका छौं। त्यसरी नै किसानहरूका लागि मल-खादका मूल्यमा सब्सिडी बढ़ाएका छौं। एकातिर दुधालु गाई र सुँगुरका पाठाहरू सित्थैमा वितरण गरेका छौं भने अर्कातिर अदुवा र आलुका विजनहरू बाँड़ेर किसानहरूलाई आत्मनिर्भर बन्ने आव्हान र उपाय दिलाएका छौं। गत वर्ष मात्रै हामीले ४०० हजार मन् अदुवा निःशुल्क वितरण गरेका छौं। सधैं मूल्य बढ्ने चामलको भाउलाई रू०/- कम गराएका छौं। आज सबै वृद्ध-वृद्धाहरूलाई पेन्सन दिइएको छ भने व्यापार गर्न चाहने उद्यमीहरूका निम्ति ट्रेड लाइसिन सहजै पाउने व्यवस्था गरिइएको छ। हाम्रो सरकारले पुलिस-कर्मीहरूलाई राशन भत्ता रू० २००/- दिनु थालेको छ, र त्यसरी नै सत्केरी आमा-चेलीहरूलाई सुत्केरी भत्ता पनि खुवाउन थालेको छ। आज यो सरकारमा अन्तरिम भत्ताको रूपमा कर्मचारीहरूले २५% भत्ता पाउँदैछन्। पञ्चायतहरूले समेत भत्ता पाउन थालेका छन्। सिक्किमेहरूका हित र कल्याणका निम्ति सरकारले हरसम्भव प्रयत्नहरू चलाउँदै आएको छ, र त्यो कमलाई जारी राख्न हामी कृतसंल्पित छौं।

अघिल्लो सरकारले ख्याल नगरेका या उपेक्षाको शिकार बनाएका सिक्किमे हितका कामहरूलाई यो सरकारले गम्भीर बनेर पूरा गर्ने प्रण राखेको छ। पूर्व सरकारले नौ वर्षसम्म अल्झाएर राखेका ओ० बी० सी० सहुलियतलाई यो सरकारले लागू गरेको छ भने ओ० बी० सी० बाट जानाजान बाहिर पारिएका जाति/समुदायहरूलाई ओ० बी० सी० – को दर्जामा राख्ने प्रयत्न हामीले जोड़दार रूपमा गरिराखेका छौं। आज हामीले राज्यका जम्मा ६ वटा भाषाहरूलाई राज्यभाषाको मर्यादा दिएका छौं भने भोटे-लाप्चे र लिम्बु भाषालाई संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गराउने हाम्रो प्रयास जारी छ। संस्कृत भाषाको जगेड़ा गर्ने उद्देश्यमा राकदोङ तिनतेकमा संस्कृत महाविद्यालय स्थापना गर्न बन्दोबस्त मिलाएका छौं।

ओ० बी० सी० मा अन्तर्भुक्त नगरिएका समुदायहरूलाई सरकारले आज अन्तरिम आरक्षण (Interim Reservation) दिएको छ।

त्यसरी नै प्रत्येक काम पञ्चायतमा लाइब्रेरी खोल्ने योजनानुसार जम्मा ५० वटा लाइब्रेरी स्थापनाको तयारी गरिसकेका छौं। चेलीहरूलाई सबै क्षेत्रमा समान हक दिने हाम्रो घोषणा मुताबिक पंचायतमा ३०% को आरक्षण दिएका छौं र नौकरी-चाकरीमा पनि ५०% को आरक्षण दिने व्यवस्था मिलाउँदैछौं। अघिल्लो सरकारले बन्द गरेको लाचुङ-लाचेनको पीपण प्रणालीलाई हामीले सुरक्षित गरेका छौं भने पश्चिम र दक्षिण जिल्लाको दीर्घकालिन हितको लागि त्यहाँ हरित क्रान्ति शुरू गरेका छौं।

सिक्किम र सिक्किमेहरूका सार्वत्रिक विकासको लक्ष्यमा यसरी कार्य गर्न क्रममा र स्वयं पनि व्यक्तिगत रूपमा सामाजिक र सांस्कृतिक उत्थानको दिशामा कार्य गरिरहेको कुरा म यहाँ विनम्रतापूर्वक राख्दछु। यस क्रममा म स्यवंले आजसम्म लगभग ६० जना साहित्यिक महारथी र बटुवाहरूका पुस्तक प्रकाशित गरिसकेको छु। र हालमा पारिजातका सम्पूर्ण रचनावाली प्रकाशित गर्ने योजना पनि लिएको छु।

विगत सिक्किममा जुन संवादहीनताको स्थिति थियो त्यसलाई अन्त्य गर्न हामी सरकार जागरूक छ। अघि-अघि यहाँ विपक्षीको गला थुन्न सरकार कदापि पछि हट्दैनथ्यो। तर हामी सिक्किमको हितमा काम गर्न चाहने सबै पक्षी-प्रतिपक्षीलाई संवादको लागि स्वागत गर्न चाहन्छौं। निकट भविष्यमै हामी सिक्किमका आयकर, पुराना कानून तथा केन्द्रमा थाँती रहेका क्रिया-कर्महरूका सम्बन्धमा विस्तृत छलफल गर्न सर्वदलीय बैठक — (All Party Meeting) - को आयोजना गर्न चाहन्छौं। यसले सिक्किमका आगामी कार्यक्रमहरूमा सकारात्मक प्रभाव पार्ने आशा हामीले गरेका छौं।

हाम्रो पुरानो पिढ़ीले आफ्नो उमेर र रगतसँग साटेर ल्याएको हकबाट समेत जनतालाई विमुख पार्ने वा पार्न चाहने तत्वसँग हामी हजारौं वर्ष संघर्ष गर्न तयार छौं। हाम्रो प्रजातान्त्रिक आन्दोलन र जनतालाई उनीहरूका वास्तविक मुक्ति दिलाउने अभियानलाई बाधा दिने जात-भेदको राजनीतिलाई हामी सदाका निम्ति समाप्त गर्न चाहन्छौं, चिहानमा लगेर सदा-सदाको निम्ति गाड़िदिन चाहन्छौं।

राजनीति हाम्रो निम्ति न्याय र अन्यायबीचको लड़ाइँ हो, जनतालाई न्याय दिलाउने महायुद्ध हो। जात-पातको राजनीतिलाई हामी सम्पूर्ण रूपले सदा सर्वदा निन्दा गर्दछौं। म पुनःदृढ़ताका साथा दोहोर्‍याउँछु - हामी गरीबको निम्ति राजनीति गर्दछौं, सिक्किमे जनताका निम्ति राजनीति गर्दछौं। हाम्रा पछाड़ि भोका-नाङ्गा जनताका विशाल समूह उभिएको छ। तर त्यो शक्तिलाई कमजोर नठानिोस्। हामी हाम्रो आदर्शमा पहाड़ झैं अटल छौं, किनकि हाम्रो आन्दोलनमा चट्टान झैं दृढ़ र सागर झैं शक्तिशाली जनताको लामो समूह छ। हामीले स्वतन्त्रता आन्दोलन र त्यस आन्दोलनमा वीरतपूर्ण त्यागका निम्ति साहससहित होम्मिने महान सपूतहरूबाट यही शिक्षा पाएका छौं। हामी त्यो महान सपना पूरा गर्न चाहन्छौं, जुन सपना मृत्युको वेदीतर्फ बढ्ता भगतसिंहको आँखामा थियो, हाम्रा आदरणीय एवं प्रातः स्मरणीय शहीदहरूका आँखाहरूमा थियो।

यसैले स्वाधीनता दिवस भनेको १५ अगस्तको एकदिन झण्डोत्तोलन गरेर 'जनगण' गाउनु मात्र होइन। अंग्रेजहरूले 'लौ अब तिमीहरूको देश तिमीहरू आफैं चला' भनी भारत छाड़ी फर्केका एउटा तारिक मात्र होइन। स्वाधीन भारतमा स्वाधीनताको बढ्ता उपहास भएको छ भन्ने मलाई लाग्छ। स्वाधीनतालाई दार्शनिक र सैद्धान्तिक स्तरमा बुझ्नेहरू जति थिए तिनीहरू मध्ये धेर जसो मानिसहरू स्वाधीनता संग्राममै मारिए। स्वाधीनताको धारणामा जो काँचा तथा कटमेराहरू थिए उनीहरूको हातमा देश पर्नु गएको कारणले सिङ्गै देश कट्मेरो भएको छ भन्दा अत्युक्ति नहोला। राजनीतिक स्वाधीनता स्वाधीनताको एउटा सानो तथा गनण्य हिस्सा मात्र हो। वास्तविक स्वाधीनता त वैचारिक तथा आर्थिक स्वतन्त्रताबाट मात्र उपलब्ध हुन सक्छ भन्ने मेरो विचार छ। जबसम्म कुनै न कुनै क्षेत्रमा मान्छे आश्रित छ तबसम्म पूर्ण स्वाधीनता सम्भव छैन। यही मर्म थाहा भएको कारणले म आफ्ना कार्यक्रमहरूमा आत्मनिर्भर सिक्किमको कुरा गर्छु सुखी सम्पन्न सिक्किमको कुरा गर्छु। सिक्किमलाई स्वावलम्बी राज्य बनाउने चर्चा गर्छु। अंग्रेजहरू बेलायत फर्किनु मात्र स्वाधीनता होइन। उनीहरूले भाषा तथा प्रशासनिक व्यवस्था आज पर्यन्त भारतमा यथावत छ भन्ने कुरा त खुल्ला रहस्य हो। अंग्रेज मानसिकता भएका 'Brown Sahib' हरूले भारतभित्र स्वाजातिहरूमाथि त्यही प्रणाली आज पनि प्रयोग गरिरहेकै छन्। आज कुनै कुरोको नितान्त आवश्यकता छ भने यो दास मनोवृत्ति

हटाउनु पर्ने आवश्यकता छ। स्वाधीनता दिवस त भारतवर्षको जेलहरूभित्र कैदीहरूले पनि मनाउने गर्छन्। चिड़ियाखानाभित्र बाघले पाए जति स्वाधीनतालाई पनि एक किसिमका मान्छेहरू स्वतन्त्रता नै भन्छन्।

सिक्किमको संदर्भमा कुरा गर्दा म सधैं भन्ने गर्छु जबसम्म राज्यमा मानिसहरू आश्रित छन् तबसम्म हामी स्वतन्त्रताको मूल्य बुझ्दैनौं। राजनीति विज्ञानका पण्डित हेराल्ड जे० लास्की स्वतन्त्रताको परिभाषा दिंदै भन्नु हुन्छ " ...an atmosphere where every individual has the opportunity to prove to be his best self" म सिक्किममा त्यस्तो परिवेश सृजना गर्ने प्रयासमा छु।

वैचारिक क्रान्तिको आफैं पक्षधर भएको कारणले म सम्झन्छु जुन दिनलाई हामी उत्सवको रूपमा मनाइरहेका छौं, वास्तवमा त्यो दिन अन्य धेरै कुराहरूको प्रतीक हो। विदेशी मानिसहरू मात्र होइन तर विदेशी विचार, सिद्धान्त तथा उद्देश्यहरूबाट पनि यसदिन हामीले मुक्ति पाएको हो। दास मनोवृत्तिबाट मुक्ति पाउनु स्वाधीनताको वास्तविक अर्थ हो। आफैंभित्र आत्मविश्वासको सृजना हुनु स्वतन्त्रतातिर उठेको प्रारम्भिक पाइला हो आज किन म धेरै गाउँहरूतिर हेर्छु? किन बढ्ता गरीबमुखी परियोजनाहरू तैयार पार्दैछु? मलाई थाहा छ, गाउँमा बसोबासो गर्ने बहुसंख्यक गरीबहरू अर्थतन्त्रको कारागारभित्र कैद छन्। जबसम्म उनीहरूलाई त्यस शोषणबाट मुक्ति दिलाउन सकिन्दैन तबसम्म सिक्किममा स्वाधीनता दिवसको कुनै ठोस् अर्थ लाग्दैन।

अर्कोतिर म समानान्तर विकासमाथि विश्वास राख्छु। राजनीति एक्लै रेसमा दगुर्नु हुँदैन। राजनीतिमा प्रतियोगिताको सट्टा सहयोगिताको भावना मनमा राखेर समाजका अरू सबै अङ्गहरूलाई हिंड़ाउनु पर्छ। कला, साहित्य, संस्कृति, समाज, शिक्षा आदि क्षेत्रमा सँग-सँगै विकास भए मात्र साँचो स्वतन्त्रताको उपभोग सम्भव बनिन्छ। स्वाधीनताको मूल्य नबुझी स्वाधीनताको/प्रजातन्त्रको कुरा गर्नु पनि नमिल्ने कुरा हो। एउटा खिच्चा/भुस्याहा कुकुरले एकदिन मोटो, चिल्लो पाल्तु कुकुर देखेर छक्क परेको थियो अनि त्यसको साथ लागेर मोटो कुकुरसितै बस्नु राजी पनि भएखओ थियो। तर हठात् घाँटीमा पेटीको दाग देख्दा 'त्यो हो हो भनी' नसोधी सकेन। दिनभरि मालिकको दैलोमा बाँधिएर बस्नु पर्ने वाध्यता थाहा पाएपछि त्यस भुस्याहा कुकुरलाई समेत मालिककोमा बाँधिनु भन्दा खाली पेट नै भएपनि आफ्नो

मर्जीमा जता चोह्यो त्यता चाहरी हिंड्नु नै आकर्षक लागेको थियो। स्वतन्त्रता भनेको त्यो हो। तर यसको तात्पर्य भुस्याहा बन्नु, लोफर बन्नु भन्ने होइन। मेरो तात्पर्य मानवीय शक्ति र क्षमताको सर्वोच्च प्रयोग हुने स्थिति सिर्जना गर्नु हो। जब म बारम्बार आफ्ना वक्तव्यहरूमा आत्मनिर्भरताको कुरा गर्छु, साधारण सिक्किमे जनतालाई पाल्तु हुनदेखि जोगाउने मेरो प्रयास हो। त्यो स्वाधीनताको पाठ पढ़ाउन चाहाने मेरो प्रयास हो। म सिक्किमे जनसाधारणलाई सम्पूर्ण प्रकारका भयहरूदेखि मुक्त पार्न चाहन्छु। स्वाभिमान र आत्मसम्मानले भरिएको नागरिकको रूपमा सिक्किमेहरूलाई देख्न चाहन्छु। मेरो स्वाधीनताप्रतिको विचारधाराको आधारमा रवीन्द्रनाथको कुनै कविताको निम्ति पंक्ति अवस्थित छ :-

" Where the mind is without fear
and the head is held high"

कुनै पनि आधारमा जहाँ मानिस विभाजित छैन, जहाँ एउटा व्यक्तिले अर्को व्यक्तिलाई अन्य कुनै आधारमा होइन तर मानवताकै आधारमा चिन्ने गर्छ, साँचो स्वतन्त्रता त्यहीं छ। 'अनेकतामा एकता' भिन्न पनि छैन स्वतन्त्रता, मलाई यसैकारण Unity in Diversity माथि शंका लाग्छ। ठीकसित प्रयोग गर्नु हो भने हामीले 'Diversity in Unity' भन्नुपर्छ। एउटै राष्ट्रको व्यवस्था तथा एउटै सर्वभौमिकताभित्र पनि हामी अनेक छौं अनि त्यही नै भारतीय हुनुको एउटा विशेषता पनि हो। आ-आफ्नो वैचारिक उड़ानमा बन्दिश हट्नासाथ हामी स्वतन्त्र हुन्छौं अनि यस प्रकारको स्वाधीनताभित्र तीव्र राष्ट्रिय चेतना हामीभित्र रहन्छ। एकता र अखण्डताको प्रोपागाण्डा आवश्यक बन्दैन।

महान रसियन कथाकार टाल्सटयले लेखेको स्वाधीनताको मूल्यबारे एउटा कथा पढ़ेको थिएँ। कुनै मानिसले आफ्नो घरको मुनिल्लो तला एउटा दर्जीलाई किरायमा दिएको थियो। त्यस दर्जीको लुगा सिउँदै गीत गाउने बानी थियो। एकदिन माथिल्लो तलामा बोलाएर मालिकले भने – "लौ यो पैसा राख, तर अब उप्रान्त काम गर्दा गीत नगाउनु, मलाई डिस्टर्ब हुन्छ।" पैसाको लोभमा केही दिन चुप लागेर काम त गर्‍यो तर केही रूपियाँमा आफ्नो गाउने स्वाधीनता बेचेको कारणले त्यस अवधिभित्र सिलाएका सबै जसो लुगा उसले बिगार्‍यो। एकदिन

बिहानै माथिल्लो तलामा उक्लेर उसले घर मालिकलाई रूपियाँको थैली फर्काउँदै भन्यो - 'यो तपाईंको रूपियाँ राख्नुहोस्, मेरो गाउने स्वतन्त्रता फिर्ता दिनुहोस्'।

स्वतन्त्रता कुनै न कुनै 'घर मालिक' लाई बेचेर काम बिगार्नेहरू आज सिक्किममा मात्र होइन तर देशभरी छन्। ९२ रूपियाँको नौकरी बाट ९२ करोड़भन्दा बढ्ता सम्पत्ति बटुल्न पुग्ने कसाईहरू "म मरे पनि सिक्किम बाँचिरहोस्" भन्छन्। मुर्खहरू आफ्नो मनपरीलाई पनि स्वाधीनताको संज्ञा दिन्छन्। भरौटेहरू 'हुकुमको जवाब छैन, कालको ओखती छैन' भन्ने खालका पुराना उखानहरूको आड़ लागेर जनसाधारणलाई 'हुकुम मान्नु नै स्वाधीनता हो' भनी प्रचार गर्छन्। मानव संशाधन विकासको दृष्टिकोणबाट सिक्किम धेरैपछि पर्न गएको यो एउटा मुख्य कारण हो। तर यी विकारहरूबाट बिस्तारै माथि उठ्ने हाम्रो प्रक्रिया अब शुरू भयो। Rome was not built in a day भने झैं रातारात यस प्रकारको वैचारिक क्रान्ति सम्भव पनि हुँदैन। परिवेशको सृजना गर्न समय लाग्छ। मलाई पूर्ण विश्वास छ - स्वतन्त्रताको आभाष पाउन आगामी दिनहरूमा हामीले स्वाधीनता दिवसलाई पर्खिबस्ने आवश्यकता हुने छैन।

जय हिन्द!

# जात होइन नीति मिलाऔं

*प्रत्येक चुनावको पूर्व-सन्ध्याको बेला जनताको कत्तारमा छ्यापिने विभाजनको एसिड आज जसरी देशीय राजनीतिको सामान्य सत्य बन्न गएको छ, त्यसरी नै त्यस विभाजनको निम्ति जात, धर्म, सम्प्रदायका भावनालाई उपयोग गर्ने षड़यन्त्र पनि उत्तिकै नाङ्गो यथार्थ बन्न पुगेको छ। यस स्थितिमा सिक्किमकै राजनैतिक वातावरण पनि धुमिलिन पुगेको र राजनैतिक वातावरण पनि धुमिलिन पुगेको र राजनैतिक एवं अन्य स्वार्थका च्याँके थाप्नेहरूको रग्रगी बढ्दै गएको परिस्थितिमा सिक्किममा लोकसभा चुनाव (१९९६) — को घोषणा भयो। जनतालाई जातगत, धर्मगत वा सम्प्रदायगत हिसाबमा टुक्राउने प्रबल प्रयास भइरहेको तत्कालिन स्थितिको गम्भीरतालाई मध्यनजरमा राखेर पार्टी अध्यक्ष श्री पवन चामलिङले जनतालाई जातको होइन नीतिको राजनीतिमा अड़ेर बस्ने आव्हान यस सम्बोधनमा गर्नु भएको छ। - सम्पादक*

केही वर्षदेखि हाम्रो पहाड़ी समाजमा पनि जात-पातको कुरा खुबै बढ़ेर गएको छ। त्यसमध्ये पनि हाम्रो यो सानो राज्य सिक्किममा त केही जनविरोधीहरूको जातभेदको खेती नै शुरू गरेका छन्। यसो त सम्पूर्ण भारतमा नै साम्प्रदायिक गतिविधि तेज पारिंदैछ तर केही वर्ष अघिसम्म पनि हाम्रो सिक्किममा जात भेदको कुरोकन्थो थिएन। पहिलो पटक श्री नर बहादुरको मुखबाट जातभेदको कुरा टड़कारो रूपमा सुनिन थालियो। जति-जति भण्डारी राजनीतिक रूपमा कमजोर हुँदै गए त्यति उनले जात-पात र सम्प्रदायको नारा लगाउँदै गए। "बिग्रेको मान्छेको भत्केको घर - भत्केपछि केको डर" भने जस्तो बिग्रिएका भण्डारीको संग्राम परिषद् भन्ने घर अहिले भत्किएको छ। त्यसैले होला उनी डर-भर, लाज-घीन नराखि जात-जातलाई फटाउने राजनीति गर्दैछन्। सिक्किमे जनता भड़खालैमा जाउन् उनलाई केको चिन्ता? दिल्ली, बम्बई, काठमाडौंमा महल छँदैछ, देश विदेशका बैंकमा पैसा थुपारेकै छ। तर हामीलाई भने सिक्किमको भविष्यको चिन्ता छ। सिक्किम छाड़ेर बाहिर जाने हाम्रो हैसियत पनि छैन, मन पनि छैन। त्यसैले हामीलाई सिक्किमको वर्तमान र भविष्यको चिन्ता छ। हामी भन्छौं सिक्किमे टुक्रिनु हुँदैन। आ-आफ्नो विश्वास अनुसारको धर्म पालन गरेर, आ-आफ्नो चलन-चाँजो अनुसार मिलेर हाम्रो साझा घर निर्माण गर्ने काम हामीले थालेको पनि छौं।

समाज सम्बन्धी विद्वान र ज्ञानी मानिसहरू भन्दछन् कि यो समाजमा जात, धर्म र सम्प्रदायको राजनीतिले टाउको उठाउनु भनेको समाजको पुनर्सामन्तिकरण (Re-Feudalisation) हुने हो। पहिले पहिले सामन्ती समाजमा मानिसलाई जात-जातमा छुट्याइएखओ थियो र सानो जातले हेला-होंचो, दमन-शोषण र अत्याचारको शिकार बन्नु भनेर प्रचार र त्यस्तै चलन शुरू गरिइएको हो। सामन्ती समाजमा चल्ने जात-पातको कुरा अहिलेको प्रजातान्त्रिक युगमा चलाउन थालिएकोले नै होला ज्ञानी र विद्वानहरूले यो प्रवृत्ति (Trend) लाई पुनर्सामन्तिकरण भनेर चिन्हित गरेका छन्। समाजमा बचेखुचेका समान्ती तत्वले जनतालाई फुटाउन जात-पातको विषालु विचार प्रचार गर्ने गर्दछन्। सिक्किमको राजनीतिमा श्री नरबहादुर भण्डारी एक नम्बर सामन्ति सोंच भएका नेता हुन्। यिनको राजनीतिको जन्म नै दरवारबाट भएको हो। राजाको ढोके, छाते (राजा हिंड़दा छाता ओढ़ाउने) आदिमा सामन्ति प्रभाव रहनु स्वाभाविक पनि हो। सिक्किम फर्काउने नारा

भण्डारीको भोट फर्काउने नारा हो भन्ने जनताले बुझेपछि घाम झुल्किंदा लाटोकोसेरो बास बस्न गए झैं नाङ्गिएका भण्डारीलाई मरेको कुकुरलाई उपयाँले छाड़े झैं उनकै आसेपासेहरूले पनि छाड्दै गए। यसरी आफू एक्लिदै जान थालेपछि उनको दिमागमा पहिलेदेखि जन्मेर बसेको जातवादी राजनीतिलाई उनले पूरै बाहिर ल्याए।

सबै सिक्किमेलाई थाहा भएकै कुरा हो नरबहादुर भण्डारीलाई आधुनिक राजनीति, सिद्धान्त आदिको ज्ञान छैन। उनी मनु भन्नेले लेखेको मनुस्मृतिलाई आफ्नो मार्गदर्शक मान्दछन्। मनुले देखाएको बाटोमा नै उनी हिंड्ने गरेका छन्। मैले जनपक्षीय राजनीतिद्वारा भण्डारीसँग टक्कर लिन थालेपछि उनले आफ्ना गुरू मनुले सिकाएको व्यवहार मसँग गर्न थाले। मनुस्मृतिमा मनुले लेखेका छन्ः

"यो लोभादधमो जात्या जीवे कर्म्मभिः।
तं राजा निर्धन कृत्वा क्षिप्रमेव प्रवासयेत्।।"

यसको अर्थ यस प्रकार छः

"यदि कुनै तल्लो जातको मान्छेले माथि उठ्ने आकाँक्षाले माथिल्लो जातको पेशा अप्नाउँछ भने राजा (शासक) - ले त्यसको सर्वस्व खोसेर देश निकाला गरिदिनू।"

मनुको साम, दाम, दण्ड, भेद नीति अप्नाउँछु भनेर भण्डारी गर्जेको तपाईं हाम्रो कानमा ताजै छ। मनुवादी भण्डारीको दृष्टिमा पवन चामलिङ तल्लो जातको भएकाले भण्डारीसँग राजनीतिक संघर्ष गर्नु अपराध भयो। आफ्ना गुरू मनुको बाटोमा हिंड्ने भण्डारीले मलाई 'नेप्टे' "मतवाली" आदि नेता भनेर पानी खेदो गरे। मनुले सर्वस्व खोस्नु भनेको थियो भण्डारीले मेरो पद खोसे, गाड़ी खोसे। त्यतिले मात्र चित्त नबुझेर मेरो घर 'रेड़' गरे। मनुले देश निकाला गर्नु भनेका थिए - भण्डारीले मलाई वारेण्ट काटेर, गुण्डा र हत्याराहरू पछि लाइदिएर भूमिगत हुन वाध्य पारे। त्यति गर्दा पनि उनको केही जोड़ चलेन। धार्मिक तथा जातीय सहिष्णुता पालन गर्ने सिक्किमे भण्डारीको जातवादी राजनीतिलाई बज्रमुक्का चखाए। विधानसभा चुनावमा आफ्नो पार्टी हारेर पल्टिएका भण्डारी आज पुनः उही पुरानो जातवादी नारा बोकेर सिक्किमे जनतालाई फुटाउन खोज्दैछन्।

हामी मनुको थोत्रो विचार र त्यही विचार बोकेर हिंड्ने नरबहादुर भण्डारीको जातवादी पाखण्डी राजनीतिको विरोध गर्दछौं। हाम्रा निम्ति सबै थर र गोत्रका सिक्किमे जनता आदरणीय छन्, प्यारा छन्। हामी आर्य-अनार्य, तागाधारी (जनै लगाउने) र मतवाली (पूजा-आजा, जन्म-मृत्यु आदिमा जाँड़-रक्सी चलन गर्ने भनेर दिइएको नाम) बीच भेद्भाव गर्दैनौं। हाम्रा निम्ति शान्ति र समानताको सन्देश दिने बुद्ध आदरणीय छन्। तल्लो भन्ने जातमा जन्मिएर पनि महान विद्वान बनेका डा० अम्बेदकर र माथिल्लो कुलमा जन्मिएर पनि समानताको कुरा गर्ने पंडित जवाहरलाल नेहरूलाई हामी समान आदर गर्दछौं हामी पुरानो जमानाका मनुको विचारको विरोध गर्छौं तर त्यस्तै कुलमा पुरानो जमानामा जन्मिएकी गार्गी भन्ने विदुषीको विचारको समर्थन गर्दछौं। हाम्रो निम्ति जात होइन विचारले महत्व राख्तछ। सिक्किमे जनताको हित गर्ने, सिक्किमलाई आत्मनिर्भर र समृद्धशाली बनाउने विचार हाम्रो साझा विचार हो। एक शब्दमा भन्नु पर्दा हामी सिक्किमे जाति हौं। मनुको प्रतिक्रियावादी विचारका विरूद्ध हामी पनि धर्म शास्त्र पल्टाएरै भन्छौंः

"तस्मान्न गोश्ववत्कश्चि – जाति भेदोस्ति देहिनाम"

अर्थ – "अतः मानिसमा गाई-घोड़ा आदिको जस्तो कुनै जातभेद् छैन।" १५ वर्षसम्म अंकश बिनाको मत्तहात्ती जस्तो गरेरो सिक्किमे जनताको हितलाई कुल्चिने शक्तिलाई गरीब सिक्किमेको जन एकताद्वारा बनाइएको डोरीले बाँधेर लड़ाइएको छ। यो एकताका डोरीलाई चुड़ाल्न उ जातभेद्को राजनीति गर्दैछ। ब्रह्महत्य (धर्मदत्त शर्माको हत्या) गर्नेहरुले तागाधारीको नेता हुँ भन्ने बकुल्लाले माछाको चौकिदार हुँ भन्नु जस्तै हो। वास्तविक कुरा के हो भने म गरीबको आफन्त हुँ उनीहरूको थर र गोत्र जेसुकै होस्। उ शोषकहरूको सरदार हो शोषकहरूको गोत्र जे सुकै किन नहोस्।

जातको राजनीति समाजको निम्ति धातक हुन्छ। हामी जातमा फुट्तै जाने हो भने अन्तहीन तरिकाले फुट्तै र कमजोर बन्दै जानेछौं। उदाहरणका निम्ति भण्डारीले भने जस्तो एन० बी० सी० को संगठन बनाउने हो भने भोलो त्यो तीन टुक्रा हुनेछ। अनि त्यस्तै फुटको राजनीति गर्ने हो भने छेत्री पनि खत्री र छेत्रीमा टुक्रिने छन्। अनि थर-थरको राजनीति शुरू हुनेछ कार्कीको मात्रै संगठन बनाउने हो भने पनि लामा कार्की, सुतार कार्की, मुडुला कार्कीमा बाँड़िने छ। मुडुला

कार्कीकै पनि संगठन बन्नु हो भने त्यो पनि लोकल र प्युठान भन्ने छुट्टिनेछ। राईकै पनि थर र थरको संगठन बन्नेछ। एउटै घरको पनि पाछा-पाछाको संगठन बन्न थाल्ने छ। भोटियाकै संगठन बनाउने हो भने पनि पहिले त्यो काजी र अन्य भोटेमा टुक्रिनेछ। अनि काजी काजीको पनि वर्गीकरण शुरू हुनेछ। यस्तो अन्तहीन फुट र विरोधको बीऊ यो सानो र सुन्दर सिक्किममा रोप्ने षड्यन्त्र शोषकहरू गर्दैछन्। यसको विरूद्ध हामी भोटे, लाप्चे, नेपाली जनताहरू सचेत बनेर एक जुट हुनु परेको छ। सिक्किमलाई माया गर्न तथा सिक्किमको सुन्दर भविष्य निर्माण गर्नेहरु एस० डी० एफ० को साझा झण्डामुनि एकजुट भएर हामीलाई फुटाउने शोषकहरूलाई धूलो चटाउनु परेको छ।

## जानताको पक्षमा

## हजारौं कुर्सी त्याग्न तयार छु!

*सिक्किम प्रजातान्त्रिक मोर्चा पार्टीको स्थापना दिवसलाई प्रजातन्त्र दिवसको रूपमा पालन गर्ने परम्परा अनुसार सिक्किमभरि नै ४ मार्च १९९६- का दिन चौथो प्रजातन्त्र दिवस भव्य रूपमा पालन गरिइयो। सबै निर्वाचन क्षेत्रमा अलग-अलग कार्यक्रम तय गरिइएकोले दामथाङ निर्वाचन क्षेत्र अन्तर्गतको मामले गाउँमा मुख्यमन्त्री श्री पवन चामलिङ प्रमुख वक्ताका रूपमा उपस्थित हुनुहुन्थ्यो। मुख्यमन्त्रीले आफ्नो त्यस दिनको सम्बोधनमा सिक्किमको पूर्व-कालिन राजनैतिक बेहाली र आतंकको स्मरण जनतालाई गराउनु हुँदै एस० डी० एफ० को जन्मको पृष्ठभूमि र अनिवार्यतालाई स्पष्ट पार्नु भएको छ। मुख्यमन्त्रीले आफ्ना पुराना संकल्पहरूलाई दोहोर्‍याउनु हुँदै विपक्षीका जनविरोधी प्रचार एवं कार्यकलापहरूबाट जनता सतर्क रही प्रजातन्त्र तथा सरकारका जनपक्षीय नीतिहरूलाई बचाउन आफै अघि आउनु पर्ने आव्हान गर्नु भएको छ।*

*संपादक*

दामथाङ क्षेत्रका आदरणीय जनता,

प्रजातन्त्र दिवसको उपलक्ष्यमा हार्दिक अभिवादन टक्राउँदछु।

तपाईंहरूले मलाई तीन-पटक यहाँको प्रतिनिधित्व गर्ने मौका दिइसक्नु भएको छ, र तपाईंहरूले मेरो आनी बानी, चाल चलन, व्यवहार र आवाज नै पनि चिनि सक्नु भएको छ। तपाईंहरूका अघि मेरा सबै कुराहरू खुल्ला भइसकेका छन् र मैले तपाईंहरूबाट लुकाउनु पर्ने कुनै कुरो अब रहेन। तर आज मलाई खुशी लाग्छ कि तपाईंहरूले मलाई मरे अनुहार र व्यवहारबाट मात्र चिन्नु हुन्न। तपाईंहरूले त मलाई मेरो नीति र सिद्धान्तबाट, मेरो विचार तथा जनताप्रति मेरो जुन भावना छ, त्यसबाट पनि मलाई चिन्नु हुन्छ। त्यसैकारणले तपाईंहरूले मलाई तपाईंहरूको तीन-तीनपटक प्रतिनिधित्व गर्नु तीन-तीन पटक विधायकको रूपमा चुन्नु भयो। त्यति मात्र होइन, यसपटक त मलाई सिक्किम सरकारको सर्वोच्च पदभारसम्म सुम्पिनु भयो। त्यसैले तपाईंहरूले मप्रति लगाउनु भएको गुण मैले तिरि नसक्नु छ। तपाईंहरूको त्यो ऋण यस जुनीमा तिरिसक्नु त त्यतिकै होला, तरै पनि तपाईं सबै जनताका हितमा काम गर्न, तपाईंहरूलाई सुख र शान्ति दिन, तपाईंहरूको मुहारमा खुशीको मुस्कान छरिदिन मैले पक्कका चाहेको छु।

तपाईंहरूलाई थाह छ, आजभन्दा चार वर्षअघि हामीले यही नाम्चीको घुर्बिसेमा एउटा पार्टी गठन गर्‍यौं, र नाउँ राख्यौं सिक्किम डेमोक्रेटिक फन्ट। तपाईंहरू सबैलाई थाहै छ, आज त्यही पार्टीको जन्म दिन हामी मनाउन लागेका छौं। यो दिन पालन गर्ने सन्दर्भमा कुरा गर्दा जब म आजभन्दा चार-पाँच वर्ष अघिका दिनहरू सम्झन्छु मलाई कहाली लागेर आउँछ। स्थिति कतिसम्म भने हामीले पार्टी खोल्ने निर्णय त लियौं तर पार्टीको साइत जुराउन लामासम्म पाएनौं, पण्डित र पुरोहितहरूसम्म पाएनौं, सबै डराए। डराउनु पर्ने स्थिति नै थियो। त्यसोसले हामीले पार्टी गठन गर्दा पुरोहित कालेबुङबाट ल्याउनु पर्‍यो। जे-जसो भएर पनि हामीले पार्टी गठन गर्‍यौं। पार्टी गठन गरिसकेपछि हाम्रो पार्टीका विरूद्ध थरी-थरीका षड़यन्त्रहरू गरिइए, लाञ्छाना र आरोपहरू लगाइए, हाम्रा न्यूनतम गणतान्त्रिक अधिकारहरूसम्मको पनि उपभोग गर्नबाट हामीलाई वञ्चित गर्न त्यस बेलाको सरकारले भरिसक्दो चेष्टा चलायो। त्यसबेला स्थिति कति जटिल बनाइएको थियो, त्यो तपाईंहरू जस्ता भुक्तभोगी जनतालाई बताइरहन पर्दैन। हाम्रा

विरूद्ध अफवाह र अभियोगहरू यति विधि लगाइयो कि एस० डी० एफ० ले सरकार चलाउन सक्ने कुरा त परै राखौं, एस० डी० एफ० राम्रो विपक्षी पार्टी बन्न सक्छ भन्ने विश्वास भएका मानिसहरू पनि पाउन मुश्किल बन्यो। साँचो हो, हामीसँग हाम्रो पार्टीमा एकदमै थोरै मानिसहरू मात्र थिए, जसले एस० डी० एफ० लाई त्यसबेला सहयोग र समर्थन गरे। तर आज हामीले सरकार गठन गरेका छौं, सरकार गठन गरेकै मात्र पनि आज १४ महिना पुरा भइसक्यो। यो महिनाको समयवधिभित्र हामीले गरेका कार्यहरूको चर्चा म यहाँ गर्न चाहन्नँ तर यति अवश्य नै भन्न चाहन्छु कि हामीले पूर्व सरकारको तुलनामा कैयौं गुणा ज्यादा राम्रा कामहरू गर्न चाहेका छौं र गरेका छौं पनि।

हामीले पार्टी गठन गर्दा सिक्किममा कमसेकम एउटा पार्टी प्रजातन्त्रको पक्षमा चाहिएको कुरा गरेका थियौं। हामीले भनेका थियौं सिक्किममा सिक्किमे जनताको बोल्ने, लेख्ने, आ-आफ्नो आस्था अनुसारको राजनीति गर्न पाउने अधिकार बहाल हुनु परेको छ। यसको साथै हामीले यो घोषणा पनि गरेका थियौं कि सिक्किममा जनताको सरकार हुनुपर्छ अथवा सिक्किममा जनता नै मालिक हुनुपर्छ र त्यसमा पनि गरीब र कमजोर अर्थनैतिक स्थिति भएका जनताले नै पहिलो मौका पाउनु पर्दछ। म स्वयंले सारा सिक्किम घुमेर यिनै कुराहरूको घोषणा गरेको थिएँ। यसको साथमा हामीले नारी जातिले समाजमा पुरूष समानको हक, इज्जत पनि पाउनुपर्दछ भन्ने कुरा गरेका थियौं। आधि धरती ओगटेर र आधि आधा थामेर बसेका हाम्रा चेलीहरूलाई हेला होचों हुनु हुँदैन भन्ने कुराहरू लिएर नै हामीले पार्टीको गठन गरेका थियौं। प्रसङ्गमा मलाई के भन्न गर्व लाग्छ भने हाम्रो त्यही घोषणा सहित गठन गरेको चेली मोर्चा आज हाम्रो पार्टीको सबभन्दा अग्रणी दस्ता र मोर्चाको रूपमा पार्टी कार्यमा सक्रिय छ।

हामीले सरकार गठन गरेपछि हाम्रा पार्टीका साथीहरू, समर्थकहरूले आज हाम्रो अधिकार के हो, हाम्रो कर्त्तव्य के हो वा राज्य, देश समाज र जनताप्रति हाम्रा उत्तरदायित्वहरू के – के हुन् भन्ने कुराहहरूप्रति बड़ो सजग र सतर्करहेर काम गर्नु पर्ने दिन आएखओ छ। सरकारमा आज क्षमता विकेन्द्रीकरण गरिइएको छ। मन्त्री-विधायकको पनि हक र अधिकार हुनुपर्ने कुरा हामीले घोषणा गरेका छौं। तपाईंहरूले माग मात्र पाउनु पर्छ, व्यक्तिगत फायदा मात्र पाउनु पर्छ भन्न थालियो

भने जनताको दुःखको अन्त छैन। जनताको काम गर्दा, अरूको सेवा गर्दा सन्तुष्टि पाइन्छ, मनमा आनन्द आउँछ। त्यसकिसिमको कामहरू हामीले गर्नु पर्‍यो। अरूले पनि अधिकार पाओस्, अरूले पनि सुख पाओस् (आफूले मात्र होइन) भन्ने भावना सबै जनताको मनमा आउनु पर्छ। त्यस किसिमको भावना लिएर वा सिक्किमलाई राम्रो बनाउँ, सिक्किमलाई सुन्दर बनाउँ भन्ने भावना लिएर काम गर्न सबैले सक्नु पर्दछ। गरीबहरूले सहुलियत र विकस पाउँदा आनन्दित हुन सक्नुपर्दछ।

गरीबको विकास पाउँदा त्यो नीतिको सराहना गर्ने भावना पलाउनु पर्दछ। तर अहिले त्यसकिसिमको भावना हामी सिक्किमेहरूमा छैन। आवास योजनाको पैसा आउँदा पनि आफै दगुर्ने; गाई, सुंगुर पाउँदा पनि आफैले पाउनु पर्ने; अदुवा र च्यादर बाड्‌दा पनि आफै अगाड़ि पस्नु पर्ने जस्ता प्रवृत्तिहरू अहिले छ्याप्छ्याप्ति छन्। अरूले नपाओस् मै मात्रै पाउँ भन्ने विचार लिएर हामीहरू दगुरी रहेका छौं।

हामीले आज पनि के कुरा बिर्सनु हुन्न भने हामीले सत्तामा भए पनि सत्तादेखि बाहिर नै भए पनि हामी जनताका लागि छौं जनताका सेवाका लागि छौं। र हामीले के कुरा पनि बिर्सनु हुन्न भने हामी अन्याय, उत्पीड़न र शोषकको विरोध गरेर सत्तामा आएका हौं र आज पनि हामी अन्याय अत्याचार र शोषणका विरूद्ध जारी लड़ाईका योद्धाहरू हौं।

हाम्रो पार्टीको नीति नै गरीबहरूको उत्थान गरौं भन्ने छ, गाउँहरूको उन्नति गरौं भन्ने छ। हामीले गाउँको विकासको निम्ति राज्य- बजेटको समयमा ७०% खर्च गरेका छौं।

म दामथाङको विधायकको नाताले भन्दैछु तपाईंहरू च्यादर नमाग्नु होस्, च्यादरको पछाड़ि नकुद्‌नुहोस् — च्यादर हामी आफै दिन्छौं, तपाईंहरूले मागिरहनु पर्दैन। पहिलेको सरकारमा यो च्यादर खोजि हिड्‌नु पर्थ्यो तर यो सरकारमा च्यादर नखोजिदिनु होला। च्यादर आफै तपाईं गरीबलाई खोज्दै आउनेछ। हामीले सरकार बनाए यता च्यादरमा कसैलाई छुट्टाएका छैनौं, विकास वितरणमा कसैलाई छुट्टाएका छैनौं; संग्राम, कंग्रेस भनेका, छैनौं, कुनै जात-पात भनेर छुट्टाएका छैनौं। विकास सबैलाई समान रूपमा दिएका छौं। हामीले विकास वितरण गर्दा जात हेर्ने, पार्टी हेर्ने नीति लिएका छैनौं, हामी त गरीबी हेर्दैछौं। गरीब हेर्‍यो गरीब देख्यो, विकास दिइहाल्यो।

सिक्किममा जबसम्म सबै सिक्किमेहरूको घर बनिंदैन, हाम्रो आवास योजना (घर बनाइ दिने योजना) जारी रहने छ। आज छ हजार चेलीहरूले १० हजारको दरले आवास निर्माण राशि पाउनु भएको छ, त्यसको काम हुनासाथ फेरि १०/१० हजार रूपियाँ पाउनु हुनेछ। यो कार्य सिक्किममा निरन्तर चलिरहनेछ। हामीले अर्को दफाको कार्यक्रमको लागि कुल रकम २४ करोड़ रूपियाँ छुट्टाइसकेका छौं। अब फेरि ६ हजारले पाउने छन्।

सिक्किम र सिक्किमे जनतालाई न्याय दिनको निम्ति मैले कठोर पनि हुनैपर्छ, म त्यो हुन्छु नै। पहिले गरीबलाई चुस्नेहरूको, गरीबलाई दल्नेहरूको मनमानी थियो। आज त्यो दिन गयो। त्यसैले गरीबहरूले अधिकार पाएकोमा, गरीबहरूले न्याय पाएकोमा दुःखित हुनेहरूले आज हाम्रो पार्टीको विरोध गर्दैछन्। गरीबहरूले राहत पाएकोमा आँखा जल्नेहरू आज हाम्रो पार्टीको विरोध गर्दैछन्। आज हामीले स्कूल युनिफर्म दिएपछि उनीहरू दुःखित भएकाछन्। पहिले संग्रामका बदमाशहरूका नानीहरू सुकिला लुगा लाएर स्कूल जाँदा हामी गरीबका नानीहरू फाटेको लुगा लगाएर स्कूल जान्थे, त्यतिबेला उनीहरू खुशी हुन्थे, तर आज गरीबका नानीहरू उनीहरूका नानीहरू सरहका राम्रा सुकिला युनिफर्म लाएर स्कूल जाँदा उनीहरूलाई सही सक्नु भएको छैन। आदरणीय जनता-जनार्दन, गरीबहरूले पाउनै नहुने? गरीबहरूले हकै नपाउने? तपाईंले आफ्नो पार्टी चिन्नु पर्ने दिन आएखओ छ, नीति बुझ्नु पर्ने दिन आएको छ। आफ्ना शत्रु को हो र मित्र हो, त्यो चिन्नु पर्ने बेला आएको छ। तर गरीबमाराहरू गरीबले पाउनु नहुने कुरा गर्दैछन् उनीहरू त हाम्रो सरकारको विरोध गर्न जातको कुरा गर्छन्, धर्मको कुरा गर्छन्। अञ्जान जनतालाई जन्तु जस्तै ठान्दछन्।

नारीलाई बराबरीको हक दिने हाम्रो नीति अनुसार घर बनाउने पैसा आमाको नाउँमा हामीले दिएको पैसा धेरै भयो भने बाउले कान्छी ल्याई हाल्छन्! घर नबन्ला तर अर्कै घरजम पो भइदेला कि भन्ने डर भयो नि!! चेलीहरूले पैसा भयो भने सुन किन्छन्, राम्रो राम्रो साड़ी किन्छन्, बरू लिपिस्टिक किन्छन्। तर हाम्रो ध्यंय त्यो होइन। चेलीको पनि सम्पत्तिमा अधिकार होस् चेलीले पनि परिवार र समाजमा इज्जत र मान पाओस् भन्ने विचारले हामीले यसो गरेका हौं।

पहिलेको सरकारले जनतालाई दही जस्तो जमेर बस्नु भन्थे, म त्यसो भन्दिनँ, हामी त्यसो भन्दैनौं। आज त जनताकै सरकार आएको छ जनता पहाड़ जस्तो डटेर बस्नु पर्छ। जनताको हितमा काम गरौं भन्ने मेरो साँसो विचार छ, र एक वर्षको हाम्रो सरकारको काम कुरोले नै पनि तपाईंहरूलाई खुलस्त पारिदिएको छ। हामी जनताको सेवा पक्का गर्छौं नै पहिलाको सरकारले १४ सालमा गरेको र हाम्रो सरकारले १ सालमा गरेको कामको हिसाबले नै बताइहाल्छ हामी कसको लागि छौं भनेर!

हामीले तपाईंको घर बनाई दिएर, युनिफर्म बाँड़ेर, मजदुरको ज्याला दोबर गरिदिएर र यस्ता-यस्तै कामहरू गरेर मात्रै तपाईंहरू सुखी र खुशी हुने होइन, र हाम्रो कार्यक्रम पनि त्यतिकै सीमित पनि छैन। सुखी समृद्ध र आत्मनिर्भर सिक्किम बनाउने दीर्घकालिन कार्यक्रमको रूपरेखा लिएर हाम्रो सरकारले कार्य गर्दैछ, र यो कार्य एकदिनमा वा एकवर्षमा सम्पन्न गर्न चाहेर गरिसकिने कार्यक्रम होइन। समय लाग्छ। दश वर्ष लाग्न सक्छ, बीस वर्ष पनि लाग्न सक्छ अथवा पचास वर्ष नै पनि लाग्न सक्छ। तर समय जति नै लागे पनि हामीले त्यस दिशामा हिंड्न थालिसकेका छौं, हाम्रो सरकारले त्यतातर्फ काम गर्न थालिसकेको छ। हाम्रो कार्यक्रम र नीति बुझेर, बुझ्ने चेष्टा गरेर जनताले निःस्वार्थ सहयोग दिन सकेको खण्डमा हामी निश्चय नै छिटो आफ्नो उद्देश्यसम्म पुग्न सक्नेछौं र नव सिक्किमको निर्माणको सुनौलो अभियानलाई अपेक्षातया चाँड़ो समापन गर्न पनि सक्नेछौं।

हरेक कुरा गर्नलाई समय लाग्छ। तपाईंहरू सबै कुरो एकै दिनमा हुनुपर्छ भन्ने आशयले हड़बड़ाएको देख्दा मलाई हरेश पनि लाग्छ। तर मलाई आशा छ, तपाईंहरू त्यस्तो तातो खाने हड़बड़ी गर्न हुने छैन।

सिक्किममा राम्रोसँग सरकार चलाउने हो भने यहाँ चामल पनि बिना मूल्य वितरण गर्न सकिन्छ। चामलको दाम रू० १/ घटाउनाले फायदा सोझै गरीबलाई पुग्दैछ। जनताहरू, फायदा गरीबलाई हुँदैछ। न जातलाई न जातिलाई, न धर्मलाई, न पार्टीलाई, फायदा चाहिं सोझै गरीबलाई, सबै गरीबहरूलाई। तपाईं गरीब गुर्वाहरूका निम्ति फायदा पुर्‍याउन हामी चामलको भाउ अझै घटाउँछौं।

मलाई गरीबहरूलाई नानी जस्तो स्याहार्न मन पर्छ। नानीहरूलाई जस्तो माया गर्न मनपर्छ। नानीको माया कस्तो लाग्छ, त्यो त आमाहरूलाई मात्रै थाहा छ।

आज चिनी पुगेन, पाम आयल पुगेन, मट्टीतेल पुगेन, भन्ने कुराहरू पनि सुनिन्दैछन्। चिनी किन पुग्दैन, मट्टीतेल जनतासम्म किन आइपुग्दैन, पाम आयल कहाँ जाँदैछ, त्यो जनताले आज खोज्नु पर्छ। हामीले चिनी, मट्टी तेल, पाम आयल सबै चीजहरूको कोटा बढ़ाएर ल्याएका छौं, त्यसको बिक्री वितरणमा आज धाँधली हुँदैछ। जनताले त्यो धाँधलीलाई बुझ्नुपर्छ र त्यसलाई रोक्न अघि आउनुपर्छ। अफिसरहरूलाई जनताले सोध्नुपर्छ चिनी, मट्टीतेल र पाम आयल कहाँ जाँदैछ? तपाईंहरूले मन्त्रीलाई पनि सोध्नुपर्छ। सप्लयारहरूलाई सोध्नुपर्छ। जनताहरू तपाईं मालिक हुनुहुन्छ, अफिसर र हामी मन्त्री, मुख्यमन्त्री त सेवक हौं, जनताका नोकरहरू हौं। जनताले आफ्नो हक नखोजेसम्म हक पाउन सकिन्दैन। हाम्रो पार्टीको लक्ष्य पनि गरीब जनतालाई आफ्नो हक लिई बाँच्न सक्ने बनाउने भएकोले हाम्रा युवा मोर्चा, चेली मोर्चा र पार्टीका अन्य साथीहरूले जनतालाई यो ज्ञान दिनुपर्नेछ। जनतालाई सचेत शक्तिमा विकास गरी यहाँ जनताले नै आफ्नो सरकार बनाउने वा फेर्ने शक्ति बनाउनु पर्नेछ। जनता राजमा जनता नै मालिक हुने हुँदा यहाँ जनताकै शासन चल्नु पर्दछ, र तपाईंहरूले पनि साना-साना कुराहरूमा नलागेर, जात-पात, धर्मको कुराहरूतिर नलागेर अखिल सिक्किमे र अखिल मानव जातिको पक्षमा काम गर्नु परेको छ। जनतामा यो चेतना आउनु परेको छ।

आज सिक्किममा गरीबको सरकार आएको छ र गरीबहरूको निम्ति योभन्दा राम्रो सरकार सिक्किममा फेरि आउँला भन्ने कुरामा मलाई चाहिं कम्ति नै विश्वास छ। त्यसैले हिज गरीब दुःखीलाई हेला होचों गर्नेहरू आज यो सरकारको विरोधमा छ। अस्ति हामीले गरीबको लागि पार्टी बनाएर हिंड्दा, अस्ति हामीले संघर्ष गर्दा, गरीबहरूको सरकार बनाउँ भनेर भन्दा यहाँका नामथाङ, मामले आदि ठाउँका गरीब गाउँलेहरूलाई घुँड़ामा डण्डा लगाउने मान्छेहरू आज पनि हाम्रो विरोधमै छन्। जब यस्ता मानिसहरू हाम्रो विरोधमा छन् भने तपाईंहरूले सोच्नु पर्‍यो यो सरकार ठीक रहेछ, यो सरकार हाम्रै सरकार रहेछ। यो सरकार गरीबहरूलाई हेला-होंचो गर्नेहरूको होइन रहेछ। यी फटाहाहरू जति उफ्रेर हाम्रो विरोध गर्छन् तपाईंहरूले उत्ति नै यो पार्टी आफ्नो रहेछ भनेर मान्नु पर्दछ। न्यायको पक्षमा गरीबहरूको पक्षमा, सिक्किमेहरूको पक्षमा हाम्रो पार्टी छ, तर यी मान्छेहरू गरीबहरूको विरूद्ध र न्यायको विरूद्धमा छन्। त्यसैले यी मानिसहरू हाम्रा

सैद्धान्तिक शत्रुहरू हुन्। यिनीहरू आफ्नो मतलब भए पुग्छ; इज्जत चाहिंदैन, सिद्धान्त चाहिंदैन, नीति चाहिंदैन। जनता चाहिंदैन। यिनीहरू चौकीको लागि सिक्किमे जनतालाई कमारा बनाउन पछि हट्दैनन्। म त्यसको सख्त विरोधमा छु। मैले पार्टीको गठन गर्दा पनि मन्त्री बनूँला भन्ने सपना राखेको थिइनँ, तर जनताले मुख्यमन्त्री बनाए। अब जनताको हित र भलाईको लागि सैकड़ौं चोटि यो चौकी त्याग्न परे पनि म तयार छु।

**सामूहिक हितको पक्षमा**

**एक ढिक्का बनौं।**

*उमेरमा मोर्चा सरकारले दुइ पुगी तीन वर्ष टेकेको अवसरमा मुख्यमन्त्री श्री चामलिङले सिक्किमे जनताको नाउँमा प्रसार गर्नुभएको सम्बोधन यहाँ प्रस्तुत छ। यस सम्बोधनमा उहाँले दुईवर्षभित्र सरकारले आजको केही ठोस उपलब्धिहरूको चर्चा गर्नुका साथ-साथै आउँदा दिनका यात्राको सचेतकको रूपमा विगत दिनमा भोगिएका जटिलतार विध्न-बाधाहरूको पनि स्मरण र उल्लेक गर्नुभएको छ। यसका अतिरिक्त मुख्यमन्त्रीको सम्बोधनमा सिक्किमलाई सुखी, समृद्धिशाली र स्वावलम्बी बनाउने उहाँको मूल राजनैतिक सपनाको पनि रेखाङ्कन भएको छ र त्यस ध्येयमा जन-कतारबाट चलाइनु पर्ने पहलकदमीको अपेक्षा प्रकट गरिएको छ।*

*- सम्पादक*

आदरणीय सिक्किमेली जन - समुदाय,

एस० डी० एफ० सरकार गठन भएको आज दुइ वर्ष पुरा गरी तीन वर्षमा लाग्दैछ। सरकार बनेदेखि यहाँसम्मको यात्रामा हामीले उकाली-ओह्राली र टेड़ा-बाङ्गा जे-जति बाटाहरू पार गर्‍यौं, त्यसतर्फ एकफर पछि फर्केर हेर्‍यौं भने त्यो हाम्रो भोलिको यात्राको निम्ति व्यवहारिक सामल बन्नेछ र त्यसैको आड़-आधारमा हाम्रो भोलिको यात्रालाई सुगम एवं सार्थक पार्न सकिन्छ भन्ने विश्वास मैले लिएको छु। रहेका तीन वर्षको सरकारी यात्रा तय गर्नुपर्ने कठिन अभिभारालाई बुझेका सबै प्रजातन्त्रप्रेमी सिक्किमेहरूमा म नयाँ वर्षको शुभकामना र मंगलमय यात्राको कामना गर्दै विगतबाट शिक्षा लिएर नै आगामी यात्रामा जुट्न हुनु आव्हान गर्दछु।

प्रजातन्त्रको अभिप्राप्तिको निम्ति जीवनसम्मै बलिदान गर्न छात्ती फैलाएर अघि आएका जनताको विशाल समूहको साथ हामीले नपाएको भए यो सरकारको गठन हुन सक्थ्यो भन्ने कुरामा विश्वास गर्न सकिन्न। प्रजातन्त्रको गला घोटेर सिक्किममा राज गर्ने पाखण्डी एवं नक्चराहरूका विरूद्ध जनताको रोषलाई संगठित एवं आन्दोलित गर्ने ऐतिहासिक कार्यभारलाई पुरा गर्न पार्टीको सरकार यो भएकोले आज पनि तपाईं जनताको बलिदानी शौर्यलाई सानो बनाउन म चाहन्नँ। त्यसैले यहाँ म हाम्रो सरकारले जनतालाई दिएका तात्कालिक राहत एवं सहुलियतहरूको बेलि-विस्तार लगाएर यो ऐतिहासिक समयको महत्वलाई खुद्रा पार्न चाहन्नँ। म आज ती कुराहरूका स्मरण गर्न गराउन चाहन्छु जो हाम्रो आन्दोलनको लक्ष्य थियो, र लक्ष्य रहेको छ। म आज ती रहल कुराहरूको पनि स्मरण तपाईंहरूकन सविनय गर्न चाहन्छु, जसलाई पुरा नगरी हाम्रो आन्दोलनको लक्ष्य पूर्ण हुन सक्दैन।

हाम्रो सरकार गठन भएको घोषणासँगै सिक्किममा प्रजातन्त्रको पनि उदय भएकोले प्रजातन्त्रलाई संस्थागत गर्ने काम आजको हाम्रो प्राथमिक चुनौति बनेको छ। यस कार्यलाई पुरा गर्ने जिम्मेवारी सम्पूर्ण सिक्किमेको काँधमा आइपरेको जिम्मेवारी हो, न कि सरकारको थाप्लोमा टेकाइएको सरकारी भार मात्र हो। अतः यस कार्यलाई पुरा गर्न सहै तह र सबै स्तरका सिक्किमेहरू अविलम्ब त्यसतर्फ जुट्नु पर्ने र सोको निमित्त कृतसंकल्पित बनी अगाड़ि आउनु पर्ने समय अहिले नै हो भन्ने विनम्र आग्रह म गर्दछु। सिक्किमको सर्वाङ्गीन विकासको निम्ति अनिवार्य

प्रजातन्त्रलाई सरकारी घोषणा र सत्तारूढ़ पार्टीको आग्रहले मात्र बचाउन र हुर्काउन नसक्ने हुनाले समस्त जनताको त्यसप्रतिको निष्ठा एवं आग्रह आजको आवश्यकता भएको कुरामा म जोर दिन चाहन्छु।

हाम्रो सरकार सबै प्रकारका अन्याय-अत्याचार, जुलुम-व्याभिचार र असमानताका विरूद्ध जुझ्ने अठोट लिएर काम गरिरहेको छ, र हामीले यस ढंगमा काम गर्न थालेको पनि दुइ वर्ष पुरा भइसकेको छ। जनतालाई बोल्ने-लेख्ने, आस्था अनुसारका सामाजिक-राजनैतिक गतिविधिहरू गर्ने आदि सबै हक-अधिकारहरू दिएर अन्याय एवं अत्याचारका विरूद्ध स्वयं मोर्चाहरू हुने स्थिति सरकारको गठनसँगै सिर्जना गरिइएको छ। तथापि जनतामा सो स्तरको चेतना अझै पूर्ण रूपमा विकसित भइहालेको छैन। सयौं वर्षको निरंकुश चपेटमा चेप्टिएका जनतामा मुक्त बनेको दुइवर्षमै चेतनाका सबै ढोकाहरू एकाएक खोलिने कुरा पनि होइन। तर चेतनाको विकासको रफ्तारलाई सामुहिक प्रयत्नद्वारा अझ बेगिलो पार्न सकियो भने सिक्किममा व्याप्त अन्याय-अत्याचार र जुलुमको अन्धकारलाई पनि उत्तिकै चाँड़ो समाप्त पार्न सकिन्छ भन्ने विश्वास म दिन चाहन्छु। अतः सरकारले यस दिशामा चलाइरहेको सत्प्रयासप्रति आम जनगणको रूची र सहभागिता हाम्रो जनतासँगको आजको माग हुनेछ। सिक्किमेहरूको एक एवं अधिकारको यथोचित संरक्षण एवं सम्बर्द्धन गर्न अन्यायीहरूलाई कानूनको पासोमा नअल्झाइ नहुने हुनाले तथा त्यसको निम्ति न्यायप्रेमी जनताले संगठित बनेर समूहको हितको पक्षमा आफ्नो आवाज बुलन्द पार्नै पर्ने भएकोले यस प्रयत्नमा सबै सिक्किमे एक जुन हुन पर्ने आवश्यक्तामाथि म जोर दिन चाहन्छु। यदि यसो हुनसके मात्र अन्यायलाई नाश गरी न्यायलाई स्थापित गर्ने र नयाँ सिक्किमको निर्माण गर्ने हाम्रो अभियान सफल बन्नेछ।

सिक्किमे जनतालाई राम्रै गरी थाह भइसकेको छ कि सिक्किमको इतिहासमा पहिलो चोटी गरीब – गुर्बा एवं दीन-हीनहरूतदद तराज कायम भएको छ। सयौं वर्षको हप्की-दप्की, अन्याय र दोहनले चिथ्रा-चिथ्रा भइसकेको सिक्किमे जनताको भाग्यमा पहिलो पटक हाम्रै सरकारले महलम पट्टी गर्ने काम गरेको छ, र गर्दैछ। आफ्नो खुन-पसिनाको भरमा जीवन धान्ने पौरखी जनताको बाँधिएको हात खोल्न उन्मुक्तिको शंखघोष गर्दै आएको सरकार यो हो भन्ने कुरा सिक्किमका झुप्रा-

झुप्राले स्पष्ट गरी बुझ्न थालिसकेका छन्। निमुखा र निम्छरा जनतामाथि शोषणको बुल्डोजर चलाएर आफ्नो स्वार्थका चिउरा पेल्ने शोषकहरू त्यसै कारणले जनताले पाएका सहुलियत र अधिकारसँग आज चिढ़िएका छन्। शोषक-अत्याचारीहरू आज जसरी भए पनि आम जनताको हातबाट अधिकार खोसेर आफ्नै स्वार्थको पिञ्जरामा जनताको हक बन्द गर्न कटिबद्ध छन्। जनताको सोझोपन र जनताको निम्ति चेतनास्तरको फायदा उठाएर जनतालाई दिग्भ्रमित पार्न र आफ्नो घोप्टिएको मानु सोझो पार्न जाली-फटाह र गरीबमाराहरू अहिले दिन-रात एक बनाएर कुद्दैछन्। म स्पष्ट पारूँ कि आफूले पाएका हक एवं अधिकारहरू बचाउन जनता जागरूक र सचेत नबने भ्रष्टाचारी, अन्यायी र अत्याचारीहरूले फेरि शिर उठाउने छन्, अनि मृगको बच्चालाई अजिङ्गरले निले जस्तै जनताका हक-अधिकारलाई निल्नेछन्। अतः जनता अझै पनि तात्कालिक एवं व्यक्तिगत फायदा - बेफायदाकै माखेत्याद्रोको तानातानीमा अल्झिबसेमा फेरि  पुरानै शोषकहरूको दिन फर्कने कुरामा कुनै शंका छैन। आज म आम जनगणलाई आव्हान गर्छु, तपाईंहरू सामुहिक सुखका लागि सामूहिक हक-हितको पक्षमा एक ढिक्का बन्नु होस् र एक ढिक्का बनिरहनुहोस्!

हामीले सरकार गठन गर्नभन्दा अघिदेखि सत्ताको नभएर व्यवस्थाकै परिवर्त्तनमा जोर दिएका थियौं र दिंदै आएका छौं। व्यवस्था परिवर्तन र नयाँ सिक्किमको निर्माण एकै सिक्काका दुइ पाटाहरू हुन् भन्ने कुरा पनि सिक्किमे जनगणले अब बुझिसके भन्ने म ठान्दछु। तर दुःख त यहाँ छ कि हाम्रा सामाजिक - राजनैतिक व्यवहारमा पुरानो सिक्किमकै रंग छ्याप्-छ्याप्ती छँदैछ। सरकारी निर्णय वा सरकारको सदिच्छाले मात्र यसलाई मेटाउन सकिन्छ भनेर सोंच्नु चाल्नीमा हालेर दुध र पानी छुट्याउन सकिन्छ भन्नु बराबरी हुने हुँदै नयाँ संस्कार - संस्कृतिकै सिर्जनामा सिक्किमेहरू लागि पर्नु आज जरूरी भएको छ। नयाँ ढंगको आनी-बानी, नयाँ ढंगको आचार-व्यवहार र नयाँ ढंगको ध्यान-धारणा नअप्नाइकन अथवा पुरानै रिती, पुरानै बात व्यवहार एवं पुरानै विचार र सोंचाई लिएर नयाँ सिक्किमको निर्माणको कुरा कल्पना पारीको कुरो हो भन्ने सबैले बुझ्न आज जरूरी भएको छ।

पुरोनो सिक्किमलाई बदल्नु भनेकै त्यस समाजमा व्याप्त अर्थनैतिक विषमता, विशेष मानिसहरूको राजनैतिक वर्चस्व तथा सामाजिक असमानतालाई जरैबाट नाश गर्नु हो। यो महत कार्यलाई समापन गर्न हामीले सामना गर्न परेको आधारभूत समस्या आज पनि पुरानो सामाजिक व्यवस्थाले दिएको सांस्कृतिक तथा वैचारिक विकृति भएकोले हामीले आफ्नो लक्ष्यलाई त्यस विरूद्ध प्रजातन्त्रका पक्षधरहरूले अप्रजातन्त्रिक एवं सामन्तशाही व्यवहार र चिन्तनको जरैमा हमला गर्नु पर्दछ, र प्रजातान्त्रिक, उदार एवं वैज्ञानिक चिन्तन र व्यवहारको साँचोमा आफू, आफ्नो परिवार एवं समाजलाई ढाल्दै लान सक्नु पर्दछ। यो जटिल एवं ऐतिहासिक कार्यभारलाई वहन नगरिइए हाम्रो प्रजातन्त्रको बोट पनि बिरूवामै ओइलिएर जाने सम्भावनाप्रति म सबै सिक्किमेलाई सतर्क पार्न चाहन्छु।

हामीलाई गर्व छ कि सिक्किमको इतिहासलाई नै गवाही राखेर हेर्दा पनि सिक्किममा जनताको शक्तिलाई यथोचित मान्यता हामीले नै दिएका छौं। त्यसैले हामीले जनतालाई सर्वशक्तिमानको पर्याय दिएर कुनै गल्ति गरेका छैनौं। हामी दावा गर्छौं कि जनतामा छुपेका विपुल शक्तिलाई चिनाउने प्रयत्नसम्म हामीले गरेका छौं। 'जनता राजमा जनतै राजा' भन्ने हाम्रो नारा केवल कोरा कल्पना नभएर जनताको त्यही विराट शक्तिलाई अभिव्यक्त गर्ने हाम्रो संकल्प नै हो। आज सिक्किमे जनतामा आफू चौकीमा बस्ने वा दौलतको धाक दिनेहरूको कमरा नभएर स्वयं मालिक हौं भन्ने भावनाको उद्‌बोधन हुन थालेको छ। हामी यही चाहन्छौं कि सबै कुराहरूका नियन्ता जनता नै बनून् सबै सम्पत्ति र विरासतका मालिकजनता नै होऊन्। तर अझ पनि म के कुरामा जनतालाई सतर्क बनाउन चाहन्छु भने हाम्रो यो उदारता वा सरकारले दयावश दिएको भिक्षाले जनतामा आफै-आफ त्यो क्षमता र शक्ति प्रकट हुने छैन/ त्यो क्षमता बाहिर निक्लने छैन। जनता स्वयं जागेर आफ्नो भाग्य र भविष्यको निर्माणमा आफ्नो शक्ति एवं क्षमतालाई प्रयोग गर्न सक्नुपर्दछ। राजा वा मालिक बन्नु को तात्पर्य नै आफूमाथि विराट दायित्व आइपरेको हो भन्ने कुरा बुझ्न नसके जनता फेरि पनि दास नै बन्न पुग्ने हुँदै हरेकले आफ्नो शक्ति एवं दायित्वलाई बुझ्न र निभाउन सक्नु पर्दछ। सरकारमाथिको अश्रितपनालाई कायम राखेरै वा पराश्रित बनेर नै कोही मालिक वा राजा हुन सक्दैन – त्यो जनताले गहिराईबाटै बुझ्नु पर्नेछ। हाम्रो नेतृत्वमा जनताले पाएको प्रजातन्त्र त्यसबेला नै

संस्थागत हुन सक्नेछ, जब हामी प्रत्येक जनताले राज्य, राष्ट्र एवं समाजप्रतिको आ-आफ्नो दायित्व र कर्त्तव्यलाई जिम्मेवारीपूर्वक पुरा गर्दछौं।

हाम्रो सरकार प्रजातान्त्रिक नीति, सिद्धान्त एवं आस्था अनुरूप चलेको र चल्ने सरकार भएकोले यो साँचो अर्थमै जनताको सरकार हो। त्यही हुनाले सरकार गठन गरेदेखि नै हफी जनताका हक-अधिकार दिलाउन तथा जनतालाई सबै किसिमका स्वतन्त्रता दिएर उनीहरूका सर्वोच्च विकास गराउन इमान्दारितापूर्वक लागि रहेका छौं। म फेरि पनि जोरका साथ भन्न चाहन्छु कि सरकारको प्रजातान्त्रिक नीति एवं सिद्धान्तप्रतिको निष्ठा तथा आम सिक्किमे जनता एवं सिक्किमप्रतिको इमान्दारिता त्यतिजेलसम्म फलदायी हुने छैन-जबसम्म जाग्रत जनताको सचेत पहलकदमीले त्यसको रक्षा एवं उद्‌वर्द्धन गर्ने छैन। सिक्किमको सर्वाङ्‌गीन विकासको आधारभूत शर्त नै सिक्किमे जनताको पराश्रितपनलाई निर्मुल पार्नु भएको हुँदा सरकारले चाहेको लक्ष्यको दिशामा जनताको पनि कदम बढ़नु परेको छ। यहाँ स्पष्टै पारिदिऊँ कि सरकार र जनताको कार्य-सम्बन्ध 'म ताक्छु मुढ़ो बञ्चरो ताक्छ घुँड़ो' भने जस्तो बनियो वा बनिरह्यो भने त्यो अन्ततः सिक्किम एवं सिक्किमेको निम्ति घातक हुनेछ।

सरकारमा आएपछि हामीले प्रजातन्त्रलाई सबल आधार प्रदान गर्न जनतालाई स्वतन्त्रता र अन्याय विकासका सहुलियतहरू दिने प्रयत्न त गर्‍यौं नै, अझ सिक्किमे प्रजातन्त्रलाई विशिष्ट पार्ने सिक्किमे समाज वा सिक्किमका सबै मौलिक गुणहरूलाई संरक्षण दिइ विकास गराउने प्रयत्न पनि निरन्तर रूपमा चाल्दै आएका छौं। सिक्किमे जनतालाई हामीले यस कुरामा सधैं सतर्क गराउने चेष्टा चलाएका छौं कि हामी विकसित भएको बहानामा ढोंग र आडम्बरलाई पछ्याएर बर्बाद नबनौं। हाम्रो जोर त्यस्ता ढोंगहरूबाट सिक्किमलाई मुक्त राखेर हाम्रै मौलिकता वा हाम्रो समाजमै आफ्नोपनलाई जगेर्ना एवं विकास गरी सिक्किमेलाई अन्य समाजका मानिसहरू सरह वा त्यसभन्दा पनि उच्च रूपमा विकसित गराउने रहेको छ। ढोंगलाई विकास मात्र होइन, तर वास्तविक विकासका निम्ति हाम्रै सामाजिक सांस्कृतिक वैशिष्ठयहरू-खोतल्न जनता जागरूक बनून् भन्ने निवेदन म गर्दछु।

हामी सिक्किमेहरूसँग जे-जति असल एवं राम्रा गुणहरू छन्, तिनको विकास हुन सकेमा सिक्किमको सामाजिक अनुहार नै अर्कै देखिइनेछ। तर विगत सरकारको दोषपूर्ण नीति एवं क्रियाकलापका कारण सिक्किमे गुण र विशेषताहरू स्वार्थ, लोभ, प्रलोभन तथा छलछामसम्म पुगेर विलुप्त भएको छ। आज जनतामा न त सामूहिक हितको बारेमा सोंच्ने फूर्सद छ, न कुनै रचनात्मक क्रिया-कलापतर्फ उन्मुख बन्ने जाँगर नै छ। यतिसम्म कि सिक्किमे जनताको विराट अंशलाई त आज आफ्नो घर-परिवार नै सिक्किम भएको छ; देश र दुनियाँ भएको छ। यु दुःखत स्थितिबाट मुक्त नभई सिक्किमले प्रगतिको कुनै खुड्किलो उक्लन सक्ने छैन। आज सिक्किममा केवल विरोधको भावना छ। तर विकल्पको कुनै युक्ति छैन। आज एक पक्षले सिक्किमको हितमा गरिइएका कामप्रति पनि विरोधको हिलो छेप्न खोज्दैछ। यस किसिमका ध्वशात्मक विवेक र प्रवृतिको त सिक्किममा कुनै खाँचो छैन, तर सिक्किमलाई साँच्चै सपार्ने रचनात्मक सुझावहरू सुझाउने दिशामा भने विरोधकर्त्ताहरू मौन छन्। नकरात्मक बात व्यवहार र प्रवृतिले सिक्किम सप्रन्दैन भन्ने कुरा हज्जारौं चोटी दोहोर्‍याएर हामी अपील गर्छौं कि आदरणीय जनताहरू, हामीलाई तपाईंहरूको सकरात्मक सुझाव, आलोचना र सहयोग चाहिएको छ — विरोधको लागि विरोध गर्नेहरूले वा व्यक्तिगत र गुठगत लाभको लागि विरोध गर्नेहरूले, स्वार्थका लागि सरकारको विरोध गर्नेहरूले सिक्किम सपार्दैनन्, सपार्दैनन्, सपार्दैननन्!

नकारात्मक विचार एवं प्रवृतिकै सन्दर्भमा मलाई के कुरा पनि भनिहाल्न जरूरी लागेको छ भने आज नै हाम्रो सरकारबारे सही मूल्याङ्कन गर्नसक्ने बेला भएको छैन। सरकारलाई बदनाम गराउन चाहनेहरू चौदह-पन्द्रह वर्षसम्म निर्विरोध शासन गर्नेहरूका तराजुमा जोखेर दुइवर्षको नवजात सरकारले 'यो गरेन र त्यो गरेन' भन्ने विरोधको डम्फू ठोकेर हिड्दैछन्। छोटो समय अवधिभित्र हाम्रो सरकारले जनताका निम्ति जे-जति काम गर्‍यो, त्यसलाई एकतर्फी ढंगले नहेरेर त्यसको आधारमा भोलि यो सरकारले के-कति काम गर्न सक्छ भन्ने अनुमान मात्र लगाइदिए मूल्याङ्कनकर्त्ता सत्यको धेरै नजीक हुनेछन् भनी म आशा राख्दछु। सरकार एवं सरकारका कार्यवाहीलाई नकरात्मक रूपमा मात्र बुझ्ने तथा स्वार्थको

सिमीत घेरामा बाँधिएर पूर्वाग्रहग्रस्त बनी सरकारको मूल्याङ्कन गर्ने कार्य सही होइन र त्यसले सिक्किमको प्रगतिलाई नभएर अधोगतिलाई नै प्रोत्साहित गर्नेछ।

बितेका दुइवर्षभित्र हामीले सिक्किम एवं सिक्किमे जनताको सर्वाङ्गीन विकास गर्न सरकार कटिबद्ध छ भन्ने स्पष्ट संकेत र प्रमाण दिइसकेका छौं। राज्यका समस्त जनताको आर्थिक, सामाजिक एवं राजनैतिक विकास हाम्रो लक्ष्यको निशाना भएकोले सरकार बनेपछिका एक-एक दिन हामीले त्यही कार्यमा खर्च गरेका छौं। रोग-भोक र शोकबाट मुक्त सिक्किम बनाएर यसलाई देशमै एउटा नमूनाको राज्य बनाउने उद्देश्यभन्दा पर हाम्रो अर्को कुनै राजनीतिक लालसा पनि छैन। राज्यका सबै सम्प्रदाय र सबै तहका मानिसहरूका सम्मान एवं सुरक्षा गरेर व्यक्ति-व्यक्तिमा आत्म-सम्मान एवं आत्म-विश्वास पैदा गरी राज्यको विकासको मार्गलाई फराकिलो पार्दै लाने हाम्रो इच्छा हो।

सुखी र नयाँ सिक्किमको सपना केवल भावना र कल्पनाको कुरो नभएर यो ठोस जीवनको ठोस आधारमा रचना गरिइएको हाम्रो राजनैतिक निष्कर्ष हो। तर आर्थिक, राजनैतिक, सामाजिक सबै क्षेत्रमा स्वावलम्वी सिक्किमेहरू नजन्मिएसम्म भने सुखी सिक्किमको परिकल्पना केवल सपना मात्रै रहने कुरा साँचो हो। त्यसैले हाम्रो सरकारले सरकारी तौरमै पनि सिक्किमलाई स्व-निर्भर बनाउने कार्य न्यूनतम् रूपनै भए पनि शुरू गरिसकेको छ। हामीले सरकारमा हुने फिजुल खर्चलाई रोक्ने निर्णय यसै मान्यताका आधारमा लियौं। आज हामी सिक्किममा सिक्किमकै प्राकृतिक संसाधनहरूको उपयोग गरी आफ्नो राजस्व बढ़ाउने दिशामा काम गर्दैछौं। केवल केन्द्रीय अनुदानमा मात्र भर परेर सिक्किम आत्म-निर्भर हुने होइन, बरू उल्टै झन्भन्दा झन् पर-निर्भर बन्दै जाने हुनाले हामीलाई आफ्नै राजस्वका श्रोतहरू खोजि-खोतलि निकाल्नु आज जरूरी भएको छ। सिक्किममा पहिलेका सरकारले मनपरी ढंगमा केन्द्र तथा विभिन्न वित्तीय संस्थानहरूबाट ३४२ करोड़ रूपियाँ ऋण ल्याए सिक्किमे जनतालाई ऋणको दहमा टुप्पीसम्मै डुबाएको छ। हामीले आफ्नो राजनैतिक मान्यताकै आधारमा निर्णय लिएका छौं कि अब उसो अचाहिंदो ऋणको भार सिक्किमे जनतालाई सरकारले बोकाउने छैन। हामीले आफ्नो राजनैतिक लक्ष्य अनुरूप नै सिक्किमलाई ऋण-मुक्त राज्य बनाउने लक्ष्य राखेका छौं। म सिक्किमे जनतासँग पनि विनम्र आग्रह गर्दछु कि तपाईंहरू पि दुइ दिन ठाँट-बाँट गर्नलाई

ऋणको भारी नबोक्नुहोस्। आफ्नो र समाजको भलाई गर्ने ठोस उद्यमहरू संचालन गर्न सकियो भने मात्र ऋण लिएको अर्थ रहनेछ भन्ने कुराप्रति सारा सिक्किमे जनताले गम्भीर रूपमा मनन-चिन्तन गरी अघि बढ्नु हुनेछ म आशा एवं विश्वास राख्दछु।

प्रजातन्त्रलाई संस्थागत गर्ने काम गर्दा-गर्दै हामीले वैचारिक क्रान्तिको बाटोलाई कदापि छोड्नु भएको छैन। सिक्किममा फैलाइएको कुविचारको थाकलाई रचनाधर्मी विचार एवं व्यवहारले साफ गर्नु आज हाम्रो दायित्व भएको छ; स्वार्थी एवं लोभी मानसिकताको ठाउँमा सामूहिक र सामाजिक भावनाको उद्‌बोधन गर्नु हाम्रै कर्त्तव्य भएको छ। सिक्किममा मानवीय भावनाले राज गरोस् भन्ने भावना हाम्रो राजनीतिसँग हुर्केको हुनाले नै हामीले वैचिरिक क्रान्तिको आग्रह गरेका हौं। वैचारिक रूपले नै समृद्ध र सक्षम बनेका सिक्किमेहरूको समाज नबनेसम्म आत्मनिर्भरताको कुरो आधाकल्चो नै रहने हुँदा वैचारिक क्रान्तिमा हरेक सिक्किमेको सहभागिता आज हाम्रो विनम्र आग्रह बनेको छ। हाम्रो राज्य एवं जनताको दीर्घकालिन हित पोषणको लागि आफैभित्र गर्नुपर्ने संशोधन एवं शुद्धिकरणको यो अभियानमा सारा सिक्किमेले जुट्न सकेमा हाम्रो लक्ष्यको नयाँ सिक्किम धेरै टाड़ोको कुरा नरहने विन्ति पनि म यहाँ विसाउन चाहन्छु।

आज राज्यमा प्रजातन्त्रको उपभोग जनसाधारणकै पंक्तिबाच हुने परिपाटी सिर्जना गरिइएको छ। तमाम मानव अधिकारको ग्यारेण्टी दिएर हाम्रो सरकारले सिक्किमेहरूको सर्वाङ्गीन विकासको बाटोलाई खुल्ला पारिदिएको छ। त्यसको साथमा राजनैतिक एवं अर्थनैतिक हक - अधिकारहरू जनतालाई नै फर्काइदिने काम हाम्रो सरकारबाट भइसकेको छ। हाम्रो सरकारमा सारा सिक्किमेहरू निडर बनेर जिउन सकुन्, आफ्ना सम्पूर्ण हकहरूको दावा गरेर बाँच्न सकुन् भन्ने परिपाटीको सिर्जना हामीले गरेका छौं। हामीले चाहेका छौं कि सिक्किमेहरू आत्मविश्वास र आत्ममर्यादाले सजधज बनेर बाँच्न पाउन्।

हामी आज सगर्व भन्न सक्छौं कि हाम्रो सरकार सत्तामा आएपछि युगौंदेखि दबिएका गरीबहरू मात्र होइन तर नारीहरूले पनि उन्मुक्तिको सास फेरेका छन्। सृष्टिका आधा हिस्सा बनेर पनि, समाजका आधा अंग बनेर पनि सधैं लाञ्छना, अवहेलना र प्रताड़नाका शिकार बन्न बाध्य बनाइएका सिक्किमका नारीहरू समाज

– विकासका पनि आधा हिस्सा हुन सक्छन् भन्ने तथ्य हाम्रै सरकारले देखाएको छ। नारीलाई "ताड़नाका अधिकारी" भनिने पुराना मान्यताको जगैमा प्रहार गरी हामीले उनीहरूका हक, अधिकार र इज्जतको पूर्ण सुरक्षा गरिदिएका छौं। हामीले नै सिक्किममा सरकारी कागजातमा बाउकोसँगै आमाका नाउँ पनि लेखाउने प्रथा शुरू गरेका छौं, र पंचायतमा नारीहरूका निम्ति एक – तिहाई सीटको आरक्षण पनि गरिदिएका छौं। यसका साथै नारीहरूलाई समाजिक मर्यादा दिएर पुरूष समान हर क्षेत्रमा भागीदार बनाउन हामी कृत संकल्पित छौं। हाम्रो मान्यता नै छ कि नारीहरूका सहभागिता बिना समाज विकासको कार्य अधुरो नै रहन्छ, र आशा छ कि हाम्रा नारीहरूले पनि/हाम्रा चेलीहरूले पनि आफ्नो इज्जत एवं मर्यादालाई उच्च राखेर राज्य, देश एवं समाज निर्माणमा आफ्नो भूमिकाको निर्वाह ज्यू-ज्यान लगाएर गर्नु हुनेछ अनि भोलिको खुखी सिक्किममा पुरूष समानको हकको दावा लिएर बाँच्न सक्नु हुनेछ।

मलाई आफ्नो लक्ष्यको परिपूर्तिको कार्यभारसँग-सँगै समाजको युवा-पीढ़ीको पनि सम्झना हुँदछ। मलाई लाग्छ कि हाम्रो महान लक्ष्यका सुयोग्य कारीगढ़हरू युवाहरू नै हुन्, र हाम्रो विचार एवं उद्देश्यका सही उत्तराधिकारीहरू पनि युवा पीढ़ी नै हुन्। जोश-जाँगर एवं ताकतले सजिसजाऊ युवाहरूलाई म आव्हान गर्छु कि भोलिको सिक्किम तपाईंहरूकै हो, तपाईंहरूको रचनात्मक सहभागिता बिना भोलि सिक्किम सुन्दर हुने छैन। आफ्नो ज्ञान, विवेक, सीप र सामर्थ्यको प्रयोगले सिक्किमलाई समृद्ध पार्न तपाईं युवाहरू आज नै अघि आउन सक्नुपर्दछ। ज्ञानका ज्योतिले झलमल्ल बनेका युवा तथा विद्यार्थीहरू केवल सरकारी नौकरी मात्र खोजिहिंड्ने मान्छे बन्नु भएन। तपाईंहरूको हातमा सिङ्गै भविष्य छ, सिङ्गै समाज छ, तपाईंहरूले आफ्नो क्षमतालाई चिन्न सक्नु पर्‍यो र सम्पूर्ण समाज रूपले मान्छे बनेर जिउने विचार एवं उद्यम लिन सक्नु पर्‍यो। "शिक्षाको उद्देश्य नोकरी" भन्ने विचार पराधीन भारतमा गुलाम नागरिक जन्माउन अंग्रेजहरूले रोपेको विष वृक्षको फल हो भन्ने कुरा तपाईंहरू बुझेर स्वाधीन बन्ने अठोट आ-आफ्नो मनमा जन्माउनु सक्नु परेको छ अनि यसरी हरेकले अन्तरआत्माबाटै पराधीनताका सबै साङलाहरू तोड्ने अठोट लिनु परेको छ।

सिक्किमको उत्थानमा आफ्नो योगदान दिने सबै सिक्किमेहरू हाम्रा निम्ति पुज्य छन्, प्रातः स्मरणीय छन्। हामीले त्यसै हुनाले सिक्किमका नाउँ उच्च राख्ने सबै विभूति एवं व्यक्तित्वहरूलाई यथोचित सम्मान दिने काम गर्न थालेका छौं। यसैवर्ष सिक्किमको राजनीतिमा विशेष योगदान पुर्‍याएर प्रजातान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निभाउनु हुने पुराना नेताहरूलाई पनि अभिनन्दन गरी मर्यादा दिलाउने कार्य सरकारले गर्दैछ।

हाम्रो राजनैतिक आकांक्षाकै अभिन्न अंग भएर सामाजिक न्याय र सामाजिक समता पन रहेका छन्। हामी सिक्किमका सबै भाषा साहित्य र संस्कृतिलाई संरक्षण एवं सम्वर्द्धन दिन कटिबद्ध छौं। विभिन्न भाषा, साहित्य एवं संस्कृतिको सुरक्षा एवं सम्वर्द्धनले नै सिक्किममा साँचो सामाजिक समतालाई जन्माउन सक्छ भन्ने कुरामा हामी घाम जस्तै अटल र दृढ़ छौं।

प्रजातान्त्रिक मूल्य-मान्यतामा आधारित शासन-व्यवस्थाको तर्जुमा गरेर हामीले प्रजातान्त्रिक ढाँचा-ढर्रामै जनता उन्मुक्त बनेर बाँच्न सक्ने व्यवस्था गरेका छौं। तर सरकारको आस्था र कार्यवाही प्रजातान्त्रि हुँदा-हुँदै पनि जनता भने निरीह र निष्क्रिय बनिरहे सिक्किममा प्रजातन्त्रको भविष्य नरहने कुरा म फेरि पनि दोहोर्‍याउँदछु र आशा गर्छु सिक्किमेहरूका हक-अधिकारको सुरक्षा गर्न जनताले यो प्रजातन्त्रवादी सरकारलाई आफ्नो पूर्ण सहयोग र टेवा दिनेछन् अनि आउँदा दिनहरूमा प्रजातन्त्रलाई संस्थागत गर्न सारा सिक्किमे जनताले स्यमं आफैलाई र आफ्नो समाजलाई प्रजातान्त्रिकीरण गर्दै लानु हुनेछ।

आखिरमा नयाँवर्ष १९९७ ले सिक्किमेली जनतामा नयाँ जोश, शक्ति र जाँगर भरोस् भन्ने

हार्दिक शुभकामना व्यक्त गर्दछु।

जय हिन्द, जय सिक्किम, जय सिक्किमे जनता!

## *अँध्यारो शासनका*

## *हिमायतीहरू तंग्रिन खोज्दैछन्*

*सिक्किम डेमोक्रेटिक फ्रण्टले सत्ता हातमा लिएपछि युगौंदेखि उत्पीड़न र अन्यायमा परेका बहुसंख्यक मानिसहरूका पक्षमा कल्याणकारी र रहतमूलक कामहरू एकतर्फ र अर्कोतर्फ सिक्किमलाई दीर्घकालिन रूपमा स्वावलम्बी र विकसित पार्ने योजनाहरूमा सक्रिय जोर दियो। फलस्वरूप अपेक्षाअनुरूप आम जनगणको लागि फ्रण्ट सरकार दिन-प्रतिदिन आस्थाको केन्द्र बन्दै जान थाल्यो। नवगठित सरकारको लोकप्रिय कार्यक्रम र जन प्रतिवद्धताका कारण डेढ़ वर्षभित्र सहस्त्रौं आरोप र अभियोगहरू "तिपक्ष" बाट लगाइनुको अतिरिक्त पनि एस० डी० एफ० लगभग चुनौतिविहीन र विपक्षविहीन पार्टीको सरकार बन्न पुग्यो। फ्रण्ट सरकारको यही बढ़्दो लोकप्रियताबाट आफ्नो आसन्न राजनैतिक संकट टङ्कारो देखिरहेका विपक्षी दलहरूबाट अभियोग र आरोप — जो नितान्त निराधार र गैर-जिम्मेवार चरित्रका थिए - वर्षाउन शुरू गरिइएको परिप्रेक्ष्यमा आम जनतालाई मुख्यमन्त्री श्री चामलिङ्ले गर्नु भएको सम्बोधन यहाँ प्रस्तुत गरिइएको छ। - सम्पादक*

निर्दोष प्राणीको रगता थुतुना गाड़िरहेको ब्वाँसोबाट त्यो प्राणीको लाश खोसिदियो भने ब्वाँसो रिसाउँछ, र झम्टिन्छ। जनताको धनमा मोज-मज्जा गर्ने भ्रष्टचारी र अत्याचारीहरूलाई त्यसो गर्न रोक लगाइ दियो भने त्यो शोषक रिसाउने गर्दछ। हो, त्यसरी नै जनताको रगत र पसिना चुसेर शासन गर्ने तानाशाहलाई सत्ताबाट पछारिदियो भने त्यो अझ आक्रमक, क्रूर, निर्दयी र पागलसम्म बन्दछ। यो सामान्य नियम हो। संसारभरि यस्तै हुने गरेको छ। हाम्रो सिक्किममा पनि यही भएको छ। चुनाउ अघि चिप्लो कुरा गरेर जनताबाट भोट लिने र सत्तामा पुगेपछि ती जनताको आर्थिक, राजनैतिक तथा सामाजिक हक र अधिकार खोसेर आफू र आफ्ना चेला-चम्चा, अरौटे-भरौटेको निम्ति धन-दौलत जम्मा गर्ने, ऐश्वर्य खड़ा गर्ने जनतामाराहरूले यहाँ १४ वर्षसम्म शासन चलाए। सिक्किम डेमोक्रेटिक फ्रण्टको न्यायपूर्ण नेत्तृत्वमा सिक्किमेली जनताले चलाएको आन्दोलनलाई कुल्चिन तत्कालिन सरकारले गरेको अत्याचारका घाउहरू अझै पनि आलै छन्। जनताको आँधीमय संघर्षले त्यो जनविरोधी शक्तिलाई निर्वाचनमा पछारेर धुलो चटाएपछि सिक्किममा सर्वप्रथम गरीब र मेहनती जनताको सरकार कायम भएखओ छ। शोषकहरूले हेपेका, चुसेका र लुटेका जनताहरू आज विजयको पताका फहराउँदै नयाँ-सिक्किमको निर्माणमा लागेका छन् अनि ती जनताविरोधीहरू भने रिस र डाहले छट्पटाएर सरकारका जनमुखी कार्यक्रमका विरूद्ध विष वान्ता गर्दैछन्। त्यति मात्र कहाँ हो र शोषकवर्गका नेता त बेलाबखत यो सरकारलाई तुरून्तै ढालेर आफू सत्ताको शिखरमा पुग्ने सपनाको महल खड़ा गर्ने गँजड़ी गुड्डी समेत हाँक्तैछन्। अनि उनको ब्रह्मलुटका हिस्सेदारहरू “कतै आफ्ना दिन फर्किने हुन्” कि भन्ने आशामा आफ्ना दाह्रा उद्याउने गर्दैछन्। अब फेरि शासनमा पुगेर सिक्किमे जनताको हाडमासी चुस्ने सपना देखिरहेका जनतामाराहरूलाई म सम्झना दिलाउन चाहन्छु, सदियौंदेखि दमन र शोषणले अचेत बनेका सिक्किमका पाँच लाख जनता सिंह बनेर ब्युँझिसकेका छन्। नयाँ र सुखी सिक्किम निर्माण गर्ने उनीहरूको महान अभियान सामान्त, फटाहा र जालीहरूले रोकेर रोकिने, छेकेर छेकिने कुरा होइन।

हामी सत्तामा आउँदा राज्यको भण्डार खाली थियो। जनताको नामको बजेट हिनामिना गरेर पनि नपुगेर पहिलेको सरकारले चार-पाँच सय करोड़ बाँकीको ब्याज मात्र सालको पचास करोड़ एस० डी० एफ० सरकारले तिर्दैछ। यसरी ऋणमा डुबेको सरकार हाम्रो हातमा आयो। जनविरोधीहरूले चुसेर खोक्रो बनाएको सिक्किमलाई नयाँ र सुखी सिक्किममा फेर्नु सजिलो कुरा निश्चय नै होइन। तथापि जनताको विपुल समर्थन र साथ पाएर हामीले विकास/निर्माणको अभियान शुरू गर्‍यौं। यो अवधिमा एकतिर हामीलाई अभाव र गरीबीमा बाँचेका जनतालाई तत्काल सहायता पुर्‍याउनु थियो भने अर्कातिर राज्यको आर्थिक जीवनलाई मजबुत बनाउनु उद्यमहरू पनि थाल्नु परेको थियो। "मह काड्नेले दुवै हात चाट्नु" भन्ने नेताले १४ वर्षसम्म शासन गरेको राज्यमा न्याय र कानून दबिएको थियो र भ्रष्टचार झ्याँगिएको थियो। हामी यो कठिन अवस्थाबाट राज्यलाई डोर्‍याउँदै अघि बढ़दैछौं भने जनविरोधीहरू जनमुखी कार्यक्रमलाई असफल पार्न न्वारानदेखि बल लगाउँदैछन्। अहिले पनि उनीहरूको त्यो स्वभावमा कुनै परिवर्तन आएको छैन। सिनो खोसिएको गिद्ध झैं जनता विरोधीहरू सिक्किमे जनताको विकासको निम्ति आएको ढिकुटीमाथि राल काढ्दैछन्।

म जनमुखी र सिक्किमे जनताको पक्षमा राजनीति गर्ने राजनीतिज्ञ हुँ त्यसैले मलाई कुनै ढाँटढुँट र छलकपट गर्नु छैन। म जनताप्रति र आफाप्रति पनि इमान्दार छु त्यसैले यो कुरा स्वीकार गर्दछु कि गरीबीको सरकार त बन्यो तर गरीब जनताको आधारभूत समस्याको समाधान अझै हुनको लागि धेरै संघर्ष गर्नुपर्छ र समय लाग्छ।

राज्य सत्ता हातमा लिएर एउटा घोषणाद्वारा राजनैतिक समानताको कुरा गर्न त सकिन्छ तर युगौंदेखि दबिएका जनतालाई व्यवहारमै राजनैतिक तथा आर्थिक रूपले माथि उठाउन एउटा आदेश वा घोषणा पर्याप्त छैन। यसका निम्ति त एस० डी० एफ० – को सिद्धान्तमा आधारित राजनीति गर्ने इमान्दार नेता र कार्यकर्ता भएको विशाल संगठन चाहिन्छ र त्यो संगठनले जनताको बीचमा बसेर उनीहरूको दुःख-सुखमा समान भागीदार भएर लामो समय खट्नु पर्दछ। हो त्यो दिशामा हामीले काम थालेका छौं तर पनि त्यसले चाहे जति गति र वेग समात्न सकेको छैन।

विकासको फलका ठूलो हिस्सा दुरवर्ती गाउँमा असाध्य कष्ट सहेर बाँच्ने गरीब जनतामा पुगोस् भन्ने उद्देश्यले सम्पूर्ण बजेटको ७०% रकम गाउँको विकास र गरीबी उन्मूलनको निम्ति खर्च गर्दैछौं। पुरानो सरकारले सासा सिक्किमे जनताका थाप्लामा ऋणको भारी बोकाएको थियो भने हामीले अब उप्रान्त मनपरी बाँकी नलिने निर्णय गरेका छौं। अघिल्लो सरकारको पालामा रक्सीमा हुने खर्चलाई रोकेर हामीले गरीब जनताका सुकेनासले घाँटी छिन्न लागेका नानीहरू, असाध्य रोगसँग जुझिरहेका तर उपचारको सुविधा नपाएका वृद्ध बाबा-आमाहरूका निम्ति उपयोग गरेका छौं। रक्सी र अन्य कुव्यवहारमा राज्यको बजेट सखाप पार्ने राम्रो कि राज्यको बजेट अभावमा बाच्ने जनताका निम्ति खर्च गर्ने राम्रो? भन्ने कुरा अब सिक्किमे जनताले जानिसकेका छन्। सत्तामा पुग्ने नेता र ठूला अफिसरहरूले विभिन्न ठाउँमा दर्जनौं आकाश छुने महल बनाउने पहिलेका सरकार र त्यसो नगरेर गरीबहरूलाई एकै वर्षमा छ हजार घर बनाइ दिने हाम्रो सरकारबीचको फरक कुन विकेकी सिक्किमेले बुझेका छैनन् र? म चाहन्छु सम्पूर्ण सिक्किमेको आफ्नो घर होस्, आफ्नो ठेगाना होस्। कसैले बेघरबाट भएर सिक्किममा बाँच्न नपरोस्।

ओ० बी० सी०, ट्राइबल तथा सेड्डुल कास्टमा पर्ने समुदायलाई त्यस अन्तर्गतका सुविधाहरू हामीले प्रदान गरेका छौं भने ओ० बी० सी० - मा अन्तर्भुक्त नभएका नेपालीभित्रका जातहरूलाई ओ० बी० सी० मा सामेल गराउन पहलकदमी लिएका छौं। यसका साथै लिम्बू र तामाङलाई ट्राइबलमा सामेल गराउन पनि हामीले प्रयत्न थालेका छौं। यद्यपि यस प्रकारका आरक्षण र सुविधाका सम्बन्धमा विभिन्न बुद्धिजीविहरूले फरक-फरक विचार प्रकट गरेका छन्। कतिपयले त यस्ता विशेष सुविधाले त्यो सुविधा पाउने सम्प्रदायमा “हामी कमजोर रहेछौं” भन्ने मानसिक हीनताबोध (Inferiority Complex) जन्माइ दिन्छ भन्ने धारणा समेत व्यक्त गरेका छन्। हाम्रो रायमा यस्ता सुविधाहरूले पिछड़िएको सम्प्रदायलाई अगाड़ि बढ्नका निम्ति अलिकति मदत त गर्दछ तर कुनै पनि समुदायले पूर्ण प्रगति हासिल गर्न जनता नै संगठित र संघर्षरत रहनु पर्दछ। त्यसको निम्ति प्रतिस्पर्धात्मक मानसिकताको विकास प्रत्येक व्यक्तिमा हुनु नितान्त जरूरी छ। अन्यथा यस्ता सुविधाको ठूलो हिस्सा पनि सम्बन्धित समुदायका सम्पन्न र टाठापाठाले नै कुम्ल्याउने गरेको पनि देखिएको छ।

सिद्धान्त नभएका, छोटा बुद्धि भएका राजनीतिज्ञहरूले जात-जातको कुरा गरेर सिक्किमे जनतालाई टुक्राउने कुचक्र लगाएको कुरा हाम्रो आँखा अगाड़ी छ। आफ्नो जात र नाक-मुखको कुरा गरेर सत्तामा जाने र सत्तामा पुगेपछि दिल्ली, बम्बई आदि ठाउँमा महल ठड्याउनेले कुनै पनि सिक्किमेको हित गर्न सक्तैन। हाम्रो सिक्किममा जातका हिसाबले कुनै पनि जात उत्पीड़क र उत्पीड़ित छैनन्। यहाँ भोटे, लाप्चे, नेपाली तथा अन्य सिक्किमे समुदायको अवस्था एउटा छ। जातले नै गर्दा कुनै जात शोषक र कुनै जात शोषित भएको सिक्किममा कसैले देखाउन सक्तैन। यदि हाम्रा विरोधीहरूसँग हिम्मत छ भने गाउँ — घरमा जात-पातको विषयमा खस्याक खुसुक काम फुक्ने काम छाड़ेर हामीसँग वहस गर्न आउनुहोस् र देखाइ दिनोस् कि जातका हिसाबले कहाँ, कुन जात शोषक र कुन जात शोषित भएका छन् भनेर। म जनतासँग विनम्र बन्दै हाम्रो राजनैतिक विरोधीहरूलाई खुल्ला मैदानमा मसँग वहस गर्ने चुनौति दिन्छु। होइन भने नीतिको राजनीतिमा टक्कर लिउँ। जातभेदको विष लगेर सिक्किमका सरल जनताबीच छर्ने काम रोक्नै पर्दछ। सरकारकोतर्फबाट जातभेदका कुराहरूलाई हामीले खतम गर्ने, दुरूत्साहित गर्ने निरन्तर प्रयत्न गरेका छौं। भाषा र संस्कृतिको क, ख, ग, घ नजान्नेहरूले भाषा र संस्कृति जस्तो भावनात्मक कुरा गरेर जनतालाई फुटाउने कोशिश गर्दैछन्। ती तत्वहरूलाई सारा सिक्किमे जनताले तिरस्कार र घृणा गर्नु पर्दछ। हो, कुनै पनि भाषा र संस्कृतिको स्वस्थ प्रगतिको निम्ति कसैले काम गर्दछ भने त्यसलाई हामीले प्रोत्साहित गर्नु पर्दछ तर भाषा र संस्कृतिको नाममा एक सिक्किमेलाई अर्को सिक्किमेसँग फुटाउने, जुझाउने तत्वलाई भने हामीले सखाप नै पार्नु पर्दछ।

सिक्किमका सबै भाषा र संस्कृतिका राम्रा पक्षहरूलाई हामी समान आदर गर्दछौं। त्यसैले नै हो हामीले राज्यका सात भाषालाई राज्यको मान्यता प्रदान गरिसकेका छौं; तथा लिम्बु, लेप्चा अनि भोटिया भाषालाई राष्ट्रिय भाषाको दर्जा प्रदान गराउन प्रयासरत छौं।

हामी सिक्किमेको साझा किपट भएकाले सिक्किमलाई सम्पन्न र सुखी जनताले भरिएको सिक्किम बनाउने दायित्व पनि साझा नै हो। मजदूरहरूले आफ्ना ज्याबलहरू; किनानले आफ्ना कुटे-कोदालाहरू; लेखक, पत्रकार, वकिल, कवि, कलाकार, शिक्षक, गुरू-आमाहरूले आफ्ना कलमहरू; रंगकर्मीले आफ्ना कुचीहरू सिक्किमको प्रगतिको निम्ति चलाउनु पर्दछ। छात्र-छात्राहरूलाई ज्ञान र शिक्षा हासिल गरेर आफ्नो कौशल र सामर्थ्यले सिक्किम सिंगार्ने लक्ष्य राखेर पढ़न पनि

म आव्हान गर्दछु। त्यसरी नै माथिल्लो तथा तल्लो तहमा काम गर्ने कर्मचारी औ अन्य पेशामा संलग्न सिक्किमेले पनि समृद्ध र सुखी सिक्किमकै निम्ति आफ्ना सामर्थ्यहरू खर्चिनु पर्दछ भन्ने आफ्नो मत म यहाँ राख्न चाहन्छु। युवाहरूले पढ्नुको अर्थ नै जागिर हो भन्ने कुराबाट मुक्त हुनु जरूरी छ। शिक्षा त ज्ञान, सीप र सामर्थ्यको अभिवृद्धि गराउने माध्यम हो। शिक्षा आर्जन गर्नेहरूले फगत जागिले मनस्थिति लिएर मात्र हुँदैन। जीवनका विभिन्न क्षेत्रहरूमा आफ्नो सामर्थ्य देखाउने होड़ हुनुपर्दछ। उद्यम, कला, काव्य, व्यापार आदि विभिन्न क्षेत्रमा आफ्नो दक्षता प्रमाणित गरेर नै हामीले चाहे जस्तो सिक्किमको निर्माण गर्न सक्नेछौं।

हिजो कतिपय ठुला पद र पैसावालाका चिन्ने आँखाबाट आफ्नो कौर्माय जोगाउन चेलीहरूलाई धौ-धौ पर्ने स्थिति रहेको कुरा सायद हामी कसैले पनि बिर्सेका छैनौं। त्यस्तो परिपाटीले आतंकित चेलीहरू आज संघर्षका मुट्ठीहरू कस्दै नयाँ तथा सुखी सिक्किमका निर्माणमा पुरूषको बराबरी काम गरिरहेका छन्। हाम्रा प्यारा चेलीहरूले प्राप्त गरेका यो इज्जत र सुरक्षा अनुभव गर्ने कुरा हो, अनुभूत गर्ने कुरा हो, तौलेर देखाउन सकिने कुरा होइन। प्रजातन्त्रको संघर्षमा चेलीहरूको सहभागिता र योगदानलाई म शिर झुकाएर अभिनन्दन गर्दछु र आउने दिनहरूमा पनि त्यही जोश र उत्साहकासाथ समृद्ध सिक्किमको निर्माणमा जुट्नेछन् भन्ने विश्वास गर्न चाहन्छु।

सामाजिक जीवनको हरेक क्षेत्रमा काम गर्ने सुयोग आज प्राप्त भएको छ। हिजोको तानाशाही कालमा कैयन् प्रतिभाहरू कलिलैमा निमोठिए भने कति सम्भावित महानहरूले अवसरको अभावमा खुम्चिनु पर्‍यो। लामो र कठिन संघर्षपछि हामीले त्यो कुरूप र अप्रजातन्त्रिक परिपाटीलाई पछारेका छौं र प्रजातन्त्रको मिरमिरेमा सिक्किमका पाँच लाख जनता तंग्रिदैछन्, तर अझै त्यो अँध्यारो शासनका पक्षपातीहरू अत्याचारी, भ्रष्टचारी जनतालाई हेप्ने र ठग्ने शोषकहरू हामीले ल्याएको प्रजातंत्रको उज्यालोलाई खतम गरेर आफ्नै अँध्यारो शासन कायम गर्न खाल-खालका झुठा प्रचार र षड्यन्त्र गर्दैछन्। अत्याचारीहरू जुनसुकै पार्टीमा भए पनि, जुनसुकै संघ एवं एसोसिएशन बनाए पनि, जुनै जात र धर्मका भएपनि, जुनै पद र धन्धामा भएपनि यिनीहरूको नीति र उद्देश्य चाहिं एउटै छ – 'जनतामाथि शासन गर्नु र आफ्नो मतलब पूर गर्नु।' यसैले यी मतलबी, जालीहरू आज जनताको शासन कायम भएको देखेर 'मर्नु न बाँच्नु' भएर छट्पटाएका छन्। बौलाहा जस्ता भएर मनपरि बोल्दैछन्। बेकारी देखेपछि "रू. १५००/- बेकारी भत्ता

पाउनुपर्छ” भन्ने  उदेकको माग उठाउँदैछन्। भोटे-लाप्चेलाई देखेपछि “रू. १५००/- भत्ता पाउनुपर्छ” भन्छ, के उदेक!!! देशमा कतै नभएको साथै देशैले उठाउनु नसकेको यो आर्थिक आवस्था आत्मनिर्भर भए हामी त सिक्किमेलाई चाहिए जति र मागे जति सबै कुरो पुर्‍याई दिने थियौं। हाम्रो यो नीति पनि छ, र चाहना पनि छ। तर सिक्किम बिगार्नेहरूले, सिक्किमे जनताको भागको गाँस लुटेर खानेहरूले आज सिक्किमेहरूप्रति माया देखाए जस्तो गर्दा हामीलाई टीठ लागेर आउँछ, हाँसो उठ्दछ। जनतालाई अबुझ ठानेर, जनतालाई जन्तु मानेर आफ्नो मतलब पुरा गर्न चाहनेहरूलाई जनताले कुन ठेगानामा राख्दछन् वा राखेका छन् — त्यो कुरो लोभले अन्धा भएका र स्वार्थले बहिरा बनेकाहरूले बुझ्ने पनि होइनन्, र बुझ्न सक्ने पनि छैनन्। यस्ताहरूलाई इतिहासले तोकिदिएको ठेगानामा राखेर सिक्किम र सिक्किमे जनताको सुरक्षा गर्ने काम नै हाम्रो लक्ष्य हो।

सरकारले राशन कार्ड लोकल (सब्जेट भएका, ट्रेड लाइसेन्स भएका, स्थायी कर्मचारीहरू) - लाई मात्र दिनुपर्छ भन्ने कानून बनाउन खोज्दा “सबैले पाउनुपर्छ, चामलिङले बाहिरको मान्छेलाई हेप्यो” भन्दै बाहिरकाहरूलाई चम्काउने अनि लगतैपछि “सिक्किममा बाहिरका मान्छे ज्यादा पसे, भोटर लिस्टमा बाहिरकाहरूको नाम पस्यो” भन्दै पर्चा छाप्ने, अनि फेरि आफूचाहिं पैसा पाउँदै आफ्नै घर बाहिरकालाई बेच्नेहरूले पैसा पाएमा सिक्किम र सिक्किमे जनता बेच्दैन भन्ने के ग्यारेण्टी? “भोटे-लाप्चे-नेपालीलाई सरकारले छुट्टाउँदैछ” भनी मुखले भन्ने अनि “ट्राइबल भवन” — को नाम चाहिं बदलेर “बी० एल० भवन” हातले लेख्ने। भारत सरकारले मान्यता दिएको ट्राइबल जातिलाई एक नसम्झिनेहरूले भोटे-लाप्चे-नेपालीको सुरक्षा गर्छु भन्नु श्यालले कुखुराको सुरक्षा गर्छु भने जस्तो हुँदैन त?

यसलैकारणले गर्दा आज संघर्षशील सिक्किमे जनताले बुझ्नु परेको छ, यी षड़यंत्रकारी जात बचाउने, ट्राइबल बचाउने, सेड्युल्ड कास्ट बचाउने, ओ० बी० सी० बचाउने, एन० बी० सी० बचाउने, धर्म र जात बचाउने मुखण्ड लगाएर सिक्किमे जनतालाई आपस्तमै झगड़ा लगाएर, मारकाट गराएर आफ्नो मतलब पूरा गर्न षड्यन्त्र गर्दैछन्। मैले बारम्बार भन्दै आएको छु, र यहाँ पनि याद दिलाउन चाहन्छु कि उनीहरूको मतलब भनेको अरू केही नभएर जसरी भएपनि सत्ता हत्याउनु र जनतालाई धली-मली गरेर राज्यको धनलाई खानु बाहेक अर्थोक केही होइन।

त्यसैले ती गरीब जनताको विरूद्ध आफ्नो मात्र भलो चाहने स्वार्थी तथा सत्ता लिप्साले छट्पटाएकाहरूलाई राजनैतिक रूपमा ध्वस्त गर्ने काम पनि हाम्रो साझा जिम्मेवारीभित्रै पर्दछ। अन्याय, अत्याचार, शोषण, जातभेद, अहंकार जस्ता समाजलाई कुरूप बनाउने कुराहरू विरूद्ध सम्झौताले भरिएको सुन्दर सिक्किमको निर्माणमा एकजुट हुने अठोट गर्न अनुरोध गर्दछु, किनकि त्यो सफलता नै हाम्रो महान विजय हुनेछ।

संघर्षशील अभिवादनसहित!

## डिग्री थाप्ने र चाकरी गर्ने
## प्राणी जन्माउने शिक्षा, शिक्षा होइन

*सिक्किम सरकारी महाविद्यालय, गान्तोकको वार्षिक कार्यक्रम (१९९६) - मा प्रमुक अतिथिका आसनबाट बोल्नु हुँदै मुख्यमन्त्री श्री पवन चामलिङले शिक्षा एवं शिक्षा नीति सम्बन्धी लामो व्याख्या दिनु भएको थियो। आफ्नो परिकल्पना अनुरूपको भावी समाजको निम्ति शिक्षा तथा शिक्षित मानिसहरूले खेल्न सक्ने भूमिका सम्बन्धमा उहाँको त्यो व्याख्यान एकतिर केन्द्रित थियो भने अर्कोतर्फ शिक्षाको बिग्रँदो स्थिति वा शिक्षा सम्बन्धी गलत धारणा एवं त्यसको परिणति सम्बन्धमा नव-पिढ़ीको ध्यानाकर्षण गर्नेतर्फ लक्ष्यित थियो। यहाँ त्यही व्याख्यानको संक्षोपांश प्रस्तुत गरिइएको छ। - सम्पादक*

आदरणीय शिक्षक-गण, प्यारा विद्यार्थी भाई-बहिनीहरू तथा उपस्थित अभिभावक एवं भद्र - महिला, सज्जनगण,

सरकारी महाविद्यालय, गान्तोक वार्षिक समारोहमा निमन्त्रणा दिएर मलाई केही कुराहरू बोल्ने यो अवसर जुराइदिनु भएकोमा म महाविद्यालय – कर्तृपक्षप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो कुरा राख्ने अनुमति चाहन्छु। विद्यार्थी-अभिभावकहरूसँग कुराकानी गरिरहने मौका सधैं पाइरहन मैले नसकेकोले आजको यस अवसरलाई म विद्यार्थीहरूकै समस्याबारे बोलेर उपयोग गर्न चाहन्छु।

सर्वप्रथम शिक्षाको मूल तात्पर्य के हो भन्नेबारे नै आज हाम्रा विद्यार्थीहरूले स्पष्ट हुनुपर्ला भन्ने म ठान्दछु। यसै त यो एउटा तर्ककै विषय आजसम्म रहेको छ। मानवको सर्वाङ्गीन विकास गर्नु शिक्षाको उद्देश्य मानिन्छ। शारीरिक, मानसिक र आत्मिक विकास गर्नुपर्छ शिक्षाले भनी गान्धीजीले भनेका थिए। परिभाषातिर नगएर साधारण प्रकारले शिक्षालाई बुझ्ने कोशिश गर्दा के थाहा पाइन्छ भने शिक्षा भनेको संसारबारे आफ्नो अनुभवको सामान्यीकृत निचोड़ हो अनि पुस्तकहरू ती अनुभवको अभिव्यक्ति मात्र हुन्। किताबमा पहिले लेखेको कारणले विशेष ऋणमा विशेष फूल फुलेको होइन। अमेरिकाको वर्णन पहिल्यै गरेकोले कोलम्बस पछिबाट यात्रा गर्न निस्केका होइनन्।

आज इतिहासमा जति युद्ध र सभ्यताहरूको वर्णन छ ती सबै सैयौं तथा हजारौं वर्ष अधिका घटनाहरू थिए जसलाई पछिबाट इतिहासकारहरूले शब्दको रूप थिए!

दुर्भाग्यको परिस्थिति छ आज शिक्षाको। अधिको पिढ़ीले सोझै संसारबाट अनुभवको शिक्षा पाए अनि सही अनुभवको शिक्षाको आधारमा सहजैसित आफ्नो संसार चलाए तर आज शिक्षा शब्दसम्म सिमीत रहेको छ।

आजको शिक्षामा संसारको होइन तर शब्दको अनुभव मात्र छ। यो आजको शिक्षाकै दोष हो कि जीवनको स्तर बढ़ाउनुको सट्टा शिक्षाले जीवनको स्तर निरन्तर झार्दै लगेको छ, घटाउँदै लगेको छ। सर बी९ सी० राय अक्सफोर्डमा विद्यार्थी छँदाको कुरा तिनले एकठाउँ लेखेका छन् – प्रमाणपत्र माग्दा उनलाई विभागका अध्यक्षले भनेका थिए ‘त्यो कागजको टुक्रामा किन त्यति सारो चिन्ता गरेको?

तिमी स्नातक भएको प्रमाण त कागजको टुक्रा होइन तर तिम्रो प्रत्येक व्यवहारमा झल्किनु पर्छ। तिम्रो हिंड्‌ाई, बोलाई, पहिरन, व्यवहार, सबै थोकमा तिम्रो स्नातक भएको छाँट हुनुपर्छ। कागजकै टुक्रामा भर पर्ने हो भने त्यो हराएको दिन के गर्छौ? तिमी त स्नातक नहुने रहेछौ! यस कुराले बी० सी० रायको जीवनमा ठूलो प्रभाव पार्‍यो, तिनी बङ्गालको मुख्यमन्त्री हुन पुगे। विभाग अध्यक्षको भाषणले उनलाई ठूलो शिक्षा दियो।

असल शिक्षाले मानिसलाई आफ्नो समय चिन्ने बनाउँछ। आफ्नो देश र समाजको परिस्थिति ठीकसित विश्लेषण गर्न सिकाउँछ अनि परिस्थितिको निम्ति उपयुक्त नागरिक तैयार पार्छ। अंग्रेजहरूले भने India is a rich country with poor people भएको यो धनी देश कसरी भयो त? शिक्षाको अर्थ नबुझेका डिग्रीधारीहरू देशभरि भए। शिक्षाले त मानिसलाई स्वतन्त्र बनाउनको साटो चाकरीको दास पो बनायो। कलेज र विश्वविद्यालयबाट आत्म-निर्भर भएर निस्कनुको साटो, अरूलाई पनि आश्रय दिनको साटो आफै आश्रित भएर निस्के। देशको जति प्राकृतिक सम्पदाहरू छन् त्यसको ठीकसित प्रयोग भएन। अंग्रेजहरूले ढुङ्गै-ढुंगा भएको टापुबाट आएर भारतमा मलिलो जमीन भएको विस्तृत तराऊ देखे। समुन्द्रसित सम्पर्क पनि छदै थियो भारतको दक्षिणमा। यो देश त धनी हुनु पर्ने तर आफ्नो देश अनुकुलको शिक्षा नीति भारतवासीहरूसित नभएर नै भारतवासीहरू गरीब भए। यसबाट एउटा कुरा स्पष्ट हुन्छ, किताब पढ़नु मात्र शिक्षा होइन। आफ्नै समाज र आफ्नो वातावरण बुझ्नु सबैभन्दा ठूलो शिक्षा हो।

असल शिक्षाले एउटा योग्य नागरिक तैयार पार्छ अनि जो योग्य छ उसलाई जीविका धान्न गाह्रो पर्दैन। तर अचेल शिक्षाद्वारा योग्य नागरिक बनिनुको साटो मानिसहरू जिविकाको मेरो मात्रै शिक्षाद्वारा हुन्छ भन्ने सोच्छन्। खेतबारी कहिल्यै नदेखेकाहरू कृषि विज्ञान पढ्छन् अनि बाटोको टुप्पोमा अलैंची खोज्छन्। यस्तै परिस्थिति देखेर हो, भारतका स्वर्गीय प्रधानमन्त्री श्री राजीव गान्धीले नौकरी र शिक्षालाई अलग राख्नुपर्छ भनी एकसमय अभियान चलाएका थिए। अमेरिकाका धेरै नागरिकले विश्वको मानचित्रमा अमेरिका कहाँपर्छ त्यो देखाउन सक्दैनन् भन्ने कुरा National Geography नामक अमेरिकी पत्रिकामा छापिएको थियो। अमेरिकामा थोरै मानिस मात्र स्कूल पढ्छन्। धेरैले सानै उमेरदेखि आफ्नो पैतृक पेशा समाउँछन्।

बाबुको ग्यारेज छ भने छोरा पनि फिटरको कामना सानैदेखि लागिहाल्छ। रेडियो तथा टी० भी० मेकानिकको छोरा मेकानिक नै हुन रूचाउँछ या सानै उमेरदेखि परिवारबाटै त्यही पेशाको तालिम पाउँछ। हामी भने त्यसको ठीक विपरीत छौं। आमा-बाबुले खेती, बेपार जे सुकै गरे तापनि छोरा-छोरीलाई सरकारी नोकरीमा लगाउन नै मरिहत्ते गर्छौं। भारतभरि गाउँ छाड़ेर शहर पस्नेहरूको पछि चाकरीकै मानसिकता छ। शिक्षित भएर मानिस चाकर हुन रूचाउँछ भने त्यस्तो शिक्षालाई कसरी शिक्षा भन्ने?

प्रत्येक पिढ़ीमा शिक्षाले मानिसलाई उदार, अन्ध-परम्परा विरोधी र प्रगतिप्रेमी बनाएर लगेको ऐतिहासीक तथ्य हाम्रा सामुन्ने छन्। मानिस-मानिसमाझ अस्पृश्यताको भावना १९ औं शताब्दीसम्म व्याप्त थियो, सतीप्रथा भारतीयहरूको गौरवशाली परम्परा थियो, बाल विवाहले समाजमा सबै वर्गबाट मान्यता पाएको थियो। धर्मसित जोड़िएर आएका यी कुसंस्कारहरू शिक्षाले हटाउँदै लग्यो। प्रष्ट छ कि शिक्षासँग त्यो क्षमता र आग्रह छ जसले मनुष्य र मनुष्यको समाजलाई परिमार्जित गर्दै अगाड़ि बढ़ाउन सक्दछ। समाज परिमार्जित बनाउनलाई अघिल्ला पिढ़ीले धेरै कष्ट सहनु परेको छ। समाजलाई शिक्षित अनि अन्धविश्वास मुक्त तुल्याउने प्रयासमा धेरै मानिसहरू शहीद भएका छन् इतिहासमा। नक्षत्रहरू अध्ययान गर्ने यन्त्र, टेलिस्कोप आविस्कार गरेको सजायस्वरूप ग्यालिलियोको आँखा फुटाइएको हो। जुन अक्सीजन ग्यासले आज औषधी विज्ञानको क्षेत्रमा धेरै असंभवहरूलाई संभव तुल्याएको छ त्यसको आविस्कार गर्ने फ्राञ्च वैज्ञानिक लेभोसियर्सको प्रयोगशालामा हमला भयो। रातारात भागेर उनले प्राण बचाए। अमेरिका पुगे, जहाँ प्रजातन्त्रका हिमायती थोमस जेफर्सन सत्तासीन थिए, आफ्नो विद्वान सल्लाहकारहरूको हुल्दामा लेभोसियर्सलाई पनि पाएकोमा नितान्त खुशी भएको बताउँदै जेफरसनले भरी सभामा भनेका थिए – "संसारलाई यतिको सुन्दर तुल्याउनुमा दर्जनेक तपाईं झैं सुन्दर रचनात्मक मानिसहरूको हात छ।"

तर हाम्रो आजको पिढ़ी ज्यादै किताबी भयो। अब पातहरू पनि किताबमै झर्छन् तथा फूलहरू पनि किताबमै फुल्छन्। किताबमै हावा जहाज उड्छ। एउटा शिक्षित मान्छे (पढ़ा-लिखा) भेट्दा मान्छे नभेटेर किताब भेटे जस्तो हुन्छ। शिक्षाको पछि जुन दर्शन छ त्यो आजको हाम्रो समाजमा लुप्तप्रायः छ।

३२७ ई० पु० मा स्तागिरा भन्ने स्थानदेखि बाघ, भालु लाग्ने घना जङ्गल पार गरेर एरिष्टोटल महिनौं दिन हिंड़ी एथेन्समा प्लेटोको प्रसिद्ध एकाडेमीमा शिक्षा हासिल गर्न आइपुगेका थिए। ग्रीक यात्रु मेगास्थनीज तथा चीनी यात्रु फा-हियान अनि व्हेनसाङबारे पनि हमीले सुनेका छौं। भारतबारे जान्न कुनै किताब थिएन, जसरी आज हामी घर बसेरै संसार हेर्न तथा पढ्न सक्छौं। त्यससमय त कुनै ठाउँबारे बुझ्न त्यहीं जान पर्थ्यो। साँचो ज्ञान प्राप्त गर्नलाई धेरै प्रकारका खतराहरूको सामना गर्नु पर्थ्यो। भारतमै पनि गुरूकुल थियो। घर छाड़ेर वर्षौं गुरूको सेवा गरेपछि शिक्षा पाइन्थ्यो। अचेल त स्वयं गुरूहरू Side Business तिर लागे राजनीतितिर पसेर विद्यार्थीको भविष्य चौपट्ट पार्न थालेका उदाहरणहरू छन्। किताबदेखि कहिले फुर्सद पाइएला भन्ने चिन्ता हुन्छ विद्यार्थीलाई फलतः शिक्षाको चरित्र निर्माणमा कुनै महत्व देखिंदैन।

असल शिक्षाले मानिसलाई साहसी बनाउँछ अनि सबैप्रकारको समस्या तथा परिस्थितिको सामना गर्न सिकाउँछ। शिक्षाको मेरूदण्ड कमजोर भएको कारणले ससाना समस्यामै अचेल मानिसहरू आत्तिन्छन् अनि संघर्षको सट्टा अनैतिक विकल्पको खोजीमा लागिहाल्छन्।

शिक्षा भनेको विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयहरूतिर गएर किताबी ज्ञान हासिल गर्नु मात्र बुझेको छ आजको पिढ़ीले। वास्तवमा हाम्रो परिवेश र प्रकृति नै हाम्रो निम्ति सबैभन्दा विशाल पुस्तक हो। जसले परिवेश र प्रकृति बुझेको छ उद्वारा मात्र परिवर्तनको आशा राख्न सकिन्छ। परिवर्तन प्रकृतिको नियम हो भनिएको छ – Nothing is as permanent as change.

हाम्रा युवाहरू आज दिग्भ्रान्त छन्। सिमित किताबी शिक्षा लिएर अब त पढ़ेर सिध्याएँ, 'अब चाकरी गर्छु भन्ने ठान्छन्। शिक्षा त आजीवन चलिरहने प्रक्रिया हो। सन्तुष्टि होइन, शिक्षाले सँधैं मानिसलाई असन्तुष्टितिर लान्छ। संसारमा/समाजमा यति धेरै विरोधभाषहरू छन् कि साँचो अर्थमा-शिक्षित मान्छे सधैं दुःखी तथा चिन्तित रहन्छ। कबीरले यस्तै परिस्थितिको अनुभव स्वरूप लेखेका छन् –

सुखी जग है खावै और सोवै!
दुःखी दास कबीर जागै और रोवै!

जाग्ने प्रत्येक मान्छे प्रत्येक पिढ़ीमा रोएको छ। व्यक्तिगत पिढ़ाले होइन तर समाजमा व्याप्त विरोधभाष देखेर मानवताको मायाले रोएको छ। यो जागो मानिस भनेको शिक्षित मानिस भनेको हो। जाग्नुको अर्थ उज्यालो हुनु अर्थात ज्योति फैलनु हो। अज्ञानताको अन्धकारलाई हटाउनु पर्छ शिक्षाले। शिक्षामा त्यो क्षमता छैन भने त्यो शिक्षा त ज्योतिद्वारा नै अन्धकार फैलिएको झैं हुनजान्छ। आजको परिवेशमा झण्डै त्यस्तै स्थितिमा पुगेको छ शिक्षा मानवताको कल्याणको पक्षमा हामी फेरि एकमत भएर गहनतापूर्वक घोत्लिने समय आएको छ।

## रचनाशील बनौं,
## नव ज्योत्स्नाले सिक्किम झलमल्ल पारौं

*नयाँ सिक्किम र सुखी सिक्किम निर्माण गर्ने घोषणासँगै नयाँ राजनीतिक दलको प्रतिष्ठा गरी राजनैतिक नेतृत्वको शुरूवात गर्नु हुने सिप्रमो अध्यक्ष श्री पवन चामलिङको यो आव्हानमा उहाँको त्यही राजनैतिक लक्ष्य परिलक्षित छ। नयाँ समाज निर्माणको लक्ष्य सहितको सरकार बनेपश्चात पनि गैर-प्रजातान्त्रिक बानी - बेहोराहरू सामाजिक जीवनमा भक्रेल्तै रहिरहनु र त्यस विरूद्ध निशाना दाग्ने उत्साहको कमी प्रजातान्त्रिक सिद्धान्तका समर्थक एवं अनुयायीहरूमै पनि देखा पर्न नछाड्नुले घोषित राजनैतिक उद्देश्य-प्राप्तिको दिशामा आइरहेका बाधाको विरूद्ध यो सम्बोधन खड़ा छ। यो सम्बोधन सरकारले आफ्नो कार्यकालको झण्डै तेइसौं महीना पूरा गरेपछि जारी गरिइएको हो।*

*- सम्पादक*

शदियौंदेखि अन्याय, अत्याचार एवं व्यभिचारको बलमा एक-मुट्ठी गिने चिनेका शोषकहरूले रावणले सीता हरे जस्तो सिक्किमे जनताको भाग्य हरेको हिजोको दुर्दशा अब क्रमशः सिक्किमबाट अस्ताउँदै जाँदैछ। सिक्किमे जनताको आत्ममा युगौंदेखि छुपेको न्यायको अदम्य चाहना हाम्रो पार्टीको अगुवाईमा भएको प्रजातान्त्रिक आन्दोलनमा जुन उच्च शौर्य एवं बहादुरी सहित अभिव्यक्त भयो, त्यसले यही यथार्थलाई पुष्ट गर्दछ।

निरंकुश दमनको पहाड़ैले छोप्दा पनि जनचेतनाको हरित विरूवालाई मार्न सकिंदैन भन्ने नैसर्गिक सत्य हाम्रै सिक्किममा पनि आज प्रामणिक रूपमा सत्य साबित भइसकेको छ। हिजोसम्मको जनविरोधी एवं अन्यायी परिपाटीलाई ढालेर सिक्किम डेमोक्रेटिक फ्रण्टको नेतृत्वमा जनताले जनताको राज कायम गरेबाट यो स्पष्ट भएको छ। न्याय, स्वाधीनता र उन्मुक्तिको लागि छट्पटाएका सिक्किमे जनताको सपना, आकांक्षा र अभिलाषाको समवेत स्वर बनेर प्रजातन्त्र उदित भएखऐए आज यो झन्भन्दा झन् मजबुत र दह्रिलो बन्दै गएको छ र जाँदैछ।

शोषण एवं उत्पीड़नको भट्टीमा तपिएर तम्तमाएका जनताको भावना र सपनाको मूर्त रूप नै आजको प्रजातन्त्र भएकोले यसको संरक्षण एवं सम्वर्द्धनका लागि सिक्किमेहरू झन् भन्दा झन् जागरूक बन्नु आजको पहिलो अभिभारा हो। सिक्क्मिमा हाम्रो पार्टी एस० डी० एफ० — को नेतृत्वमा उठेको जन-ज्वारले जन्माएको प्रजातन्त्रलाई स्याहरा-सम्भाह गरी सिक्किमे समाजलाई नै पूर्ण प्रजातन्त्रिक समाज बनाउन सकिएमा मात्र हामीले जनताको आकांक्षा पूरा गरेका हुनेछौं। त्यसोस्ले आज बहाल गरिइएको प्रजातन्त्रलाई कुनै पनि अर्थमा कमजोर बन्न नदिई अरू सबल एवं सक्षम बनाउँदै लग्नु हामी सबैको काँधमा इतिहासले सुम्पिएको साझा जिम्मेवारी हो। सबै प्रकारका स्वाधीनता चाहे त्यो वाक् स्वाधीनता नै होस् - लाई हामी दुरूपयोग नगरौं र राज्य, समाज एवं देशलाई क्षति पुग्ने गरी तिनलाई प्रयोग गर्ने गैर-जिम्मेवार व्यक्ति हामी नबनौं। यहाँ म के कुरा पनि स्पष्ट गरिराख्न चाहन्छु भने यदि कुनै व्यक्ति, गोष्ठी वा संघ-संस्थान त्यस किसिमका गैर-जिम्मेवार एवं गैर-प्रजातान्त्रिक क्रिय-कलापमा संलग्न पाइए राज्य, समाज एवं देशको हितमा हामी सख्त कार्यवाही गर्नेछौं। म समस्त सिक्किमे जनतालाई

विनम्रतापूर्वक आव्हान गर्दछु, तपाईंहरू अनुशासनको सीमामा बसेर सिक्किम राज्य एवं भारत देशको प्रगति र उत्थान गर्ने दिशामा सम्पूर्ण रूपले रचनात्मक काम गर्न अग्रसर बन्नु होस् र सिक्किमलाई नव बिहानी जस्तै सुन्दर न्यायको ज्योत्स्नाले झलमल्ल पार्न नयाँ सिक्किम सिर्जनामा जुट्नु होस्।

यस महत काममा जुट्नुहुने सबै प्रजातन्त्र-प्रेमीहरूले विगतका सम्पूर्ण गैर-प्रजातान्त्रिक संस्कार एवं परिपाटीलाई आत्मैबाट अस्वीकार गरी नयाँ परिपाटीको थालनी गर्नु हुनेछ। एउटै व्यथा, एउटै दर्द भएका एकै आँतका सिक्किमेहरूलाई जात-जातमा फुटाएर नितान्त व्यक्तिगत फायदा लुट्न खोज्नेहरूलाई जोरदार ढंगले प्रतिरोध गरी जन-एकताको शानदार उदाहरण तपाईंहरूले सिक्किममा देखाउनु हुनेछ। त्यसको साथै सिक्किमको धार्मिक सहिष्णुतालाई प्रजातन्त्रको एक अभिन्न अंग मानेर धार्मिक सद्भावनालाई मजबुत पार्न तपाईं समस्त सिक्किमे जनताले आ-आफ्नो पक्षबाट अन्याय, अत्याचार, शोषण र भ्रष्टचारलाई सखाप पारी जनतालाई न्याय, अधिकार र शान्ति दिने यो अभियानमा तपाईंहरू प्रजातन्त्रको पंक्तिमा अग्रदस्ता (Vanguard) बनेर देखापर्नु हुनेछ जनताको राजलाई बलशाली बनाऊ उनीहरूलाई सामाजिक, आर्थिक एवं राजनैतिक हक दिलाउन अन्यायी, अत्याचारी अनि व्यभिचारीलाई निशाना-मेट पार्न तपाईंहरू सर्वदा जाग्रत रहनुहुनेछ। व्यक्तिगत स्वार्थका लागि समाज एवं जातिलाई नै जुवा खेल्नेहरू आज पनि शेष नभएकोले र जनतामारा आज पनि भोकाएको अजिङ्गर जस्तो मौका पर्खेर बसि नै रहेकोले त्यसको टाउको फोर्न प्रजातन्त्र एवं जन एकताको हम्मर तपाई सबैले आ-आफ्नो पक्षबाट उठाउनु नै हुनेछ। म आश्वस्त छु, तपाईं सम्पूर्ण पौरखी सिक्किमे जनता आफूमाथि युगौंदेखि भएको दमन र अत्याचारको रोषलाई शक्तिमा बद्लेर यो ऐतिहासिक अभियानमा म र हाम्रो पार्टी सिक्किम डेमोक्रेटिक फ्रण्टलाई आफ्नो जुझारू सहयोग दिनु नै हुनेछ।

# जनताको सचेत सहभागिता
# बिना प्रजातन्त्र सम्भव छैन!

आदरणीय सिक्किमेली जनसमुदाय,

पाँचौं प्रजातन्त्र दिवसको यो न्यानो क्षणमा प्रजातन्त्रको एक सिपाहीको जोशपूर्ण अभिवादन स्वीकार्नु होला! त्यसका साथै नववर्ष १९९७ को सुखद उपलक्ष्यमा र एस० डी० एफ० सरकारले सफलतापूर्वक दुइवर्ष पूरा गरी तीन वर्षको लग टेकेको उपलक्ष्यमा आड प्रजातन्त्र दिवसकै सुखद क्षणमा तपाईंहरूप्रति म शुभेच्छा र वधाई ज्ञापन पनि गर्दछु।

शुरूमै म स्पष्ट पारूँ, हामी सत्ता दिवस मनाउन गइरहेका छैनौं। आज हामी प्रजातन्त्र दिवस मनाउँदैछौं। सिक्किम र सिक्किमेको छातिमाथि आइपरेको तानाशाही जोर-जुलुमलाई ध्वंश गर्ने र जनताको शक्तिमा चल्ने जनताकै सरदार गठन गर्ने विचार एवं ध्येयले हामी एक गठ भएको दिनलाई आज स्मरण गर्दैछौं, याद गर्दैछौं। चारवर्ष अघि यसै दिन अर्थात् ४ मार्च, १९९३ को दिन सिक्किम र सिक्कमे जनविरोधी मतान्ध शासकलाई जनताको ताकत र बल चिनाउने प्रण गरेर जनता गोलबद्ध भएको दिनको सम्झना गर्दैछौं हामी। सत्तामा बस्ने र तिनका वरिपरि घुम्नेहरूबाट त्यसबेला जनताले भोग्नुपरेका हप्की-दप्की, थिचो-मिचो, अत्याचार, पीर-मर्कालाई अन्त्य गरेर जनतालाई मुक्त बनाउने अठोट बाँधेको दिनको सम्झना आज गर्दैछौं हामी। त्यसबेला न हामीमा सत्तामा पुग्ने लोभ र लालच नै थियो; न त भोग चलनले सिकाए माफिक सत्ताको सौदागर बनेर जनताको हाडमासीको हिस्सावण्डा गरी हिंसा गर्ने हाम्रो उद्देश्य र लक्ष्य नै थियो। त्यसको उल्टा हामी त्यस्ता प्रचलनलाई सिक्किममा बिल्कुलै बन्द गर्ने/खतम गर्ने, कसम र अठोट लिएर संगठित एवं संकल्पित थियौं। त्यसैले म समस्त न्यायप्रेमी र प्रजातन्त्रवादी सिक्किमे जनगणसँग आज पुनः एकचोटी हाम्रो शरूको संकल्प, अठोट, विचार र लक्ष्यलाई छात्तिमा हात राखेर सम्झने र दोहोर्‍याउने निवेदन गर्न चाहन्छु। म पुनः एकपटक प्रजान्त्रका योद्धा-साथीहरूलाई हाम्रो व्यवहार र

मानसिकतालाई हाम्रै सपना र आदर्शहरूसँग जोखेर हेरिदिने अनुरोध गर्न चाहन्छु। प्रजातन्त्र दिवसको स मौकामा म फेरि पनि अन्याय अत्याचार र उत्पीड़न अन्त गर्ने साझा संकल्पलाई दह्रो पार्ने आव्हान समस्त सिक्किमे जनगणसँग गर्न चाहन्छु!

सिक्किममा प्रजातान्त्रिक आन्दोलनलाई संगठित गर्नकै निम्ति एस० डी० एफ० गठन गर्न इतिहासले हामीलाई अह्रायो। हामीले त्यसै गर्‍यौं। जनावजलाई लाठी र बल-बन्दुकले दबाएर नदबिने इतिहासको नियम हाम्रो सिक्किममा पनि लागू भयो। जनताको दमित आकांक्षा र सपना एस० डी० एफ० को गठनसँग-सँगै बौरी उठ्यो। त्यसैले त एस० डी० एफ० छोटो समयावधिभित्रै सर्वाधिक लोकप्रिय र जनताको पार्टीको रूपमा स्थापित हुनसक्यो। चाँड़ै नै पार्टीको जनपक्षीय नीति र कार्यक्रमले पाएको साथ-समर्थन यति बलशाली र विराट बन्यो कि सत्ताको बलले घमण्डिएका शासक धुलोमा पछारिन पुग्यो र सिक्किमको इतिहासमा पहिलोपटक जनताको राज कायम भयो। यो एकातिर सिक्किमे जनताको विजयको शुरूवात थियो भने अर्कोतिर यो नै हाम्रो निम्ति अर्को विराट चुनौति पनि थियो।

सयौं-सयौं वर्षदेखि बिग्रेजो कुरा एक-दुइ वर्षमा ठीक पार्न खोजेर ठीक पार्न सकिने कुरो होइन। फेरि त्यस प्रकारको अपेक्षा गर्नु तर्कसम्मत र सही कुरो पनि होइन। तर सरकारमा आएपछि हामीलाई त्यो कठीन कार्यभार पनि बोक्नु पर्ने चुनौति आइपर्‍यो। पूरै व्यवस्थालाई परिवर्तन गर्ने हाम्रो घोषित लक्ष्य रहेकोले यो चुनौतिलाई स्वीकार्नु हाम्रो निम्ति नैतिक वाध्यता र जिम्मेवारी नै हुनु स्वाभाविक थियो, हामीले त्यसलाई स्वीकार गर्‍यौं।

जनताको पक्षमा उच्च इमान्दारीता र सच्चा लगनले हामीले आफ्नो कार्यभारलाई वहन त गर्‍यौं तरै पनि हाम्रा सामू वाधा-व्यवधान र अड़चनहरू पाइला-पाइलामा काँड़ा बनेर तेर्सिन थालिहाले। शदीऔंदेखि दबिएका र हेपिएका भोका-नाङ्गा जनतालाई तत्काल सहारा पुर्‍याउनु पर्ने जिम्मेवारीबोधले हामी एकापट्टि आत्तिएका थियौं भने अर्कोपट्टि पुराना, थोत्रा र जनविरोधी व्यवस्थाको हाँगाबाट पलाएका विचार र मानसिकतालाई उखेलेर नयाँ विचार र सोचाई रोप्नुपर्ने आतुरी हामीले महसूस गर्‍यौं। त्यही क्रममा आज मलाई यो कुराको घोषणा गर्न पाउँदा गर्व लाग्छ कि हामीले रात-दिन एक बनाएर काम गरेपछि चुनाउ घोषणा-पत्रमा उल्लेखित र हाम्रो राज्य सरकारको क्षमतामा सीमित सबै कामहरू

दुइवर्षभित्रमै गरिसिद्यायौं। तर अझै पनि गर्नुपर्ने कामको डंगुर रास र जिम्मेवारी हाम्रो सामू छ।

प्रजातान्त्रिक आन्दोलनले सिकाएका पाठहरू र जनताको पक्षमा सरकार चलाउँदा पाएका शिक्षाहरूका आधारमा आज म भन्न सक्छु, जबसम्म जनता स्वयं प्रजातन्त्रको जागरूक हिस्सा बन्दैनन्, व्यवस्था परिवर्तन र साँचो क्षमताको हस्तान्तरण सम्भव छैन। हामीले विकास बाँड्न मात्र हात फैलाउने तर प्रजातन्त्रमाथि आइपरेको संकटहरूलाई सामना गर्ने बेलामा हात बाँधेर बस्ने जनता भइदिए भ्रष्ट जनविरोधी, स्वार्थी र अत्याचारीहरूकै दिन फर्किने कुरा पक्का छ। हामीले सरकारको पक्षबाट गर्नुपर्ने र सरकारको क्षमताभित्र पर्ने कुनै पनि काम बाँकी राखेका छैनौं। तरै पनि प्रजातन्त्रलाई संस्थागत गर्ने काम अझै पनि ज्यूँको त्यूँ छँदैछ। एकातिर विकासका कामहरू गर्नुपर्ने जिम्मेवारी र अर्कोतिर प्रजातन्त्रलाई सुदृढ़िकरण गर्नुपर्ने अनिवार्यताको बीच सरकार सर्वोच्च इमान्दारीताका साथ काम गर्दछ; तरै पनि अपेक्षा अनुरूपको काम हुन यसकारणले हुन सकिरहेको छैन किनकि यी कामहरूमा जनताको सहभागिता अझै पनि सोचे र आशा गरे अनुसारको हुन सकिरहेको छैन। जनताको एउटा ठूलो हिस्सा अझै पनि प्रजातन्त्रका दुश्मन र जनताका शत्रूहरूले षड़यन्त्रपूर्वक ढंगले फैलाएका हो-हल्लाको पछि दगुर्ने प्रवृति लिएर घुम्दैछन्। सिक्किमेली जनसमुदायलाई म सविनय आग्रह गर्न चाहन्छु कि केवल माग मागेर वा अधिकारको आशा गरेर मात्र प्रजातन्त्र फस्टाउन र फल्न-फुल्न सक्दैन। प्रजातन्त्रलाई दह्रिलो-भरिलो पार्नका निम्ति त जनता नै सजग रहनु पर्दछ। आफ्ना कर्तव्य र उत्तरदायित्वहरूप्रति चाहिं जनता उदास रहने अनि पाउनुपर्ने अधिकारहरूप्रति चाहिं अति आग्रही बन्ने प्रवृति प्रजातान्त्रिक सोंच र विचार होइन। त्यसैले जनताले आफ्ना अधिकारको हिस्सा खोज्ने मात्र होइन, प्रजातन्त्रलाई टेवा र टेको दिनुपर्ने आफ्नो गहन जिम्मेवारीलाई पनि वहन गर्नपर्छ।

आदरणीय जनसमुदाय,

आज हाम्रो नेतृत्वमा आएको नवजात प्रजातन्त्रलाई निमोठ्न र जनताका अधिकारहरूलाई कुम्ल्याएर ढिकुटी भर्न खोज्ने एकमुठी शोषकहरू फेरि पनि चल्मलाउँदैछन्। आफ्नो मतलब पूरा गर्नका निम्ति जनतालाई दिग्भ्रमित पार्न ती तत्वहरू गाउँ-घरमा आज घुम्दैछन्। यस्ता स्वार्थी र सिक्किमे हितका विरोधी तत्वहरूबाट प्रजातन्त्र र प्रजातान्त्रिक सरकारलाई बचाएर सिक्किम र सिक्किमे जनताको सरक्षा गर्नु जनता नै सचेत भएर अगाड़ि आउनुपर्छ। मैले दोह्रोर्याउनु पर्दैन कि आज संघ-संस्था, एसोसिएशनहरू बनाएर गाउँ घुम्नेहरू प्रजातन्त्रको पक्षमा, साझा हितको निम्ति काम गर्ने उद्देश्यले नभई आफ्नो मलतब र स्वार्थ पूरा गर्न मात्र तम्सिएका हुन्। म यस्ता तत्वहरूबाट होसियार रहन जनतालाई आव्हान गर्दछु।

आजको यस महत् क्षणमा म सिक्किमे जनतासँग यो पनि अनुरोध गर्न चाहन्छु कि हामी सिक्किमेहरू आफ्नो हक-अधिकार लिएर, आफ्नो उत्तरदायित्व सम्हालेर सिक्किमे भएर बाँच्नुपर्दछ। हामीले आफ्नो विशिष्ट चिन्हारीलाई कायम राखेर अघि बढ्न सक्नुपर्दछ। हामीले बिर्सनु हुन्न कि हामी र हाम्रो राज्यलाई संविधानको धारा ३७१ (एफ) - ले विशेष सुरक्षाको प्रावधान उपलब्ध गराइदिएको छ। त्यसैले बाहिरको राजनीति, बाहिरका व्यक्ति र विचारको पछि लागेर सिक्किमलाई वर्वाद गर्नेतर्फ होइन तर हाम्रो मौलिक विचार, मौलिक संस्कार र आफ्नोपन लिएर शिर खड़ा गरेर हामीले बाँच्नु परेको छ। आज हाम्रो काम टुक्रिनु र छुटिनु होइन तर सिक्किम निर्माणको प्रश्नमा एक ढिक्का भएर अघि बढ्नु हो। आज हाम्रो दायित्व सिक्किमको शान्तिलाई खल्बलाउने षड़यन्त्रमा संलग्न तागतहरूको संगठित मुकाबिला गर्नु हो, त्यस्ता तत्वहरूलाई पूर्णरूपमा परास्त गरेर सिक्किमको विकासको बाटोलाई चौड़ादार बनाउनु हो। मलाई पूर्ण विश्वास छ, सिक्किममे जनताले आफ्नो दायित्वको निर्वाह गर्नेछन् र जनताको पक्षमा उठेको एस० डी० एफ० – को कदमलाई साथ र समर्थन दिई नयाँ सिक्किम सुखी सिक्किम निर्माणको लक्ष्यतर्फ अघि बढ्न अविचल सहयोग दिनेछन्।

सरकारमा आइसकेपछि हामीले जुन रफ्तार र गतिले जनताका कामहरू गर्‍यौं, त्यो आज तपाईंहरूको अघि खुल्ला किताब झैं छन्। आज मलाई यो दावा गर्ने नैतिक हक छ भन्ने म ठान्दछु कि बीस वर्षमा नभएको काम हामीले दुइ वर्षभित्रैमा गरिसक्यौं। हाम्रै सरकारमा वर्षौंदेखि ओ० बी० सी० विरोधीहरूको सरकारले रोकिराखेको ओ० बी० सी० लागू भयो। आज नोकरी-चाकरीमा ओ० बी० सी० को निम्ति २१ प्रतिशत सीट आरक्षण गरिइएको छ। त्यसरी नै पञ्चायतमा पनि ओ० बी० सी० तथा सेड्युल्ड कास्ट र ट्राइबलको निम्ति सीट आरक्षित गरिएको छ। नारीहरूको निम्ति पनि पञ्चायतमा ३३ प्रतिशत आरक्षण तय गरिइएको छ। अब उसो सयमा तेत्तीस जना नारी/चेलीहरू पञ्चायत बन्नेछन् साथै एक जिल्लाबाट जिल्ला अध्यक्षा एवं उपाध्यक्षा बन्नेछन्। चेलीहरूलाई शिक्षा-दीक्षा र अन्यान्य क्षेत्रमा प्रोत्साहित गर्ने योजनाहरू बनाइएका छन्। सरकारले गरीब परिवारकी स्कूल जाने छोरीको नाउँमा ब्याङ्कमा नगद जम्मा गरिदिने व्यवस्था गर्नाका साथै त्यस्ता छोरीहरू ५० वर्ष पुग्दा केवल दुइवटा मात्र नानीको आमा भएमा रू० ४० हजार एकमुष्ठ रकम प्रदान गर्ने योजना बनाएको छ। नारीहरूलाई स्वनिर्भर बनाउन तथा जनसंख्या नियन्त्रण गर्नका निम्ति दश, बाह्र र स्नातक वासो सरहका परीक्षा पास गर्दैपिच्छे रू २०००/- प्रदान गर्ने योजना पनि तयार पारेको छ।

यी त एक-दुइ उदाहरणहरू मात्र हुन्। वास्तवमा हाम्रो सरकारले गरेका सबै कामहरूको फेहरिस्त एउचा वक्तव्यमा अटाउन सक्ने छैनन्। सैंकड़ौं जनमुखी कार्यक्रमहरू सरकारले तय गरी लागू गरिसकेकोछ। हाम्रो इच्छा छ, ज्यादाभन्दा ज्यादा जनताका र सिक्किमको भलाईका कामहरू गरौं। हामीलाई जनताको सचेत पहलकदमी र सहयोग चाहिएकोछ।

साझा खुशी र साझा सुखका निम्ति व्यक्तिगत स्वार्थ र मतलबहरूलाई तिलाञ्जलि दिएर अन्यायको विरूद्ध सिक्किमे जनता संगठित र आन्दोलित भएको विराट महत्व राख्ने ४ मार्चको यस दिनलाई न्यानोप्रेमी र प्रजातन्त्रप्रेमी जनताले बिर्सेर पनि भुल्नु हुँदैन। न्यायप्रेमी-प्रजातन्त्रवादी जनताले उत्तिकै भुल्नु नहुने कुरो हो, एस० डी० एफ० गठन हुँदा कबोल गरेका न्यायको पक्षधरता र अन्यायको विरोधिता। त्यही संकल्प, सपना र उद्देश्यलाई पुनः एकचोटी याद गर्दै यसचोटी पनि हामीले विपुल उत्साह लिएर ४ मार्च, १९९७ को दिनलाई प्रजान्त्र दिवसको

रूपमा पालन गरौं। अन्यायको विरूद्ध न्यायको र अन्धकारको विरूद्ध उज्यालोको विजय सुनिश्चित छ। हामीलाई त्यही विजयको पहिलो प्रमाण र पहिलो सौगात ४ मार्चको ऐतिहासिक घटनाले नै दिएको छ। हामी यसको स्पिरीटलाई कायम राख्न फेरि पनि एकजुट हुने संकल्प गरौं, प्रजातन्त्रलाई सबल र संस्थागत गर्ने आज प्रण गरौं।

## साहित्यमा तेस्रो आयामले भोगेकै नियति

## सिक्किममा प्रजातन्त्रले भोग्दैछ।

मूर्द्धन्य साहित्यकार श्री इन्द्रबहादुर राईज्यू, माननीय उप-मुख्यमन्त्री, माननीय मन्त्रीगण, आदरणीय साहित्यप्रेमी जन-समुदाय,

तपाईंहरू सबैमा मेरो हार्दिक आभिवादन छ।

हामी श्रद्धेय साहित्यकार श्री इन्द्रबहादुर राईज्यूलाई अलंकृत गर्न यो जमघट आएका छौं। मलाई शरूमै उद्‌घोषक महाशयले "आशीर्वादका दुइ-चार शब्दहरू बोलिदिने" आग्रह गरेका छन्। तर मलाई 'आशीर्वाद' शब्द नै पटक्कै मन नपर्ने शब्द भएकोले म केवल दुइ-चार शब्दहरू सुझाउन मात्र सकुँला, अर्थात, मलाई मनमा लागेका कुराहरू मात्र भन्ने धृष्टता राखुँला - आशीर्वाद नै चाहिं होइन। हामीलाई आफ्नै इतिहास समेत अरूले नै लेखिदियोस् भन्ने मनोवृतिले ग्रास गरेको छ, जुन कुनै काम गर्नुपर्दा पनि हामीलाई तानिदिने र घचेटिदिनेको खाँचो पर्ने भएको छ, त्यसैले यो 'आशीर्वाद' शब्दप्रति मलाई रोष छ, म 'आशीर्वाद' दिन सक्तिनँ। म यहाँ श्री राई र उनका साहित्यबारे केही कुरा राख्ने प्रयास यहाँ गर्नेछु।

श्री इन्द्रबहादुर राईलाई सम्मानित गरेर सिक्किम साहित्य परिषद् स्वयं सम्मानित भएको छ भन्ने मेरो विचार छ। कवि गिरी स्वयं सम्मानित भएका छन्, कारण गिरीका समकालिन एक विशिष्ट प्रतिभाले यो पुस्कार पाएका छन्।

श्री इन्द्रबहादुर राई विशाल बरको बोट झैं छन्, जसको कुन हाँगामा केले गुँढ़ लगाएको छ, त्यो थाहा पाउन गाह्रो हुन्छ। उनलाई निर्विवाद देवरालीको रूपमा धेरैले स्वीकारी सकेका छन्, तर पाती चढ़ाएर मात्र इन्द्रबहादुर राईप्रति समाजको कर्तव्य पूरा हुँदैन। यो गिरी पुरस्कार पनि इन्द्रबहादुर राई नाम भएको देउरालीमाथि चढ़ाइएको पातीभन्दा धेर केही होइन। लेखनको निम्ति सही मूल्याङ्‌कन या पुरस्कार नै उसको कृतिको पठन र अध्ययन हो। धेरैले इन्द्रबहादुर राईको शरीर प्रथम चोटी आजै देखेको हुनुपर्छ। त्यस्तै हुन्छ! उनलाई नदेखी उनको भक्त हुनेहरू पनि नेपाली संसारमा कम छैनन्। उनको रचनात्मकताले एक्लै

लिखापानी आइपुग्ने जयमाया हामीलाई दिएको छ। साधारण झैं देखिने 'हामी जस्तै मैनाकी आमा' भित्र एउटा असाधारण चरित्रको निर्माण गरेर नेपाली साहित्यको चोर बाटोलाई राष्ट्रिय राजमार्गसित जोड्ने Broad guage ट्रेनको यात्री बनाइदिएका छन्। 'विपना कतिपय' 'कथास्था' र 'आज रमिता छ' जस्ता कृतिहरूमा देखिने कंचनजंघा झैं स्रष्टा – 'नेपाली
उपन्यासका आधारहरू', 'नेपाली नाटकको अर्द्धशताब्दी', 'कठपुतलीको मन' अनि 'अर्थहरूको पछिल्तिर' झैं कृतिहरूमा विश्वस्तरका समालोचक देखा पर्छन्।

यसरी पूर्ण रूप विकसित लेखक र समालोचकको एउटा व्यक्तिभित्र शान्तिपूर्ण सहअस्तित्व देख्दा यिनी हाम्रो साहित्यका टी० एस० इलियट हुन् भन्नु मन लाग्छ। श्री राईको शारीरिक बुढ्याईलाई पुरापुरी परास्त गरेको छ उनको वैचारिक र सृजनात्मक तारूण्यले। उनका पछिल्ला कृतिहरू पाश्चात्य जगतका साहित्यिक आन्दोलनहरूको हाराहारी उभिएका छन्।

लेखक जति नै ठूलो होस् तर उसले सामाजिक सन्दर्भ गुमाउनु हुँदैन। सामाजिक सन्दर्भ गुमाएपछि उ अप्रासंगिक हुन्छ। अन्तर्राष्ट्रिय स्तरका वाद र सिद्धान्तहरू थाहा भएर पनि आफ्नो स्रष्टालाई श्री राई धेरभन्दा धेर दार्जीलिङको सुपर मार्केट र वरिपरिको इलाकाभित्रै घुमाउँछन्। उनको कल्पना उनले भोगेको यथार्थको वरिपरि नै घुम्छ। इन्द्रबहादुर राईको यो विशेषता हो, उनको महानता पनि शायद यही हो।

लेखक र समालोचक जत्तिकै ठूलो सामाजिक पक्ष पनि छ श्री राई! लेखन मात्र पर्याप्त नलाग्दा उनी सामाजिक सुधारको निम्ति राजनीतिक मञ्चनमा पनि पुग्छन् तर त्यहाँ सत्ताको राजनीतिमा लिप्त हुनु छैन उनलाई। राजनीतिलाई हैंजा सम्झेर टाढ़ै बस्ने बहुमत लेखकहरूभन्दा यसैकारण श्री राई धेरै माथि छन्। कारण समाजप्रतिको भुट्भुटी श्री राईमा विशुद्ध रूपमा छ। उनको अर्को कृति 'पहाड़ र खोलाहरू' ले सामाजिक र राजनीतिक इन्द्रबहादुर राई बुझ्नलाई सानो आँखी झ्यालको काम गर्छ।

यसैकारण श्री इन्द्रबहादुर राईलाई सम्मान गर्नु एउटा लेखक/ समालोचकलाई मात्र सम्मान गर्नु नभएर एउटा सम्पूर्ण मान्छेलाई सम्मान गर्नु हो,

मानवताको संवेदनशीलता र गरिमाको सम्मान गर्नु हो। सृजनशीलता र रचनात्मक प्रक्रियाको सम्मान हो।

समकालिन साहित्यको संदर्भमा नेपाललाई समेत हाँक दिने एउटा अद्धितीय प्रतिभा इन्द्रबहादुर राई हामी माझ छन्, यो गर्वको कुरा हो। ७० वर्षको लग लागेर पनि उनको रचनात्मकताको गतिमा कुनै अवरोध देखिंदैन। आजको यस सुखद अवसरमा समस्त सिक्किमे जनताको पक्षमा म श्री राईको दीर्घायुको कामना गर्दछु, साथै नेपाली साहित्य संसारले यहाँबाट अझ धेरै अमूल्य विधिहरूको आशा राखेको जानकारी पनि दिन चाहन्छु।

श्री इन्द्रबहादुर राईको नाम नेपाली साहित्यका कतिपय आन्दोलनहरूसित जोड़िएको छ। नेतृत्व दिएका छन् उनले। 'फूल पात पतकर' - बाट शुरू भएको तेस्रो आयामको उनी एक बलियो खाँबा हुनुहुन्छ। लम्बाई र चौड़ाइमात्र भएको साहित्यको विरूद्धमा समग्र लेख्ने अनि समग्र बाँच्ने आव्हानसित तेस्रो आयामको शंखघोष भएको थियो। यी स्रष्टाहरूको बौद्धिकताको मर्म बुझ्न सक्ने पाठक नभएरै तेस्रो आयाम फस्टाउन सकेन। स्वस्थ समालोचनाको अभावमा केवल तीव्र आलोचना र प्रतिक्रियाको तेस्रो आयाम शिकार भयो, जो नेपाली साहित्यकै दुर्भाग्य मान्नुपर्छ।

यस प्रसङ्गमा मलाई एकछिन् विषयान्तर गर्न मन लाग्यो; सो के भने श्री राईको नेतृत्वमा चलेको तेस्रो आयाम जस्तै हाम्रो नेतृत्वमा चलेको प्रजातन्त्रको दश ऐले सिक्किममा भएको छ। प्रजातन्त्रको मूल आशय र आत्मालाई सिक्किमे जनताले पनि उसरी नै बुझ्न सकिरहेका छैनन्, जसरी नेपाली साहित्यका पाठक-समालोचकहरूले तेस्रो आयायमको अन्तर्वस्तुलाई बुझ्न सकेनन्। त्यसैले आज हाम्रो तीब्र आलोचना मात्र यहाँ हुँदैछ, केवल नकारात्मक प्रतिक्रिया मात्र हुँदैछ। कत्रो दुर्भाग्य, लौ हेर्नुहोस् त!

आज साहित्यको सृजना होस् या आलोचना/समालोचना, सबै क्षेत्रमा खुल्ला सिमानाहरू छन्। ज्ञानको जुनसुकै विधा पनि निर्धक्क साहित्यमा आउ-जाउ गर्न सक्छन्। दर्शन र राजनीति, इतिहास, भूगोल, मानवशास्त्र, मनोविज्ञान र अरू विभिन्न विषयहरूको साहित्यमा रगरगी छ।

ईश्वरको प्रेरणाद्वारा मात्र साहित्य सम्भव हुन्छ भन्ने पुरानो पिढ़ीलाई छाड़ेर आज हामी आधुनिक समयमा छौं तर यो आधुनिक भन्ने अभिव्यक्ति पनि साह्रै अप्ठ्यारो छ। प्रत्येक पिढ़ीका मानिसहरूले आफूलाई आधुनिक सम्झे अनि आफ्नो समयको सृजनालाई आधुनिक सृजना! साहित्य अध्ययन र मूल्याङ्कनको प्रत्येक समयले बेग्ला-बेग्लै मापदण्ड तैयार गरेको छ।

साहित्यको सामाजिक महत्वमा प्रकाश पार्दै फ्रान्सका साहित्यकार रोलाँ बार्थले एउटा निबन्ध लेखे "The Death of the Author" यसरी लेखकको मृत्यु भएको घोषणा गर्ने बार्थले लेखकको सट्टा सृजनामा परिस्थितिको हात महत्वपूर्ण रहेको बताए। लेखक त परिस्थितिले आफूलाई अभिव्यक्त गर्न चुनेको माध्यम मात्र हो भन्ने बार्थको दलील थियो " An author is the sum total of influences around him"

'कथास्थ' मा संग्रहित कथाहरूले पनि शायद इन्द्रबहादुर राईमा दार्जीलिङ अनि नेपाली परिस्थितिले खोजेको अभिव्यक्तिको माध्यम पाएको छ। पाश्चात्य सिद्धान्त बुझ्नु एउटा कुरा हो अनि त्यसलाई मौलिक बनाई आफ्नै संदर्भमा प्रयोग गर्नु अर्को कुरा। पश्चिममा अर्को नयाँ अनि व्यापक चर्चाको विषय बन्न पुगेको सिद्धान्त पाठक प्रतिक्रिया सिद्धान्त पनि हो, जसको श्री राईले 'कठपुतलीको मन' मा सुन्दरतासित प्रयोग गरेका छन्। व्यवहारको भाषाभन्दा साहित्यको भाषा बेग्लै भएकोले व्याख्याको अनि अर्थको सम्भावना पनि असिमीत हुन्छ साहित्यमा। लेखकले जुनसुकै उद्देश्यले लेखे पनि आ-आफ्नो इच्छाको अर्थ। निकाल्न पाठकहरू स्वतन्त्र हुन्छन्! 'मैले यस्तो बुझाउन चाहेको तिमीहरूले यस्तो बुझ्नु' भन्नु पाउँदैन लेखकले। कठपुतलीको मनमा 'परालको आगो' कथाको विपठन गरी गुरूप्रसाद मैनालीले भन्दा बेग्ला विष्कर्ष श्री राईले निकालेका छन्। चामे र गौंथलीलाई 'लोग्ने स्वास्नीको झगड़ा परालको आगो' भन्ने कथन पूरा गर्न कठपुलतली झैं मैनालीले प्रयोग गरे भन्ने श्री राईको दावी छ कथामा हुँदैन! छुट्टानाम हुन्छ, आत्महत्या गर्ने अवस्थामा पुग्छ, तब मैनालीले लेखेको परालको आगो कहाँ अन्तिम सत्य हो र?

यसरी इन्द्रबहादुर राईले नौलो दृष्टिकोण दिन्छन् कथालाई कथाको शुरूमै चेतावनी दिन्छन् – 'कथा कहिल्यै नपत्याउनु, कथामा म एउटा सत्य मात्र बोल्छु' भन्छन् उनी। अर्थात् एउटा लिखित सत्य बाहिर अनगन्ती अलिगन्ती अलिखित सत्यहरू छन् भन्ने स्वीकार्छन् लेखका आफ्नो बौद्धिकतालाई तानाशाही हुन दिंदैनन्।

आधुनिक भानुभक्त र घाँसीको रोचक संवाद पनि छ जहाँ घाँसीसित वर्तमान समस्या छ। कुवा खनेर नाम नकमाउने भन्दा भानुभक्तलाई 'आ....जसलाई दरकार पर्छ उसले त्यसबेला खनिहाल्छ नि! पहिले खनेर किन अल्छे बनाउनु मानिसलाई" भन्छ घाँसी! समय सापेक्ष छ उत्तर!

लिला-लेखनमा आध्यात्मप्रतिको झुकाव पनि देखिन्छ जहाँ लेखककै शब्दमा हामी बाँच्ने खेल खेल्छौं। विनिर्माणबाट पनि लेखक प्रभावित छन् अनि त्यसलाई आफ्नो कृतिमा प्रयोग गरेका छन्। साधारण र व्यवहारको भाषाभन्दा बेग्लै हुन्छ साहित्यको भाषा। विम्ब र प्रतीकहरूको भाषा भएको कारणले साहित्यमा व्याख्याको सीमा छैन। व्यवहारको भाषामा एउटा शब्दले एउटा वस्तु बुझाउँछ यसैकारण त्यहाँ अन्योलको ठाउँ छैन तर साहित्यिक भाषामा त एउटा वस्तुको गुण अर्को वस्तुमा आरोपित भएर बेग्लै अर्थ दिने गर्छ। साधारण भाषामा कुकुर चारखुट्टे जन्तु मात्र हुन्छ तर साहित्यमा त्यो कुनै मानिसमा पाइने गुण या दोषको रूपमा प्रयोग हुन्छ।

भाषाको अर्थ दिने क्षमतामाथि विनिर्माणले शंका गर्छ। भाषा स्वयंमा अपूर्ण छ कारण यसले वस्तुको सट्टा हामीलाई वस्तुको अनुपस्थिति बताउँछ। आगो शब्दभित्र राप छैन या त वरफ शब्द चिसो हुँदैन। शब्दले हामीलाई अनुपस्थित वस्तुको खोजीमा पठाउन सक्छ तर वस्तु नै दिलाउन त सक्दैन।

यसरी भाषाले आधा अर्थ दिन्छ तर आधा अर्थ खोज्नु त हामी वस्तुको संसारनै जानु पर्छ। फेरि एउटा शब्द एउटै वस्तुसित मात्र जोड़िएको भए अर्थ सरल हुने थियो तर शब्दहरू पनि विशेष संस्कृतिसित जोड़िएर किसिम-किसिमको अर्थ दिन्छन्। कोइ बेला त शब्दले देखाउने वस्तु अनुपस्थित हुन्छ तर विशेष गुण मात्र बुझ्नु पर्छ। गंगा नदीलाई हामी गंगामाता भन्छौं तर गंगाले कुनै स्त्रीजाति बुझाउँदैन। भारतमाता पनि उस्तै स्त्री नभएर हाम्रो देश बुझ्छौं हामीले। आमाले जस्तो पालन-पोषण गरेकाले आमाको गुण देश र नदीमा आरोपित गरिएको हो। कमलको फूल अंग्रेजीमा Lotus हो तर सिद्ध पुरूषको उपस्थिति हो विष्णुको पाउ, ब्रह्मको आसन, लक्ष्मीको पाउ या कुनै पनि सिद्ध पुरूषको उपस्थिति हो। कमल यसरी भारतीय साहित्यको सन्दर्भमा साहित्यदेखि उक्लिएर आध्यात्मिक अर्थ बोकेको शब्द भयो। यसै गरी अंग्रेजीमा गुलाफको फूलले सुन्दरता, शुद्धता, कोमलता, श्रेष्ठता आदि अर्थ बोध गराउँछ। भाषालाई अर्थ दिने, व्यवहारलाई अर्थ

दिने यसैकारण शब्दभन्दा धेरै समाज हो। मरूभूमिमा मेटिएको पैंतालाको छाप जस्तो छ भाषा। पैतालाको छाप हेरेर हामी यहाँ मान्छे आएको थिएछ भन्ने मात्र थाहा पाउँछौं तर उसको अनुहारको रंग, शरीरको बनावट, उसका विचार आदि क्यै थाहा पाउनु सक्दैनौं। ‘यस्तो पो थियो होला, उस्तो पो थियो होला’ भन्ने अड्काल लगाउन चैं सक्छौं। विनिर्माणवादीहरूले यसैकारण भाषालाई शंका गरे। यसले अर्थको सट्टा अन्योलदिन्छ भने। हामी एउटा कृतिको एउटै अर्थ हुन्छ भन्ने हठ नगरौं भन्दै अरूसित अरूकै सत्य छ त्यसलाई स्वीकारौं भन्दै कठपुतलीको मनमा इन्द्रबहादुर राईले लेखे - ‘हेर त चारैतिर अन्धकार छाएछ तिम्रै मात्र उज्यालोले!’ अनि हामीले विकास गर्दैछौं, ज्ञानको क्षेत्रमा अघि बड्दैछौं भन्ने भ्रमबारे पनि श्री राईको विचार मनन्योग्य छ –

‘पानीलाई पैतालाले टेकेर भूईं हिंड़ेका छन् मानिस’ हावामा सिंड़ी लगाएर डील उक्लेका छन् मानिस

हामीले ठोस सम्झेको भूईं अर्थात् ज्ञानको आधार तरल छ अनि हामीले उन्नतिको पथमा उकालो लागेको भ्रम पनि हावामा जस्तो छ। जीवनभरी हामी एउटा भ्रमदेखि अर्को भ्रमलाई ज्ञान ठानेर यात्रा गरिरहन्छौं। लीला लेखनको दिशातिर पनि पाठकको ध्यान आकर्षण गर्न चाहेको छ।

सबैतिर आ-आफ्नो सत्य छ अनि कसैको सत्य कसैको भन्दा कमजोर या सानो छैन भन्ने बताउँदै श्री राई लेख्नछन् –

‘आएर बस भन्दा पनि उभिएरै कराउँछन् अरू सत्यहरू, सहभागिता भाग्छन् उज्याले उज्यालोको नाटकमा।

यसरी आफूले देखेको र लेखेको सत्य बाहिर एउटा विराट अलिखित सत्य छ भन्ने स्वीकार गर्नसाथ त्यहाँ शान्तिपूर्ण सह अस्तित्व र हिंसाको अन्त भइहाल्छ। इन्द्रबहादुर राईको मानवतावादी संवेदनाको जड़ विविध सिद्धान्तहरूको अध्ययन मात्र नभएर जीवनको नजीकबाट गरिएको अनुभव र सर्वेक्षणमा आधारित छ। जीवनप्रतिको अन्तरदृष्टि पाइसकेकाहरूले मात्रै त निर्धक्क भन्न सक्छन् - ‘खेलौं बाँच्ने खेल!’

श्रद्धेय इन्द्रबहादुर राईको अलङ्करण समारोहमा सिक्किमका वरिष्ठ बुद्धिजीवी, सामाजिक कार्यकर्ता तथा पत्रका बन्धुहरूको यो जमघटमा श्री राईका

साहित्यबारे यति कुराहरू होलिसकेपछि सिक्किमबारे पनि केही बोल्ने अवसर उठाउन मलाई लोभ लागेको छ। त्यसैले यो पुनीत अवसरलाई म अर्को उद्देश्यमा उपयोग गर्ने अनुमति तपाईंहरूबाट चाहन्छु।

मलाई यहाँ धेरै कुराहरू गर्नुछैन, मलाई यहाँ राजनीति पनि गर्नु छैन। म के कुरामा तपाईंहरूको ध्यानाकर्षण गर्न आज चाहन्छु भने हामी नेपालीहरूमा आज पनि स्वयंमा आत्मविश्वास जाग्न सकेको छैन, र त्यो अत्यन्त गम्भीर र चिन्तनीय विषय बन्न पुगेको छ। भारतको नागरिक बनेर पनि हामीले हाम्रो मनबाट शंका र सन्देहलाई उखेलेर फ्याँक्न अझै नसक्नु दुःख र चिन्ताको विषय हो। भारतबाट हामी लखेटिने प्रचार हुन्छ आज; तर भारतमै रहेर यहाँको प्रधानमन्त्री, राष्ट्रपति नै बन्न पाउने आफ्नो अधिकारलाई उपभोग गर्ने प्रयास र प्रयत्न भने गरिंदैन। अरू कुनै जातिले यहाँबाट लखेटिने कुरा गरेको सुनिंदैन, तर हामी नै त्यस्ता जाति भएका छौं अहिले, मानौं स्वयंलाई शंका र सन्देह नगरी हाम्रो जीवन नै छैन। हामी जे हौं, त्यो हुने चेष्टा गर्दैनौं तर जो होइनौं त्यो हुने मात्र चेष्टा हामीले गरिरहेका छौं। आफैलाई टुक्राउन किन गोर्खा र नेपालीको विवाद गरिरहनु पर्‍यो? तर त्यसैलाई हामीले वर्तमान समयको सबभन्दा ठूलो मुद्दा बनाएर हल्ला गरिरहेका छौं! आज हाम्रो सबभन्दा ठूलो अनिवार्यता यस्ता विवादहरू होइनन्, परन्तु आफ्नो इतिहास, आफ्नो गौरवगाथालाई आफ्नै हातले कलमबद्ध गर्नु हो। हामीलाई आज त्यो चाहिएको छ!

आज राष्ट्रिय धुनका स्रष्टा कप्तान रामसिंह ठकुरीको कृतित्वमाथि सन्देहको बादल ओरालिएको छ। म तपाईंहरूलाई आश्वस्त पार्न चाहन्छु कि इतिहास मेटेर मेटिन्न र म मुख्यमन्त्रीको आसनबाट त्यस विकृतिको घोर प्रतिवाद गर्दछु।

प्रसिद्ध चिन्तक एनातोनी ग्रामसीले भन्नु भएको छ, शत्रूलाई उसको सबभन्दा कमजोर पक्षमा धावा गर! यसै कुरालाई अर्को भाषामा भन्ने हो भने मित्रलाई उसको सबभन्दा सबल र असल पक्षमा सहयोग गर्नु भन्ने अर्थ लाग्छ। तर आज हामीमा हाम्रो आफ्ना सम्पति र वस्तुहरूबारे नकारात्मक धारणाहरू मात्र पाल्ने मनोवृतिले ग्रसित पारेको छ। हामीले यस्ता मनोवृतिहरूबाट स्वयंलाई मुक्त गरिहाल्नु परेको छ। विरोधको मनोभावनाको कारणले गर्दा हामीले दुइवर्ष अघि नै शुरू गर्न लागेको संस्कृत महाविद्यालय अझसम्म टाँगिएर आयो। तर अब हामी त्यस्ता नकारात्मक र

ध्वंशात्मक विचारको पर्वाह नगरी यसै वर्षदेखि संस्कृत महाविद्यालय शुरू गर्दैछौं। यो एउटा उदाहरण मात्र हो। अब हामी यसै वर्षदेखि सिक्किमको साहित्य अकादमी पनि स्थापना गर्नेछौं। यसका निम्ति आवश्यक धनको फाँटवरी निकाल्ने आदेश मैले दिइसकेको छु। हामी अब असल कुरोहरूको मात्र पर्वाह गरौंला, कमसल र नराम्रा कुराहरू टिप्दै फ्याकौंला!

# जनताको विश्वास जित्न सक्नेले चौकी ताकिरहनु पर्दैन

***चामलिङज्यू, तपाईं मुख्यमन्त्री बन्नु भयो। राज्यको सर्वोच्च कार्यपालिकाको यो पद सम्हाल्दा कस्तो अनुभव गर्नु भएको छ?***

- प्रथमतः मैले खुशी अनुभव गरेको छु। खुशी मलाई यसकारणले लागेको छ कि सिक्किमका जनता अब लाठीको डर र पैसाको लालच-दुइटै कुरोबाट उन्मुक्त भएर राजनीति गर्ने भएका छन्। गत वर्षको विधानसभा निर्वाचनको फलाफलबाटै यो कुरो साफ जाहेर भएको छ। द्वितीयतः मलाई आफ्नो जिम्मेवारी अरू धेरै बढ़ेको अनुभव हुन्छ। नयाँ कार्यक्रम र नयाँ घोषणा लिएर आएको नयाँ सरकार हुनाले पनि जिम्मेवारी बढ़ी नै आइपरेको अनुभव गर्दछु। छोटोमा भन्नु पर्दा तपाईंले भन्नु भएको कार्यपालिकाको यो सर्वोच्च पदमा आइपुगेर मलाई मेरो सपना र आकांक्षा पूरा भएको अनुभव पटक्क छैन। मलाई मेरो यात्रा भर्खर मात्र शुरू भइरहेको अनुभव भइरहेको छ।
  - ***यो चौकी चाहिं कहिदेखि ताक्नुभयो?***
- मैले भनिसकें यो चौकी मेरो अभीष्ट होइन। सिक्किम र सिक्किमेहरूको लागि मैले गर्न चाहेको काम भर्ख मात्र शुरू हुँदैछ। जब अझ अगाड़ि जानुछ भने मैले यो चौकी ताक्ने/नताक्ने भन्ने प्रश्नै उठ्दैन। मैले बारम्बार भन्दै आएको पनि छु, आवश्यक परे म पुनः सड़कमा ओर्लन तयार छु। मेरो ख्यालमा चौकी भनेको जनताको आस्थाको समुच्चय हो। जनताको माया र विश्वास जित्न सक्नेहरूले चौकी ताकिरहन पर्दैन, बरू चौकीले नै उनीहरूलाई ताक्दा हुन्!

- ***तपाईंको सरकारलाई 'खालिखुट्टे सरकार' भनेर तपाईंहरूले नै भन्दै आउनु भएको छ। तर अहिले पनि खालिखुट्टे अलपत्र नै छन् भन्ने जुन आरोप छ, तपाईं त्यसको खण्डन कसरी गर्नु हुन्छ?***

- हो, हामीले हाम्रो सरकारलाई 'खालीखुट्टे सरकार' भन्ने गरेका छौं, र भन्छौं पनि। जुन राज्यमा बहुसंख्यामा जनता गरीब छन्, खालिखुट्टे छन्, त्यहाँ खालिखुट्टेको सरकार नहुनु भनेको बहुसंख्यालाई अलपत्र पार्नु हो, र त्यसो गर्नु भनेको काम नगर्ने, रवाफ र घुर्की लगाउने सिमीत व्यक्तिहरूलाई पोस्नु हो। हाम्रो कार्यक्रम र नीतिको मूल ध्येय नै सिक्किमलाई आत्मनिर्भर र सुखी सिक्किम बनाउने हो। श्रम गर्ने, पसिना बगाउने, तथा हातमा ठेला उठाएर सिक्किमको समृद्धिमा योगदान पुर्‍याउनेहरूलाई हामी उचित सम्मान दिन चाहन्छौं, इज्जत दिन चाहन्छौं। खालिखुट्टे जनता उनीहरू नै हुन्; र उनीहरूका हात र श्रम बिना, उनीहरूका विवेक र पसिना बिना सिक्किमको विकासको कुरा परै राखिदिऊँ, शहरका थुप्रै घरहरूमा खाना पनि पाक्दैन। हामी तिनै इमान्दार र स्व-सक्षम जनताको दयनीय जीवन स्थितिलाई माथि उचाल्ने प्रयास गर्दैछौं।

जहाँसम्म हाम्रो सरकारमा खालिखुट्टे अलपत्र परेका छन् भन्ने आरोप छ, त्यो भ्रान्तिमूलक छ। सरकारले गरीबहरूको उत्थानको दिशामा काम गर्दै नै छ, औ, समय र स्थितिको सापेक्षतामा जति गरेको छ, त्यो तपाईंहरूबाट लुकेको छैन। हामी योजनावद्ध ढंगले काम गर्ने पक्षमा छौं, र काम गर्दैछौं। सिक्किममा व्याप्त गरीबीलाई एकैछिनमा अलप गरिदिने जादूको छड़ी त पवन चामलिङसँग छैन, तर कालान्तरमा सबैलाई सुख र शान्ति दिने नीति र कार्यक्रम भने यो सरकारसँग यथेष्ट छ। असारमा रोपेको धानलाई पनि मंग्सीरसम्म त पर्खनै पर्छ नि, होइन र?

- ***तपाईंले जनताको दुश्मनलाई आफ्नो पनि दुश्मन ठान्नु हुन्छ भनेको सुन्यौं। उसो जनता को हुन्? के सबै मतदाताहरू जनता होइनन् र?***

- सबै मतदाता जनता हुन् कि होइनन् भन्ने प्रश्नतिर म अहिले जान चाहन्नँ। तर यति चाहिं म किटान गरेरै भन्न चाहन्छु कि म 'जनता' भन्ने शब्दलाई विशेष अर्थमा प्रयोग गर्दछु। मेरो अर्थमा जनता तिनै हुन्, जो समग्र

सिक्किमको हितप्रति सरोकार राख्दछन्, जो इमान्दार हुनाका साथै आफ्नो विवेक, शीप र जाँगरको प्रयोग सामूहिक हितको विरूद्ध गर्दैनन्। तिनै मानिसहरू नै मेरा साथी हुन्, र तिनको दुश्मन नै मेरो दुश्मन हो। मैले भनेको र भन्न चाहेको सफा कुरा यति नै हो।

- ***तर तपाईंलाई आफ्नै विधायक र मन्त्रीहरूले पनि सहयोग गरेका छैनन् भन्छन् नी?***

- तपाईं बौद्धिककर्मीहरूले उड़न्ते कुराहरूमा बहकिएको देख्दा मलाई आश्चर्य लाग्छ। सरकारको नीति, कार्यक्रम र घोषणाहरूबारे उब्जने विवाद वा मतभेदले पो मन्त्री/विधायकहरूमा सहयोग/असहयोगको भावना उत्पन्न गराउँछ। जब हामीभित्र त्यस्तो कुनै मत भिन्नता नै छैन भने असहयोगको प्रश्नै कहाँबाट उठ्छ? जनादेशको सम्मान हाम्रा विधायक र मन्त्रीहरूले गरेका छन्, र त्यही अनुरूप सरकारलाई हर सम्भव सहयोग नै दिएका छन्, दिंदैछन्। ***सिद्धान्तहीन व्याक्तिहरू समेतलाई पार्टीमा हुलेर एस० डी० एफ० - ले आफ्नो छविमा आफै मोसो दल्यो भन्ने चर्चाको व्याख्या कसरी गर्नु हुन्छ त?***

- हेर्नोस्, हाम्रो समाजमा छुवाछुतको प्रचलन अझै पनि छ। त्यसले हामीलाई काफी कमजोर बनाइदिएको कुरा बिर्सुन हुँदैन। समाजको त्यो प्रचलन जब हामी राजनीति र पार्टीसम्म पुर्‍याउँछौं, हामी निःसन्देह कमजोर नै हुन्छौं। प्रजातान्त्रिक मूल्य, मान्यता र आस्था भएको पार्टीमा यदि कुनै व्यक्ति त्यही आस्था लिएर आउन चाहन्छ भने हामी चुकुल लाएर भित्र बसिरहन सक्दैनौं। जनताको हितमा काम गर्नु पर्‍यो, त्यो संकल्प र दृढ़ता देखाउनु पर्‍यो, हामी तिनलाई स्वागत गर्दछौं। पार्टीमा पूर्वाग्रहले प्रवेश नै निषेध गरिदिएपछि कसैको आस्था र विश्वासको परीक्षण हामीले कसरी गर्न सक्छौं र? त्यसैले पार्टीभित्र को पस्दैछ भन्नेतिर भन्दा किन र कुन उद्देश्यले भन्नेतिर चनाखो भई सोंच्न थालिए नै उचित होला भन्ने म ठान्दछु।

- ***आफ्नो पार्टीमा अनुशासनको पालन कति भएको छ जस्तो लाग्छ तपाईंलाई?***

- राम्रो प्रश्न गर्नु भयो। पार्टी अध्यक्षको नाताले मेरो ठूलो सरोकार पार्टी अनुशासनप्रति पनि हुने नै भयो। सामान्य एउटा राजनीतिक पार्टीमा हुन् अनुशासन हाम्रो पार्टी पनि छ, र त्यसको पालन भएको छ। अझ हाम्रा कार्यकर्ताहरूले उच्छृंखल र उद्दण्ड नबनेर अनुशासनको नयाँ अध्याय सिक्किमे राजनीतिमा जोड़ेका छन्। तर हाम्रो पार्टी क्रान्तिको पक्षधर भएकोले नयाँ समाजको निर्माणको लागि वैचारिक क्रान्तिको पक्षमा हामी रहेकाले हाम्रो पार्टीमा फलामे अनुशासनको सख्त जरूरत म देख्दछु। यो फलामे अनुशासन भनेको थोपेर वा लादेर आउने अनुशासन होइन, यो आफैभित्र विकास गर्नु पर्ने अनुशासन हो।
    - ***विपक्षलाई सुझाव गर्न परे तपाईं के भन्नु हुन्छ?***
- विपक्षलाई म यति नै भन्छु, Diamond cuts diamond अर्थात् फलाम काट्नलाई फलाम नै चाहिन्छ। नीति र सिद्धान्तलाई परास्त गर्न झन् राम्रो नीति र सिद्धान्तले मात्र सक्छ। त्यसलाई हल्ला र ध्वंशमूलक क्रियाकलापले परास्त गर्न खोज्नु ऐनाको घरमा बसेर बाटा हिड्नेलाई ढुंगा हान्नु मात्र हो।

## मेरो सपना

## नयाँ सिक्किम - सुखी सिक्किम!

- ***सिक्किमे राजनैतिक व्यवस्थामा धेरै दिनदेखि देखिएको जातिगत असन्तुलन यसपल्टको राजनैतिक परिवर्तनमा प्रष्ट रूपमा बाहिरिएको छ। वर्तमान व्यवस्थामा जस्तै जनप्रिय सरकार सत्तामा आए पनि केही विषेश जातिगोष्ठीहरूले चाहेको खण्डमा कुनै पनि समय सरका ढाल्ने क्षमता प्राप्त गरेको देखिन्छ। यस स्थितिमाथि तपाईंको मन्तव्य छ?***

- सिक्किममा राजाको पालोदेखि अहिलेसम्म नै केही जातिविशेषकै सरकार चलिरहेछ। राजाको समयकालमा यो प्रत्यक्ष रूपमा थियो भने अहिले प्रजातन्त्रमा यो परोक्ष रूपमा चलिरहेको छ। सिक्किमको विलयपछि प्रजातन्त्र त आयो तर मूलभूत व्यवस्थामा भने कुनै परिवर्तन आएन, साँचो गणतन्त्र आएन, प्रजाको शासन आएन। सिक्किमको निम्ति साँचो प्रजातन्त्र एउटा सपना नै बन्यो। अहिलेसम्म जनविरोधी विचारधारा भएसो यस्तो जनविरोधी शासन चलिरहनुको कारण जनताको अज्ञानता नै हो।

आफ्नो हक अनि अधिकारप्रति हाम्रा लाटासुधा जनता चेतनाशून्य छन्। त्यसैले गर्दा नेताहरूलाई पनि लट्पट्याएर खानु सुविधा भइरहेछ। यसैको फलस्वरूप केही जातहरू मिलेर सरकार खड़ा गर्ने अथवा ढाल्ने जस्ता प्रक्रियाहरू चलिरहेछन्। हालैको सरकारलाई ढालेको यसैका एउटा ज्वलन्त उदाहरण हो। जब सारा सिक्किमे मतदाताहरूलाई प्रजातान्त्रिक हक र आफ्नो जिम्मेवारीको बोध हुन्छ तब यस्ता संकीर्ण विचारधाराद्वारा शासन गर्ने प्रक्रियाको आफै अन्त हुनेछ। यस्तो जातिवादी

लहर सधैंभरि चल्दैन। यस्तो लहरलाई जसले पछ्याउँछ उनीहरूलाई नै ठूलो खति हुनेछ।

- ***आयकर तिर्नु असल नागरिको परम कर्तव्य हो भनिन्छ। आयकर तिर्ने योग्यको कमाई गर्नु तर आयकर चाहिं तिर्दिनँ भन्नु 'देशमारा' काम हो भन्नेहरू पनि छन्। आफ्नो देशप्रतिको कर्तव्य चाहिं पूरा नगर्नु तर अधिकार मात्रै दावी गर्नु कहाँसम्म युक्तिसंगत ठहर्छ?***

- सही कुरो हो। तर सिक्किमको परिप्रेक्ष्यमा आयकरको कुरा गर्दा हामीले अरू धेरै कुराहरू विचार गर्नु पर्छ। हामी विलयपछि मात्र भारतीय भएका हौं। राष्ट्रिय मूल स्रोतमा अझसम्म हाम्रा जनता बग्न सकेका छैनन्। आफ्नो राष्ट्रिय जिम्मेवारीका कुराहरू पहिले उनीहरूलाई बुझाउनु पर्छ अनि मात्र कर तिर्ने नतिर्ने कुरो गरे असल हुनेछ।

दोस्रो कुरो, भारत सरकारले नै सिक्किमलाई पहिले आयकर छूट दिएको हो। यो निर्णयको पछि निश्चय पनि कुनै आधार हुनैपर्छ। आज आएर आयकर लागेको केन्द्र सरकार वाध्य भएर मात्र हो। सरकारले कर माफ दिएको सहुलियतको नाजायज फायदा उठाएर यहाँ 'उपहार काण्ड' र 'सिग्रेट काण्ड' - द्वारा सरकारको करोड़ौं रूपियाँको कर छल्ने काम भयो। यी काण्डहरू देखेर सरकारले वाध्य भएर केन्द्रीय कर सिक्किममा लगाएको हो। त्यस्ता काण्ड गरेर रातारात करोड़पति हुनेहरूलाई जनताले पनि चिनेका छन्, सरकारले पनि चिनेको छ। ती केही मान्छेहरूको अपराधको निम्ति सारा सिक्किमे जनतालाई शास्ति दिनु कहाँसम्मको न्यायसंगत कुरो हो? त्यसैले हामी दावी गर्छौं सिक्किममा बेकानूनी काम गर्ने यी अपराधीहरूलाई पहिले पक्रेर दण्ड दिएपछि मात्र आयकर लगाउने नलगाउने कुरोको फैसला गर्नुपर्छ।

- सिक्किममा त तल्लो श्रेणीका कर्मचारीसम्मले राज्य कर तिर्नुपर्छ। आयकर लागेको खण्डमा यो कर स्वतः उठाइनेछ।

बहुसंख्यक कर्मचारीहरूको निम्ति त यो फायदाको कुरो होइन?

- हो, तल्लो तहका कर्मचारीहरूलाई फाइदा हुनेछ।

  - ***वर्तमान व्यवस्थामा भोटिया, लेप्चा अनि शेर्पाको निम्ति १३ सीट आरक्षित राखिएका छन्। भोलि लिम्बू र तामाङ जाति पनि ट्राइबल घोषित भए यो समीकरणको के होला?***

- सिक्किमे जनमानसमा विधानसभाका ३२ सीट जातो नाममा आरक्षित छन् भन्ने भ्रम फैलाइएको छ। नेताहरूले पनि जात-जातको नाममा सीट आरक्षण गर्ने फर्मुलाहरू बनाउँदैछन्।

भारतको संविधानले कुनै पनि जातविशेषलाई तोकेर आरक्षण दिन सक्तैन। यी जातहरू कुनै अधिसूचित झुण्डभित्र परेकै हुनुपर्दछ – जस्तै भोटे, लाप्चे वा शेर्पाको निम्ति अलग-अलग आरक्षण हुनसक्तैन न त कामी दमाई, सार्कीको निम्ति नै। तर उनीहरू अनुसूचित जनजाति अथवा अनुसूचित जाति भन्ने झुण्डभित्र परेकाले नै यी सहुलियतहरू पाएका हुन्। त्यसैले लिम्बूको यति सीट वा तामाङको उति सीट भन्नु हास्यास्पद कुरो ठहर्छ। हो, उनीहरू पछि 'ट्राइबल' घोषित भएमा त्यस झुण्डले पाउने समस्त सहुलियत, आरक्षण आदि पाउने छन्।

- ***बहुसंख्यक सिक्किमे नेपालीको सीट आरक्षण विषय तपाईंको दलको वर्तमान धारणा के छ? के हालैमा यस कुरोको निम्ति कुनै कदम उठाइएको छ?***

  - १९७५ सालमा सिक्किम भारतमा विलय हुनुभन्दा अनि नेपाली, भोटिया, लाप्चेको सीटको सुरक्षा थियो – त्यस समय नेपालीहरू राजाका रैती थिए - भारत सरकारले यो कुरो भुल्नु हुँदैन। तर विलयपछि राजाका वंशजहरूलाई सीटको सुरक्षा प्रदान गरियो तर रैतीले पाएनन् - यो सरासर अन्याय भयो। ८ मई १९७३ को सम्झौतामा पनि तीनै जातिको

सुरक्षाको करहार गरिएको छ अनि तीनै जातिको समान अधिकार भएको प्रमाण पनि त्यहीं मिल्छ। त्यही प्रत्याशा र आकांक्षा लिएर नै सिक्किम भारतमा विलय भएको हो, तर नेपालीप्रति अन्याय भयो। आज केन्द्र सरकारले सिक्किमे नेपालीहरूलाई '५० को सन्धिका नेपालीहरू झैं अन्यायपूर्ण व्यवहार गर्छन्। भारत सरकारले बुझ्नुपर्छ हामी मान्छे मात्र होइन तर जमीनसितै आएका हौं। केन्द्र सरकारले हामीलाई राजाको पालोदेखि पाएको विधानसभाको सीट दिएर न्याय गर्नुपर्छ। हाम्रो आगामी चुनाउ प्रचारमा यो एउटा मूल मुद्दा हुनेछ।

यस कुरोको निम्ति राष्ट्रपति, प्रधान मंत्री लगायत सम्बन्धित विभागीय मंत्रीहरूलाई याददास्त पत्र पढ़ाइसकेका छौं। मेरै नेतृत्वमा सिडेफको शिष्टमण्डलीले केन्द्र सरकारसित प्रथम चरणको वार्ता पनि गरिसकेका छौं।

- ***वर्तमान राष्ट्रिय शासक दल कंग्रेस (इ) प्रति तपाईंको कस्तो धारणा छ? यदि स्वीकृति मिलेको खण्डमा तपाईंको दल कंग्रेस (इ) मा सामेल हुनेछ***

- महात्म गान्धी र नेहरू जस्ता नेताहरूको यो पार्टी अहिले सिद्धान्तहारा बनेर बदनाम भएको छ। यो पार्टीसित इतिहास छ, धर्म निरपेक्षता छ तर नेताहरू भने राम्रा छैनन्। मान्छे त नराम्रोदेखि राम्रोतिर पो लाग्नु पर्छ। हाम्रो सिडेफ्रपार्टी कंग्रेस (इ) भन्दा धेरै राम्रो हुँदा-हुँदै हामी के भनेर कंग्रेसतिर लाग्नु? आज कंग्रेसतिर कति चाहिं सिडेफको लोकप्रियता देखेर आश्रयको निम्ति वा भ्रष्ट्रचारको आरोपदेखि बाँच्नको निम्ति कि चाहिं कंग्रेस (इ) बाट पैसा कमाउने मेलो निकाल्नको निम्ति मात्र हाम्फालेर जाँदैछन्।

- ***समस्त नेपाली जातिलाई ओबीसीमा गाभ्नुपर्छ भन्ने दावीलाई तपाई कुन आधारमा समर्थन गर्नुहुन्छ? यसो***

***भएको खण्डमा सिक्किम राज्यभित्र सबै क्षेत्रमा २७ प्रतिशत आरक्षण लागू गरिनेछ?***

- असलमा यो आरक्षण नीतिले व्यक्तिको प्रतिभालाई फस्टाउने मौका दिंदैन। जनतालाई अघि बढ़ाएर लानुको साटो आरक्षणले पछिल्तिर धकेल्छ। हामीले राष्ट्रिय स्तरमा, अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न लायकका उम्मेद्वारहरू तयार गर्न पर्ने। विधानसभामा, नोकरीमा आरक्षणले जातिलाई पंगु बनाउँछ, आश्रित बनाउँछ। मुख्यमंत्री हुँदैमा, विधायक हुँदैमा, साना-साना सहुलियत अनि आरक्षण पाउँदैमा पनि कुनै पनि जाति तब मात्र सम्पन्न बन्छ जब खुला प्रतिस्पर्द्धामा उत्रेर शासन गर्ने क्षमतामा आउँछ। मुख्यमन्त्री जोसुकै हुनसक्छन् तर आई० पी० एस०, आई० ए० एस० सबै हुनसक्तैनन्। मान्छेमा आर्थिक विकास साथै मानसिक विकास पनि गरेर यो भावना ल्याउनु पर्नेछ। यी सब कुराहरू हुँदा हुँदै पनि ओबीसी र अन्य आरक्षण माग्नुपर्ने वाध्यताले हाम्रो पछौटेपन बुझाउँछ।

सिडेफले ओबीसीको निहुँम जाति विभाजन नहोस् भनेर नै समस्त नेपाली जातिलाई नै ओबीसीमा गाभ्ने माग गरेको हो। यसो गरे नेपाली जाति फुट्दैन।

- ***सिक्किमको भविष्यको निम्ति तपाईंको सपना के छ?***

- म सिक्किमलाई एउटा नयाँ सिक्किम अनि सुखी सिक्किममा परिवर्तन गर्न चाहन्छु। परिवर्तन त अघि पनि धेरैले चाहेका हुन्। तर उनीहरूले केवल 'धनी' सिक्किम बनाउन चाहे, त्यो पनि अनैतिक मार्गहरू अप्नाएर। यसो गर्दा औंलामा गनिन सक्ने केही व्यक्तिहरू धनी पनि भए तर सामाजिक ढाँचा भने बिग्रेर गयो। भष्ट्रचार, व्याभिचार, घुसखोरी अनि कालाबजारी मात्र बढ़ेर गयो। अनि जति व्यक्तिहरू धनी भए तिनीहरू पनि सुखी हुन सकेनन् साथै सारा सिक्किमलाई पनि पीरमा डुबाए। म सिक्किममा

राजनैतिक मूल्य-स्थापित गर्न चाहन्छु। मेरो पार्टीको लक्ष्य हुनेछ एक भ्रष्टाचाररहित, आर्दश अनि पवित्र सिक्किमको निर्माण, जुन सिक्किममा प्रत्येक जातिले आफ्नो जाति गौरव, आत्मसम्मान अनि आत्मसन्तुष्टिको साथमा बाँच्न पाउनेछ। हामी करोड़पति नहोउँला तर भविष्यमा सिक्किमलाई अनाचार, दुराचार अनि भ्रष्टाचारको राज्य भनेर कसैले भन्न नसक्ने व्यवस्था कायम गर्ने मेरो अनि पार्टीको प्रयास रहनेछ। यही नै मेरो सपना।

***सिडेफ्रका सदस्यहरूद्वारा जबर्जस्ती पैसा उठाइएका अनि गुण्डागर्दीका धेरै गुनासोहरू सुन्नमा आइरहेछन् – पार्टीमा फैलिंदै गएको यो अराजकताप्रति तपाईंको मन्तव्य के छ?***

- सिडेफ्र एउटा अनुशासित पार्टी हो। यो जनताको भलाइको निम्ति, सुरक्षाको निम्ति गठन भएको पार्टी हो। तर पनि बलेको आगो ताप्नलाई कतिपय मौकावादी तत्वहरू पसेर पार्टीलाई बदनाम गर्ने यस्ता कुकर्महरू गर्छन्। यस विषयमा छानबीन गरेर हामी कड़ाभन्दा कड़ा कार्वाही गर्नेछौं। मान्छेलाई धम्क्याएर चन्दा उठाउने, हिंसात्मक कार्य गर्ने सिडेफ्रको सिद्धान्तको विरूद्धका कुराहरू हुन्।
    - ***चुनाउ मआऊ सिडेफ्रका धेरै कार्यकर्ताहरू विधायक अनि मंत्री बनिसकेका छन् अनि बर्ताव पनि त्यस्तै गर्दैछन् भन्ने धेरैको गुनासो छ- यो कुरोप्रति तपाईं सचेत हुनुहुन्छ?***
- योप्रति म पूर्ण रूपले सचेत छु। अहिले नै विधायक र मंत्री बन्ने सपना देख्नेहरू जनताको निम्ति नभएर आफ्नै निम्ति राजनीति गरिरहेका छन्। यी कार्यकर्ताहरू हाम्रो नीति र कार्यक्रमको विरूद्धमा छन्। हाम्रो पार्टी सत्ता र चौकीको निम्ति होइन तर जनताको काम गर्नको निम्ति हो भन्ने कुरो नबुझ्दा यस्तो गल्ती हुनगएको हो।

- ***राजनीतिलाई 'डर्टी गेम' भन्ने जनश्रुति छ। तपाईं भ्रष्टचारविहीन, शोषणविहीन, भाइभतिजावादविहीन समाज निर्माणको आदर्शवादी समर्थक हुनुहुन्छ। यो राजनैतिक खेलमा तपाईं कतै 'मिसफिट' त हुनुहुन्न?***

- राजनीति 'डर्टी गेम' होइन तर राजनीतिज्ञहरू भने अवश्यै 'डर्टी ' छन्। हामी सत्ता परिवर्तनमा भन्दा व्यवस्था परिवर्तनमा बढ़ी संघर्षरत् छौं। यो परिवर्तन जनताबाट होइन तर मुख्यमन्त्री अनि विधायकहरूबाट शुरू गर्नेछौं। आफू राम्रो भएर व्यवस्था राम्रो बनाउन सकिन्छ भन्ने मेरो दृढ़ विश्वास छ। आजसम्मका नेताहरू स्वयं भ्रष्टचारी भएका हुनाले नै समाजलाई राम्रो बनाउन सकेनन्। माथिबाट नै नराम्रो कुरो शुरू भएपछि तलकाहरूले त्यही अनुकरण गर्छन्। त्यसैले माथिबाट राम्रो कुरो थालेर तलकाहरूलाई त्यही अनुकरण गर्न लाउने विचार हाम्रो छ।

**अन्तर्वार्ताकार : सी० के० श्रेष्ठ**

## सामाजिक समस्याको निराकरण गर्न साहित्यकारहरू पनि सजग बन्नु पर्छ!

■ ***तपाईंको पार्टी सिक्किम डेमोक्रेटिक फ्रण्टले सरकार बनाएको दुइ वर्ष भएको छ। अहिलेसम्म के कस्तो उपलब्धि प्राप्त गरें जस्तो यहाँलाई लागेको छ?***

● हामीले जे जति उपलब्धी हासिल गरेका छौं त्यो तपाईंहरूको सामुन्ने नै छ। उपलब्धिकै बारेमा चर्चा गर्दा हामीले जनतालाई परिवर्तनको आभाष दिएका छौं। एउटा मुख्य उपलब्धि भनेको प्रजातन्त्रको बहाली हो। आज सिक्किममा सबै तहका जनता आफ्नो शान मानवका साथ निर्भय भएर बाँच्न सक्ने माहौल हामीले तयार गरेका छौं।

हामीले बजेटको सत्तरी प्रतिशत रकम गाउँ र गाउँलेको विकासमा छुट्याएका छौं। अझै पनि गरीबी उन्मूलन गर्ने प्रयासरत छौं। हामीले चाहेको विकास खाली आर्थीक विकास मात्र नभएर सम्पूर्ण विकास हो र आर्थिक, सामाजिक, मानसिक, वैचारिक आदि विभिन्न क्षेत्रमा विकासको क्रम जारी छ। सम्पूर्ण विकासको लागि आज हामी सरकारमा बसेका छौं। हामी सम्पूर्ण क्रान्ति गरिरहेका छौं। यस क्रान्तिमै हामी छौं।

■ ***तपाईंले सिक्किममा वैचारिक क्रान्तिको कुरा उठाउनु भएको छ। यो क्रान्ति अहिले कुन अवस्थामा छ?***

● वैचारिक क्रान्ति अहिले शुरूवातको अवस्थामा छ। हामीले वैचारिक क्रान्तिको शुरू मात्रै गरेका छौं र यो क्रान्ति अब गाउँमा बढ्ने छ। गाउँमा यसको विकास गर्नुपर्नेछ। समय लाग्छ। यस क्रान्तिलाई बुझ्नै मानिसलाई केही समय लाग्नेछ।

▪ ***वर्तमान सरकारप्रति असन्तुष्टिका अभिव्यक्तिहरू पनि सार्वजनिक भइरहेका छन्। जस्तो भ्रष्टचारको आरोप पन तपाईंलाई लागिरहेको छ। यसलाई कसरी लिनुभएको छ?***

● आरोप प्रत्यारोप हुनु प्रजातन्त्रमा स्वाभाविक कुरा हो। जसरी आरोप र प्रत्यारोप आज यहाँ चलिरहेको छ, त्यो आज सिक्किममा प्रजातन्त्र भएकोले नै हो। आरोप लगाए भन्दैमा त्यसमा सत्यता छ र त्यसलाई मान्नु पर्दछ भन्ने छैन। आज जति पनि सरकारमाथि भ्रष्टचारको आरोप लगाइरहेका छन्, त्यसमा सत्यता नभएर केवल मिथ्या पूर्वाग्रह मात्र छन्। यद्यपि म यो पनि भन्दिनँ कि आज हाम्रो सरकारमा भ्रष्टचार कहि पनि भएको छैन। भ्रष्टचार आज मानव जीवनको तन्तु तन्तुमा मुछिएको छ। त्यसले गर्दा भ्रष्टचारलाई निर्मूल पार्न एक दुइ सालमा सकिने कुरा होइन। हामीले भ्रष्टचार सयमा सय हुन्थ्यो भने आज भ्रष्टचार सयमा दश प्रतिशत भइरहेको छ। यो पनि भ्रष्टचार नै हो। हजारौं भ्रष्टचार भए पनि एकै रूपियाँको भ्रष्टचार भए पनि त्यो भ्रष्टचार नै हो। यति आज भ्रष्टचार बिल्कुल निर्मूलको अवस्थामा पुगेको छ।

▪ ***प्रतिपक्ष कमजोर हुँदा प्रजातन्त्र कमजोर हुन्छ र सत्तापक्ष तानाशाह बन्ने खतरा रहन्छ। आज सिक्किमको विधानसभामा प्रतिपक्ष अत्यन्त कमजोर छ। यसबाट तपाईंको सत्ता पार्टी तानाशाही बन्न सक्ने खतरा छ कि छैन?***

● यो नेतामाथि निर्भर रहन्छ। आज म आफूलाई प्रजातन्त्रको एउटा सिपाही मान्छु। त्यसले गर्दा मेरो नेतृत्वमा रहेको सरकारमा तानाशाही पवन चामलिङ अवश्य पनि बन्ने छैन। म जनताको एउटा सिपाही छु। त्यसैले उनीहरूको निम्ति काम गर्ने मेरो विचारधारा छ।

हो आज सिक्किममा प्रतिपक्षी कमजोर मात्र हैन प्रतिपक्षको भूमिका निर्वाह गर्ने नेता पनि छैनन्, पार्टी पनि छैन। जति पनि

प्रतिपक्षी पार्टीका नेता र पार्टी छन्, ती जनताका लागि नभएर सत्ताका निम्ति मात्र छन्। यदि उनीहरू जनताको लागि भएदेखि सदनमा आएर जनताका पक्षमा वकालत गर्नुपर्ने हो। यस पटकको बजेट अधिवेशनमा प्रतिपक्षका नेता श्री नरबहादुर भण्डारी सत्रभरि नै आउनु भएन। यसैबाट हामी अनुमान लगाउन सक्छौं कि आजका प्रतिपक्षीहरू जनताका लागि नभएर सत्ताको लागि मात्र छन्। सत्ताको लागि लोलुप्त छन्। जबकि राजनैतिक धर्मीहरूले, जनताको लागि राजनीति गर्नुपर्ने हुन्छ। प्रतिपक्षमा राखे भने प्रतिपक्षको भूमिका निर्वाह गर्ने, यदि जनताले प्रतिपक्षीमा पनि नराखे नेताहरू जनताको घर दैलोमा गर्ने नेताहरूको कमि सिक्किममा छ।

▪ ***त्यसो भए पहिलेकै सरकार जस्तो तानाशाही बन्ने कुरालाई यहाँले इन्कार गर्नुभएको हो?***

● पहिलेको सरकार झैं तानाशाही बन्ने कुरालाई यसकारण इन्कार गरिरहेको छु कि आज सरकारमा बसेर पनि म स्वयम् नराम्रो कुराहरूको विरोध गरिरहेको छु। जनतालाई जुन-जुन कुराले नोक्सान पुर्‍याउँछ त्यसको विरोध गरिरहेको छु। र, जनतालाई जुन कुराले फाइदा पुर्‍याउँछ त्यसको पक्षमा म काम गरिरहेको छु।

त्यसैले म स्वयम् नै पक्षको रूपमा पनि आफ्नो जिम्मेवार निर्वाह गरिरहेको छु भने विपक्षीको पनि भूमिका निर्वाह गरिरहेको छु।

▪ ***सुन्दर सिक्किम बनाउन यहाँले शुरू गर्नुभएको कार्यप्रति आफ्ना सहकर्मीहरूबाट कतिको सहयोग पाइरहनु भएको छ?***

● आफ्ना सहकर्मीहरूबाट सहयोग पाइरहेको छु। नै म आजका सरकारको नेतृत्वमा छु। सरकार चलाउनु र सरकारद्वारा जनताको सही सेवा गर्नु यी दुइटा भिन्न कुरा हुन्। सिक्किमकै सर्वांगीण विकास गर्नको लागि जनताको सेवा गर्ने, अन्यायको विरूद्धमा लड्ने र न्यायको पक्षमा अघि बढ्ने एउटा लड़ाई छ। यसको लागि भने सहयोग त्यति मिलिरहेको छैन।

- ***कारण के होला?***

- कारण यो आफ्नो आफ्नो वैचारिक कुरा हो, आ-आफ्नो सिद्धान्तको कुरा हो, इमान्दारिताका कुरा हो।

- ***अलिकति प्रसंग बद्लौं, तपाईंको विचार र व्यवहार साम्यवादी विचारबाट प्रभावित छन् भन्ने चर्चा सुनिन्छ। के यो कुरालाई तपाईं स्वीकार्नु हुन्छ?***

- म कुन चाहिं वादको खेममा पर्छु मलाई थाहा भएन। जसले जस्तो देख्छ त्यो उहाँहरूको दृष्टिको कुरा हो। म जनताको पक्षमा छु उनीहरूको पक्षमा काम गरिरहेको छु। जनताको दुश्मनहरूको विरोधमा लड़िरहेको छु। भनौं म मानवतावादको पक्षमा छु।

- ***नेपाली साहित्यमा पनि तपाईं कलम चलाउने हुनुभएकोले अहिले नेपाली साहित्यलाई कसरी मूल्यांकन गर्नुभएको छ?***

- अहिले नेपाली साहित्य जहाँसम्म आइपुगेको छ, त्यो गर्वयोग्य छ। यो यात्रालाई हामीले अझै गतिशील बनाउनुपर्छ। नेपाली साहित्यिक कर्मीहरूले आफ्नो कृतिको माध्यमबाट नेपालीहरूलाई एउटा दिशा निर्देशन गर्नुपर्दछ। र नेपालीहरूको मूल समस्या के हो? नेपाली जातिको विकासको बाधा के हो? नेपाली जाति विश्वका एक विकसित जातिको रूपमा सक्षम बन्नको लागि हामीले के के गर्नुपर्छ। यस दिशामा नेपाली साहित्यकारहरूले पनि सोचेर कलम चलाउनुपर्छ। हुन त साहित्य भनेको एउटा नारा होइन। एउटा राजनैतिक लेख होइन। तर पनि दिशा निर्देश भने गर्नुपर्छ। त्यो कुरा भइरहेको छैन।

लिला लेखन, तेस्रो आयाम जस्ता साहित्यमा नयाँ-नयाँ प्रयोगहरू आइरहेका छन्। तर त्यो प्रयोगद्वारा नेपाली समाज र जातिले के फाइदा पाइरहेको छ भन्ने मूल्यांकन हुनुपर्छ। आजसम्म नेपाली साहित्यमा धेरै हारको कथा रोदनको कविता लेखियो। तर अब नेपाली जातिका खुशीको कथा र सुखको कविता लेख्नु पर्ने स्थितिको सिर्जना पनि गरिइनु पर्‍यो।

- ***नेपाली भएको हैसियतले नेपाली जनतालाई कस्तो किसिमको सन्देश दिन चाहनुहुन्छ?***

- नेपाली जनता सधैंभरि नेपाली भएर बाँचुन्। नेपाल, बाँचेको, नेपालमा नेपाली हाँसेको हेर्न हामी चाहन्छौं। हाम्रो यही शुभकामना छ। नेपाल सबै क्षेत्रबाट सक्षम बनोस्। आत्मनिर्भर बनोस्। एसियामै वीर नेपालीको देश नेपाल ज्यादै विकसित बनोस्। नेपाललाई विकसित आत्मनिर्भर र शक्तिशाली नेपाल बनाउने जिम्मेवारी नेपालका सम्पूर्ण नेपालीको हो। नेपाललाई कसैले बनाइदिने छैन। नेपालीले बनाउनुपर्छ। त्यो एउटा अनुभूति सम्पूर्ण नेपालीले गर्नुपर्दछ। नेपालबाट विद्वान, वैज्ञानिक, राजनीतिज्ञ आदि पलायन हुनुहुँदैन। नेपालको 'म्यान पावर' नेपाल बनाउन खर्चिनु पर्छ। त्यसो भइरहेको छैन कि जस्तो शंका हामीलाई लागेको छ।

# मैले भनिसकें भूटानी शरणार्थी समस्या छिट्टै समाधान हुनुपर्छ

■ ***साहित्यिक क्षेत्रमा आउनुको पृष्ठभूमि के होला?***

● म केटाकेटी अवस्थादेखि नै लेख्थें। समाजमा विद्यमान अव्यवस्थाबाट पीड़ित भएर तड़पिंदा मैले मनलाई शान्त पार्न लेख्न थालेको हुँ। सिक्किमका वरिष्ठ साहित्यकार तुलसीराम शर्मा कश्यप को प्रेरणाले गर्दा पनि म साहित्यिक क्षेत्रमा आएको हुँ।

■ ***प्रकाशित रूपमा चाहिं कति सालदेखि देखापर्नु भयो?***

● सन् १०६७-६८ देखि नै मेरा रचनाहरू प्रकाशित हुनथालेका हुन्। लेखबाट लेख्न थाले पनि म कविता लेख्नमा बढ़ी केन्द्रित छु।

■ ***अब त मुख्यमन्त्री हुनुभयो, साहित्य लेखनमा अवरोध पुग्यो होला नि?***

● मैले मुख्यमन्त्री भएपछि नेपाली भाषा र साहित्यका लागि अझ बढ़ी काम गरेको छु। लेख्न बाहेक अन्य गतिविधिबाट मैले भाषा र साहित्यका लागि काम गरेको छु र लेखेर मात्र भाषा साहित्यको विकास भएको छ वा गरेको छु भन्न सकिन्न।

■ ***भारतको संविधानको आठौं अनुसूचिमा नेपाली भाषा अन्तर्भुक्त भएको चार वर्ष पुग्यो। चार वर्षमा खास कस्तो उन्नति भए जस्तो लाग्छ?***

● नेपाली भाषाले मान्यता पाएपछि ढुक्क भयौं तर खास फाइदा चाहिं उठाउन सकेका छैनौं। नेपाली भाषाले मान्यता पाएपछि यसबाट उठाउनु पर्ने फाइदा राजनीतिज्ञ, बुद्धिजीवीहरूले त्यति सोचे जस्तो लाग्दैन। यो विषयमा सोचेर काम गरिहाल्नुपर्छ।

■ ***सिक्किम सम्पन्न मानिन्छ, एकता देखिन्छ तर यता केही समयदेखि भाषिक र जातीयताको कुरोले सिक्किममा विभाजनको रोग देखापर्न थाल्यो भन्छन् नि?***

● यो आ-आफ्नो दृष्टिकोण हो। यसमा मलाई केही भन्नु छैन। हो, एकतामा अनेकता आयो भन्ने सुनिन्छ, पढ़िन्छ। यो भन्न पनि नपाउने स्थिति थियो। जुन जातिको भाषा थियो तिनलाई मान्यता दिंदा जाति छुट्टिन्छ भन्ने कुरो म स्वीकार्दिनँ। जातीय एकता भनेको सुरक्षाको हक र अधिकारको कुरो हो। हामीले विभाजन ल्याएको भए हामीलाई जनताले सत्तासीन बनाउँदैनथे होलान्!

■ उसो भए पत्रकारितालाई कसरी हेर्न गर्नुभएको छ?

● यहाँको पत्रकारिता पत्रकारिता जस्तो छैन, कुनै राजनीतिक गुटद्वारा यहाँको पत्रकारिता सञ्चालित भए जस्तो लाग्छ। यस्तो हुँदाहुँदै पनि हामीले विरोध गरेका छैनौं।

■ ***धेरैजसो राजनीतिज्ञहरू चुनाउ अगाड़ि निकै ठूला कुरा-गर्छन् तर पछि सबै बिर्सन्छन्? यस्तो प्रवृत्तिबाट तपाईं र तपाईंको पार्टी चाहिं कत्तिको प्रभावित छ?***

● सिक्किम प्रजातन्त्रिक मोर्चाले आफ्नो घोषणा पत्रमा (१९९४) भएका कुरा मात्र होइन अरू पनि काम गरेको छ अर्थात् सरकारले एउटा उल्लेख कुरो त के गरेको छ भने आठ सय जना मात्र भएका सुनुवार (सिक्किममा को सुनुवार भाषाले समेत मान्यता पाएको छ। सात वटा भाषाले मान्यता पाइसके।

■ ***सिक्किमको मुख्य कमजोरी के हो?***

● सिक्किमका मान्छे सिक्किमलाई माया गर्दैनन्। यहाँका जान्ने बुझ्नेहरू, बुद्धिजीवीहरू सिक्किमलाई माया गर्दैनन् अनि यहाँका बहुसंख्यक जनतासँग आफ्नो देश र समाजबारे सोच्ने फुर्सद छैन। त्यसैले यहाँ जुन गतिमा प्रगति हुनुपर्ने हो त्यति भएको छैन। मलाई लाग्छ यो समस्या अन्या देशमा पनि होला।

■ ***तपाईं एउटा साधारण गरीब परिवारमा जन्मेको मान्छे सिक्किमको मुख्यमन्त्री आउनुको कारण के होला?***

● मेरो जीवनमा नकारात्मक क्षणहरू धेरै आए तर मैले त्यसलाई सकारात्मक सोचें। त्यही कुराले मलाई यहाँसम्म ल्याइपुर्‍यायो। म

एकदमै गरीब घरमा जन्में, राम्ररी पढ्न सकिनँ। मैले कहिले पनि हरेस खाइनँ, संघर्ष नगरेको भए मेरो अस्तित्व कतै पनि हुँदैनथ्यो। मेरा पीड़ाहरू, मनमा परेका कुराहरू कविताको माध्यमबाट भन्ने गर्थें। ममा इमान्दारी थियो, त्यसमा म एकदम प्रतिबद्ध थिएँ। सन् १९८५ मा पहिलो पटक विधायक बनेपछि १५० वटा मागहरू मुख्यमन्त्री समक्ष राखें। यसबाट सबै प्रभावित भए। जुन पदमा बसे पनि सन्तुष्ट रहेर काम गर्‍यो भने सफलता पाइन्छ। त्यसैले होला दोस्रो पटक ९६ प्रतिशत मत पाएर म विधायक बनें र अन्तमा मुख्यमन्त्री भएँ।

- ***तपाईंले कहिले मुख्यमन्त्री बनुँला भनेर सोच्नुभएको थियो?***

● अहँ, सिक्किम प्रजातान्त्रिक मोर्चा सन् १९९३ मा गठन गर्दा समेत मैले मुख्यमन्त्री बन्ने कुरो सोचेको पनि थिइनँ।

- ***अब प्रसङ्ग बदलौं, भुटानी शरणार्थी समस्याबारे तपाईंको भनाई के छ?***

● भूटानी शरणार्थी समस्या समाधान हुनुपर्छ। समस्याको समाधान भुटानकै जनताबाट हुनुपर्थ्यो। प्रजातान्त्रिक प्रणालीमा जनता नै सर्वोपर हो। पलायन भएर भाग्नु नपर्ने हो उनीहरूले। आफ्नो देशको समस्या त्यहीं बसेर समाधान गर्नुपर्थ्यो। भुटानी शरणार्थीको समस्याको समाधानका लागि भारतले कदम चाल्नुपर्छ भनिसकें।

- ***तपाईं कुन आदर्श लिएर बाँच्दै हुनुहुन्छ?***

● म राजनीति र साहित्य दुवैलाई अघि बढ़ाएर मानवीय सुख र शान्तिका लागि काम गर्ने प्रयत्नमा छु। सेवा र समर्पण नै म आफ्नो जीवनको आदर्श ठान्दछु।